दायित्व

(साहित्यिक मासिक)

वर्ष १३ | पुस/माघ/फागुन-संयुक्ताङ्क २०५६ | पूर्णाङ्क-३६

प्रधान सम्पादक/ प्रकाशक
रामप्रसाद पन्त
फोन. ४८६४७६

व्यवस्थापक
लक्ष्मी पन्त
फोन. ४८६४२७

सम्पादन सल्लाहकार
ठाकुरप्रसाद शर्मा
फोन. ४८३४२६

प्रतिनिधि
केशवराज पन्त
ऋषिराम डाँगी

सहयोग मण्डुली
विष्णु ज्ञवाली
विनोद ढुंगेल
कमल ज्ञवाली
मुकुन्द शर्मा
यादव भट्टराई

आवरण सज्जा
सोम सानु

कार्यालय
घ २-३०२ चावहिल-७ काठमाडौं
फोन नं. ४७४९८३
पो.ब.नं ६७६६, काठमाडौं

सहयोग
संस्थागत: रु. ५० -
व्यक्तिगत: रु. १५ -

विशेष सल्लाहकार
डा. तुलसी भट्टराई

विषय-क्रम

कथा/लघुकथा

संरक्षण	१२	रेवती राजभण्डारी
स्मृतिमा अल्झिएका अन्तर्द्वन्द्वहरू	१८	पुष्पलता आचार्य
बोक्सी	२७	दीनवन्धु शर्मा
मुग्लान	३५	टीकाराम खतिवडा
फेरि एउटा अर्को मृगतृष्णा	३६	प्रमोद स्नेही
मौनता	३७	कृष्णप्रसाद ढकाल
मान्छे र बांदर	३८	प्रयाश सौरभ श्रेष्ठ
कथनी र करनी	४१	ऋषिराम डाँगी
पतीता सती	४२	कृष्णवहादुर कुंवर
मिलापत्र	४४	रामविक्रम थापा

संस्मरण यात्रासंस्मरण

मेरो वाल्यस्मृति	२	पूर्णप्रकाश नेपाल 'यात्री'
डोल्पावासीको आस्थाकेन्द्र	२१	कृष्णप्रसाद वस्याल

समीक्षा/समालोचना

व्यक्तित्व र कृतित्वका रूपमा	५	चूडामणि रेग्मी
साहित्य सेवा र समाज सेवामा	७	अर्जुन विरक्ति
दिशाहीन यात्राका हरफहरू	१०	डा. दामोदर ढकाल
सन्दर्भ: जीवनका सन्दर्भ	३१	पशुपति नेउपाने 'निराश'
छुटेका कविता भित्र	३९	गोपी मापकोटा
'मन रोइरहेछ' माथि	४७	गोकुलप्रसाद ढकाल

कला-सँस्कृति अनुसन्धान

नेपाली कलाको संरक्षण कसरी	४	कुलमान सिंह भण्डारी
सेन ओली र ओलीका कुरा	९	प्रा. दुर्गाप्रसाद अर्याल

कविता गजल गीत

पं.सोमनाथ उपाध्याय घिमिरे 'व्याम'-१ मनरूप नेप्च्युन-६ उत्तमकृष्ण मजगैयाँ-८ रामवावु सुवेदी-१४ चन्द्रबहादुर क्षेत्री-१६ रमेशजङ्ग सिजापति-१७ रामहरि ढुगाना-१७ विवश पोखरेल-१७ छायादत्त न्यौपाने 'वगर'-१७ चेङ्ग श्रेष्ठ-२० नारायण गोदारे-२० ध्रुव रहम-२० यदुनाथ वन्जारा 'चिन्तक'-२० राजेश्वर रेग्मी-२६ सगुन बस्नेत-३० केदारप्रसाद सुवेदी-३० सविनकृष्ण उप्रेती-३० अमर त्यागी-३० इन्द्रकुमार श्रेष्ठ 'सरित्'-३५

अन्य विविध

भेटघाट कृष्णप्रधानसँग-१५ कृति परिक्रमा-४५ तथा विचार मन्थन आदि ।

कम्प्युटर: पवन श्रेष्ठी (कम्प्यूटर सलुसन) चावहिल, फोन नं. ४८६४३३ (घर)

मुद्रक: अल प्रिन्टिङ्ग प्रेश, चावहिल, कठमाण्डौ । फोन नं. ४७४१०५

सम्पादकीय

- रचना प्रकाशनको अवसर प्राप्त गर्न नसकेका प्रतिभाशाली नवागन्तुक कवि, लेखकहरूलाई प्रकाशनको अवसर दिनु दायित्वको पहिलो धर्म हो, त्यसै मान्यता अनुरूप दायित्वको शुरूआत भएको हो । यस कुरालाई हामीले प्रथम अङ्कमा नै उल्लेख गरेका थियौं र त्यस परम्परालाई कायम राख्न दायित्व परिवार अद्यापि सजग र सचेत छ ।

- विशिष्ट साहित्यकारहरूको बेग्लै स्थान छ । उहाँहरूलाई हामीले सम्मानजनक स्थान दिनुपर्छ भन्ने मान्यता छ, किनकि ती विशिष्ट साधकहरू हाम्रा प्रेरकतत्त्वको रूपमा रहेका छन्/मार्गदर्शकको रूपमा रहेका छन् । त्यसैले गताङ्कमा अग्रज साहित्यकारहरूको सम्मानस्वरूप *'विशिष्ट साहित्यकार विशेषाङ्क'* प्रकाशित गरेर उहाँहरूको कदर एवं सम्मान गर्ने सत्प्रयास हामीबाट भयो ।

- 'दायित्व'ले जुन कुराको संकल्प गर्छ त्यो काम गरेरै छाड्छ र इमान्दारीपूर्वक । यो हाम्रो अहङ्कार होइन स्वाभिमान बोलेको हो । पूर्णाङ्क ३५ अर्थात् विशिष्ट साहित्यकार विशेषाङ्क यसको प्रत्यक्ष उदाहरण हो । निजीस्तरबाट भएको यस उपलब्धिलाई रेडियो नेपाल, नेपाल टेलिभिजन तथा गोरखापत्र, कान्तिपुर, नेपाल समाचारपत्र, हिमालय टायम्स, घटना र विचार, बुधवार, करेन्ट,खबरपत्रिका लगायत दर्जनौं पत्र-पत्रिकाहरूले टीका-टिप्पणी गरेर दायित्वको आँटलाई मुक्तकण्ठले प्रशंसा गरेका छन् । यी सबै संचारमाध्यमहरूबाट दायित्वको मूल्याङ्कन गरिएकोमा ती संचारमाध्यम, संचारकर्मी र लेखकहरूमा हामी हृदयतः साधुवाद टक्याउँछौं ।

- आज नेपाली साहित्यको चिन्तन र उत्थानमा सरकारी तन्त्र वा सम्बन्धित संस्थाहरू मौन रहेकोमा साहित्यजगतको आक्रोश बढेकोछ । अन्य समाचारमूलक पत्रिकाहरू जस्तो आक्रामक नभएको कारण हेपालु प्रवृत्ति बढेको हो कि भन्ने चर्चा पनि यत्रतत्र भइरहेको छ । वास्तवमा साहित्यले बवण्डरको रूप लिएर आयो भने त्यसले समाजमा कति ठूलो तहल्का मच्चाउन सक्छ भन्ने सोचाई नभएकाहरूबाट साहित्यको गतिमा अवरोध ल्याउने दुस्प्रयास भएको छ । तर साहित्य समाजको सम्वाहक हो, साहित्यले कति देशको राजनीतिमा उथलपुथल ल्याएको छ भन्ने चेत भएमा देश र समाजको गति यस्तो रहने छैन । यस कुरालाई आफ्नो राष्ट्र र सँस्कृतिप्रति गर्वगर्ने सबैले बुझ्नु पर्छ । यसो भएमा हामी कहिल्यै संकुचित मनस्थितिमा बाँच्नु पर्दैन ।

- हामी अर्थका धनी नभएपनि मनका धनी, साहित्य सँस्कृति र कलाको धनी छौं । हामीले आफ्नो पनर्प्रति गर्व गर्नुपर्छ । आफू र आफ्नो देशको पहिचान हामी आफैले गराउन सक्नु पर्छ । विदेशी सँस्कृतिको नक्कल नगरेर आफ्नो प्राच्य सँस्कृतिको गहन अनुसन्धान गरी त्यसको उपलब्धिप्रति गौरव गर्नुपर्छ । तब मात्र हामी हामी हुन सक्छौं, नेपाली नेपाली भएर आत्मसम्मानसाथ बाँच्न सक्छौं ।

कविता

राष्ट्रज्ञान

स्व. पं. सोमनाथ उपाध्याय घिमिरे 'व्यास'

(गताङ्कको क्रमशः)

भिक्षाशिनो दण्डनीया विहायाऽऽत्म विचारिणः ।
यद्दम्भिनो बुद्धिमतो राष्ट्र सेवा परायणान् ॥
बुद्धिमान् राष्ट्रका सेवक बाहेक पेट पालुवा ।
लाई भिक्षा लिने काम निषेध गर्नु राष्ट्रमा ॥

॥१३॥

नानावेषाःशुद्धहृदो राष्ट्रिया राष्ट्र शिक्षिताः ।
चाराः सर्वत्र संस्थाप्या अभृत्या राष्ट्रियैः शुभाः ॥
गुप्त वेप बनाएर सर्वत्र चर राखनू ।
विद्या पढेका हुन् चार इमानदार छाननू ॥

॥१४॥

विविधा योजना यत्नात् शीघ्र सन्देश हारिणी ।
नैक यन्त्राऽऽविष्करणैरप्रमत्तैस्तु राष्ट्रियैः ॥
राष्ट्रमा हुन्छ सम्पूर्ण कार्य चाँडो सबै सुनुन् ।
नयाँयन्त्र वनाएर नेता मत्त कवै नहुन् ॥

॥१५॥

पन्थानःसुगमाःकार्या निर्भया दृढसेतवः ।
जलस्थलाकाशगानि यानानि विविधानि च ॥
पक्का सुगमका वाटा पुल पक्का सबैतिर ।
स्थल आकाश पानीका यान राष्ट्र हुने स्थिर ॥

॥१६॥

प्रतिग्रामं पशुचरा भूमिकार्या वने तथा ।
व्यायामशाला, कासाराःकुल्याः कूपाश्च वाटिकाः ॥
गौचरन वन व्यायाम कुला तलाउ कूपको ।
ग्रामै पिछे बन्नुपर्छ यो नीति हुन्छ राष्ट्रको ॥

॥१७॥

राष्ट्रियाःशासकाःस्थाप्या धर्मार्थ ज्ञानकोविदाः ।
दयालवो लोभहीनानूनं राष्ट्र हितैषिभिः ॥
धर्मार्थज्ञानी निर्लोभी दया दक्ष प्रजाहित ।
राष्ट्रका कर्मचारीले हुन्छ यो राष्ट्रमा हित ॥

॥१८॥

राष्ट्र सञ्चालकान् राष्ट्र ज्ञानिनो दूरदर्शिनः ।
राष्ट्रयोग क्षेम चिन्ता कुशलास्तत्त्व दर्शिनः ॥
भविष्यको ख्याल गर्ने सन्चालक सभा वनोस् ।
आम्दानी खर्च कस्तो छ विचार उसले गरोस् ॥

॥१९॥

नियमानां निधानाय राष्ट्रोन्नति विधायिनाम् ।
राष्ट्रिया विनियुञ्जीरन् उपधाभिः परीक्षितान् ॥
विधान लागु गरने राष्ट्रोन्नति गराउने ।
परीक्षा गरी सर्वत्र कर्मचारी बढाउने ॥

॥२०॥

निर्भान्ति यत्र नियमा नाढ्या विषम दर्शिनः ।
पीडित श्वासदग्धं तद्राष्ट्रमाशु प्रणश्यति ॥
अज्ञानिले बताएका विधान नियमादिले ।
प्रजा पीडित भै राष्ट्रै नाश हुन्छ अमेलले ॥

॥२१॥

नहीयते तथा राष्ट्रं शासके सत्य राष्ट्रिये ।
अराष्ट्रिये सति यथा नियमानां विधातरि ॥
जहाँ नियम सच्चा छ राष्ट्र नाशिन्न सम्झनू ।
अराष्ट्रिय भए नेता स्वयं नाश हुँदै रहुन् ॥

॥२२॥

ये मानयन्ति नियमा नराष्ट्रिय कृतान् किल ।
दुर्भगास्ते नाशयन्ति राष्ट्रमाशु कुबुद्धयः ॥
अराष्ट्रिय मूर्खद्वारा वनेका नियमादिको ।
मान्यता गर्दछ भने चाँडै नाशिन्छ राष्ट्र त्यो ॥

॥२३॥

उत्कोच ग्राहिणो राष्ट्र द्रोहिणो व्यसने रताः ।
अराष्ट्रियाश्त्र भवितुं नार्हन्ति किल शासकाः ॥
घूसखाने, द्रोह गर्ने व्यसनी राष्ट्र नायक ।
अराष्ट्रिय भनी जान तिनै हुन् राष्ट्र घातक ॥

॥२४॥

(क्रमशः आगामी अङ्कमा)

संस्मरण

मेरो बाल्यस्मृति

पूर्णप्रकाश नेपाल 'यात्री'

मेरो बाल्यस्मृतिको एक क्षण यस्तो छ– जसले ममा प्रदान गर्ने दूरानुभूतिका सिर्जनात्मक आनन्दभन्दा प्राविधिक तथा शस्त्रजीवी क्षेत्रका पाठकको हृदयमा केही आनन्द प्रदान गर्न वा एक मुठी खुसी छर्न सक्लान् । यो घटना हो भारतीय स्वतन्त्रता आन्दोलनले सफलता पाएपछिको ।

शायद, भारतीय आकाशका टुक्राटाक्री बादल पूर्णरूपमा हटिसकेका थिएनन् । आन्दोलनमा भोग्नु परेका भारतीय जनमानसका पीडा, राष्ट्रिय विखण्डनका पीडा, घाउ चोट निको भइनसकेका आन्तरिक पीडा; गोवा, कश्मीर, नेपाल, सिक्किम, भूटान र बर्मा जस्ता छरछिमेकीका आसन्न अस्मिताजनित पीडा निदानका प्रतीक्षामा थिए ।

सूर्योदयपछिका कलिला पुल्पुल्याहटमा लाडिदै गरेका बालकिरणको अवस्था थियो जनगणतान्त्रिक भारतीय सम्प्रभुताको । अथवा भरखरै चल्ला प्रकट गराइएकामा सुखद आनन्द मनाउन उत्सुक पोथीको एउटा पखेटा चीलका आक्रमणले कटक्क काटिंदाको अवस्था थियो सद्य स्वाधीन भारतको ।

तत्कालीन नेपालको अवस्था भिन्न थियो–निर्माताले बनाईदिएको नौतले बाउन्न ढोकाको घरका छेउछाउका धेरै कोठा दाउमा हारेर आधा चर्किएका थोरै कोठामा अट्टाएर मस्त घुरिरहेको थियो । मानौं जुवामा सर्वस्व हारेर बाल्ल टोलाई बसेको जुवाडेजस्तो । अथवा आफू बाँचे अरू मरे पो के भयो ? भन्ने गलत सोचाइका सिकारमा पारिएका मातृभूमिका एक थरी सन्तान र चलचित्रका बन्जाराको मनोदशा भोग्न विवश भोका-नाङ्गा जनताको दुर्दशामाथि आनन्द मनाई आएका ब्वाँसाको होली खेलाइमा खोपाका देउताको मुख हेरेर बाँचेकी आमाका अवस्थामा ।

यस्ता अन्तर्द्वन्द्वका बीच आसन्न बीस वर्षका भतिजा ऋषीकेश नेपालसँग मेरा चौध बसन्तले देउनियाँ चिया बगानमा लुकामारी खेल्दथे । यदाकदा माटिगडा र महानदीका मैदानमा फुटबल खेलका गोलाकार परिवृत्तको सहभागिता रोज्दथे । त्यसबेलाका कलकत्ताका हिन्दू-मुस्लिम दङ्गाको बीभत्स दृश्य नोवाखालीको निर्मम हत्या तथा पार्वतीपुरको हिन्दू-अस्मिताको लुटपाटजस्ता ताजा समाचारहरू बोकेर आएका संवाददाताहरू नवपर्यावरणमा मुस्कुराइरहेकी आसन्न षोडशी सिलिगुडीकी परीसँग संवाद-परिसंवाद गर्दथे । यस परिप्रसङ्गको केही अंश पूर्वप्रकाशित 'दायित्व' पत्रिकाका कुनै अङ्कमा आइसकेको यथार्थ प्रायः विदित छ । आज यस अंशमा तिनै स्मृतिका केही क्षणलाई मूर्त रूप दिन लागेको छु ।

त्यतिखेरका महत्त्वपूर्ण क्षणमाथि ख्याल गर्दा झट्ट सम्झना आउँछ–उत्तरपूर्वी सीमान्त रेल्वेको पार्वतीपुर मार्ग मुस्लिम आक्रमणमा ध्वस्त भएपछि भखरै सारिएको ठाकुरगञ्ज बाग्राकोट छोटी लाइन भएर आउने भोकानाङ्गा हिन्दू नागरिकको दयनीय दुर्दशा देखेर मर्माहत बनेका सिलिगुढीका छातीमा के हिन्दू, के बङ्गाली, के नेपाली ! सबैका आँसुले शुष्क आर्द्र स्वागत गर्दथे र यथासम्भव पारिवारिक न्यानोपन प्रदान गर्दथे । यसमा मेरो कुनै परिकल्पनाका तार-झङ्कारहरू भर्ने र अरू प्रकारका फूलबुट्टा भर्ने काम भएको छैन ।

अब यस शीर्षकको गौडो खोल्न चाहन्छु । दिन यकिनसँग भन्न नसके तापनि यहाँ व्यक्त गर्न खोजेको घटना विदाबादी हुँदै गरेका वसन्तभित्रको जस्तो लाग्दछ, किनभने चिया बगानमा जमेर हुर्केका कटहरका बोटहरू आफ्ना कलिला फलमा सुशोभित बनेर लटरम्म र झरिझम्म दुवै दृश्यले हाम्रा चञ्चल नेत्रहरूलाई सुन्दर तथा आकर्षण प्रदान गरिरहेका थिए । त्यसबेला हामीहरूलाई कलिला-कलिला कटहरहरूको तरकारी आनन्दसँग खाँदाको दुष्परिणाम के हुन्छ तत्सम्बन्धमा कुनै ज्ञान थिएन ।

एकदिन बाबुलाल खड्काले भने– 'कलिला कटहरको तरकारी खान मन पराउनुहुन्छ भने देउनियाँको कटहर अन्यत्रको भन्दा विशेष स्वादिलो हुन्छ । तपाईंहरू

देउनियाँ आउनुहोस् । एक/दुई रात मेरामा वसौंला पनि र चाहिएजति कटहर लिएर आउनुहोला ।' खड्काका निमन्त्रणाले हमीलाई देउनियाँ जान प्रेरित गरायो । आखिर देउनियाँ हाम्रा लागि नितान्त अपरिचित भने थिएन । निकै प्रसन्न भएर तुरुन्तै हामी त्यहाँ पुग्यौं । खड्काजीकहाँ पुगेपछि हाम्रो पहिलो काम रह्यो-भातभान्सा पकाएर खाने, त्यसपछि अरू कुरा गर्ने । हामीले भात खाइसक्दानसक्दै एउटा हल्लाले सन्सनी मच्चायो 'सन्यासी मठको तेह्र नम्बर प्लटमा बाघले गाई मारेछ, गए रातिको कुरा हो । आज त्यो बाघ गाई खान आउँछ भन्ने भनाइ सिकारीको छ । सिकारी हुन् दीलिप मुखर्जी । नजिकै अग्ला रूखमा एक सयजति मानिस अटाउने चाङ हालिएको छ । सिकारीका लागि छुट्टै रुखमा अर्को चाङ छ हेर्न मन भए जाऊँ ।'

खड्का र अरू केही साथीहरू मिलेर त्यता लाग्यौं । त्यस दिन कटहर टिप्ने काम गरिएन । चाङमा पुगेर वसेपछि बाघ आउने अन्दाजी समयभन्दा पहिला आपसमा एउटा गफ भयो, 'आज यहाँ हिन्दू गाई खान मुसलमान वाघ आउँछ रे !' यस भनाइले एकपटक हाँसोको फोहोरा छुट्यो । त्यसले सिकारीका सहयोगीहरूलाई जाग्ने मौका दियो । उनीहरूका जगाइको आशय बुझिन्थ्यो– आउनै लागेको बाघलाई तिमीहरूले हाँसेर भगाइदियौं । यस्ता आशय बुझेपछि झन्डै एक घण्टा जति हामीले कुनै गफ गरेनौं, कुनै आवाज निकालेनौं – गोलीले बाघ मर्दै गरेको रमिता हेर्ने उत्सुकताले निदाएनौं पनि । सिकारी वेस्सरी जान्ने सिपालु रहेछन् भन्ने पऱ्यो ।

रातको एघार बजेतिर सिकारीका चाङबाट गोली चल्यो । गाई पछारिएका ठाउँमा जोडको धक्कासहित हाम्रो चाङ पनि हल्लाउने गरी शब्दको चीत्कार सुनियो । त्यसका दुई चार मिनेटपछि सिकारीले बङ्गलाभाषामा झपार्दै हामीलाई सुनाए, 'बुद्दूहरू हतारिएर भुइँमा नझर, गोली लागेको बाघले झम्टिन सक्छ ।' यस्तो सुनेपछि त्यसै पनि हाम्रो सातोपुत्लो उड्यो । बाघ मरिहाल्यो अब किन चूप लाग्ने भनेर वगान सर्दार चटर्जीले भने । 'सिकारी सिपालु रहेछ, एकै गोलीमा बाघ ठहरै पारे । गोली पनि ताजा निकै गतिलो रहेछ – आवाजले यसरी थर्कायो ।'

केही समयपछि सिकारीको फूर्तिलो आवाज सुनियो, 'बुद्दूहरू ! हामीजस्ताको गोली लागेपछि जावो बाघ के जिउँदो रहन्थ्यो ? मरेको बाघ हेर्न तल उत्र ।' त्यो कुरा सुनेपछि वगान सर्दारले पालैपालो चाङबाट उत्रन सल्लाह दिए । लाइट बत्ती उनका हातमा थियो । यता अँधेरी रात हुनाले चियाका वुटाभित्र बाटो देखिदैनथ्यो । त्यसकारण बगान सर्दार नउत्रिएसम्म हामी सबै त्यहीं उभिइरह्यौं । उनी उत्रिएपछि उनैसँगै लाम लागेर सिकारी भएतिर लाग्यौं । हामी पुग्दा उसको फूर्ति भुइँमा न भाँडामा थियो । बन्दुकको कुन्जा भुइँमा राखेर, छाती फुलाएर मेरो करामत देख भन्दै गर्जियो अनि उसैलाई अघि लगाएर तथाकथित बाघ मरेका थलामा पुग्यौं । त्यहाँ पुगेर वाघ हेर्न उत्सुक आँखाले जस्तो दृश्य देखे त्यसको अलिकति शब्दचित्र हेरौं – चारखुट्टा पसारेर लडेको गाईको पछिल्तिरबाट एउटा गिद्धले भुँडी खोतलेछ । कतिबेला आएको थियो त्यो गिद्ध ? त्यसले कलिलो मासु खाउन्जेल चर्को आवाज ननिस्कनु स्वभाविक थियो । जसले गर्दा सिकारीका कानले शब्द गोचर गर्न सकेनन् । कलिलो मासु खाइसकेर कडा मासु लुछ्न थालेपछि निस्कने चर्को आवाजले सिकारीलाई आकर्षित गऱ्यो । आफूलाई शब्दभेदी सिकारी सिद्ध गराउन शब्दभेदी निशाना बनाएछ । छाडेका गोलीले निशानामा परेको गिद्धको ज्यान छरपस्ट पारेर मृत गाईको खालि पेटमा ठोक्किएर बञ्चिंदा त्यो चर्को आवाज निस्किएको रहेछ– जुन आवाजले सिकारीका मनमा म वीर सिपालु सिकारी हुँ भन्ने भ्रान्ति पैदा गराएका थियो । त्यसबेला उसले बारम्बार प्रयोग गरेको बुद्दू शब्दको तार हामी भयौं कि ऊ, हेर्न लायक दृश्य थियो ।

यसको निष्कर्ष के हो भने त्यस दृश्यलाई आज क्षणमा वादल क्षणमा घामको परिदृश्यमात्र होइन अज्ञात शब्दभेदनको भ्रमात्मक सोचाइ र शस्त्रजीवीको अल्पज्ञता कति दुर्बल हुँदो रहेछ भन्ने मेरा बालमस्तिष्कले जस्तो स्मृतिपट निर्माण गरेको थियो । त्यसलाई आज पनि जस्ताको तस्तै लिएको छु । शायद, तिनै ऊर्जाले तत्कालीन सिलिगुढीमा आसन्न सर्वाङ्गीण विकासका लागि मुस्कुराई बटेको वसुधैवकुटुम्बकम् जस्तो समन्वयात्मक समानता वर्तमान सिलिगुढीबाट पनि पाइएला कि भन्ने असीम आशा राख्न सकिन्छ ।

- - -

नेपाली कलाको संरक्षण कसरी ?

कुलमान सिंह भण्डारी

नेपाली कलाको प्रशंसा गर्ने मान्छेहरू प्रशस्तै छन् । नेपाली पनि छन्, विदेशी पनि छन् । जति तारिफ गरे पनि थाक्दैनन् । यो कला बेजोडको र अद्वितीय नै छ । पहिलेका सामन्तहरूले जोडतोड गरेर आफ्नो क्षेत्र र राज्यकालमा बनाएका हुन् । यी सिपालु कलाकारहरूलाई ठूलो सम्मान र इज्जत गरेर हौसलादार जाँगरिला र दक्ष हुन ठूलो सघाउ पुऱ्याएका थिए । सुन्दर अनुहारका देवी-देवताहरूलाई समय अनुसारका आभूषणहरूले सुसज्जित गराई समय-समयमा बनाएका थिए । ती अनेक देवताहरूलाई अवस्थित गर्न अनेक बान्कि र छाँटपरेका शैलीमा देवलहरू कलात्मक किसिमका बुट्टाहरूले सजधज गराइयो । प्राकृतिक भूकम्पका ठूलठूला धक्काहरूले पनि हतपती नढल्ने सोच राखी प्राविधिक किसिमबाट पनि बलियो बनोटको ताना-बाना र नस-चुकुलको प्रयोग समेत गरी बनेका थिए । यस्ता खालका देवलहरू ठूलठूला भूकम्पले हल्लाउँदा पनि भत्किएका थिएनन् । वि.सं. १९९० सालको ठूलो भूकम्पभन्दा पहिलेका र त्यो भन्दा पहिलेका पनि होलान् । त्यसबेलाका विकसित इन्जिनियरिङ्लाई जीवित राख्नु पनि अहिलेका मान्छेहरूको कर्तव्य हुन आउँछ ।

यसरी सम्पूर्ण नेपाली कलालाई जोगाई जीवित राख्नु पर्नेलाई अहिले राख्न मुस्किल परिराखेको छ । पानी चुहिएर छानाका काठहरू मक्किएका छन् । घाम र धुलोले पनि काठ मक्किएका छन् । चोरिएर देवताहरू र राम्रा राम्रा बुट्टाहरू हराएका छन् । जोगाउनै पर्ने अति विशिष्ट कलाकारिताका नमुना हराएका छन् । दुर्लभ कलालाई जोगाउनु भनेको नेपालको गौरवलाई जोगाउनु हो । जति पुरानो कला जोगाउन सक्यो त्यतिनै हाम्रो कलाको जग मजबुत मानिन पर्ने मात्र होइन स्वत:मजबुत भएको हुनेछ ।

अहिलेको अत्यन्त आवश्यक काम भनेको वारिसवाला देवल, बेवारिसे देवल र सङ्गठित सम्भ्रान्तवालाहरूको गुठीबाट सन्चालित देवता र देवलहरू समेतको जिर्णोद्धार हुनु पर्ने अवस्थाको रेखदेख गर्ने निकायको खाँचो छ ।

नेपालका यस्ता कलात्मक देवलहरू जिर्णोद्धार हुँदै आएका छन् । भैरहेका छन् अहिले पनि । हुनुपर्ने अवस्थामा पुगेका देवलहरू पनि थुप्रै छन् । यदि बेलैमा जिर्णोद्धार भएनन् भने त्यस्ता महत्त्वपूर्ण देवलहरू सदाका लागि बिलाएर जानेछन् । कुनै यस्ता संस्थाका वा सङ्गठित गुठीका मातहतमा भएका कलात्मक देवलका संस्थाका सदस्यलाई विदेशी दाताले –'तपाईंको यो देवल मर्मत गर्नु पर्ने आवश्यकता देखिन्छ, तपाईं चाहनुहुन्छ भने हामी राम्ररी चित्तबुझ्दो मर्मत गरी बनाइदिन्छौं, दुई वर्ष भित्रमा तयार पारेर तपाईंको जिम्मामा दिन्छौं' भन्दा पनि धन्यवाद ! हामी हाम्रो गुठीको यो देवल आफै बनाउँछौं, बाजे बराजुले यत्रो ठूलो देवल बनाउन सके भने हामी नाति-पनातिहरूले मर्मत गर्न पनि अरूको गुहार लिनु भनेको लाजमर्दो कामकुराहो भनेर जवाफ दिएका छन् । यो टाढाको कुरा होइन– पाटनको सुनको देवलको हो । यो हिरण्यवर्ण महाविहार (नाम चलेको गोल्डेन टेम्पल)को व्यवस्थित र सङ्गठित गुठी भएकोले आवश्यक समयमा आफैंले जिर्णोद्धार गर्न सकिने बताउने गर्नुहुन्छ । यो तरिका नेपालका सम्पूर्ण गुठी संस्थाले लिन सक्नुपर्छ ।

२०५६ मंसिर ११ गते 'काठमाडौं २०२०' कार्यक्रम अन्तरगत १५ जना साँस्कृतिक भोलिन्टियरहरू कला-साँस्कृतिक अध्ययनको काममा पाटनको यो हिरण्यवर्ण महाविहारको व्यवस्थित गुठीका सदस्य महानुभावले भन्नु भएको थियो– हामीले सोधेको जवाफमा । ती १५ जना भित्र म पनि सोध्ने मध्येको भोलिन्टियर थिएँ । यो कुराले मलाई प्रेरणा दियो– बाबुबाजेले बनाइदिएको घरमा बसिबसि छानो वा घरको गाह्रो र झ्यालढोका मर्मतगर्न अरू दुनियाँ गुहार्नु भनेको लाजमर्दो कुरा हो । त्यो गुठीको कुरा सही हो । यो भावनाबाट सबै नेपालीले पाठको रूपमा लिनुपर्छ ।

नेपालमा अब संस्थागत, गुठीगत वा व्यक्तिगत कुनै पनि तरिकाले यस्ता देवस्थलको संरक्षण गर्न गाह्रै पर्छ । यसमा राष्ट्रियस्तरको पूर्णअख्तियार भएको देशव्यापीरूपमा रेखदेख र संरक्षण पुऱ्याउन सक्ने संस्था भनेको अब खुल्न पर्ने 'नेपाल ललितकला एकेडेमी' हो । यो जतिसक्यो चाँडो खुल्नु भनेको सारा नेपालको कला जोगाउनु, संरक्षण दिनु र अरू नयाँनयाँ काम कुराको विकासमा साथ दिनु हो । अहिलेको प्रजातान्त्रिक सरकारले तुरुन्त ध्यान दिनु पर्छ भन्ने मेरो मान्यता छ । त्यसो भएमा नेपालका सम्पूर्ण कलाकारहरूलाई हौसला बढ्नेछ ।

(२०५६/८/२० कीर्तिपुर)

- - -

टीका-टिप्पणी

व्यक्तित्व र कृतित्वका रूपमा देखिएका सूर्यविक्रम ज्ञवाली

चूडामणि रेग्मी

दार्जिलिङमा सूधपा त्रिरत्न भनेर ख्याति प्राप्त व्यक्ति मध्ये सूर्यविक्रम ज्ञवाली नेपाली भाषा र साहित्यका क्षेत्रमा काम गर्ने एक रत्न हुन् । काशी र दार्जिलिङमा नेपाली भाषाका क्षेत्रमा मात्र होइन नेपाली जातिको सेवाका क्षेत्रमा अग्रणी विभूति मानिन्छन् ज्ञवाली । कुनै बेलामा दार्जिलिङमा ज्ञवालीले भूमिका नलेखेको पुस्तक फिक्का लाग्दथ्यो रे । उनले भूमिका लेखेर वा समालोचना लेखेर चम्काएको लेखक नेपाली साहित्यमा चम्किएकै देखिएको छ । उनी राम्रो भाषा लेख्दथे, उनको शैली परिष्कृत थियो । उनी सुयोग्य सम्पादक थिए । उनले भानुभक्तीय रामायणको शुद्ध संस्कारण निकाले । उनले प्रकाश-पिण्डले सोधेका प्रश्न का उत्तरमा आफैंले पनि आफ्नो मूल्याङ्कनमा बुँदागत जानकारी लिँदा जन्मभूमिको सम्पादन, 'नेपाली साहित्य सम्मेलन'को स्थापना, भानुभक्तको महत्त्व जनाउने काम र भानुभक्तीय रामायणको शुद्ध पाठको प्रकाशन, इतिहास तथा जीवनी लेखन, नेपाली समालोचना द्वारा प्रेरणा, आधुनिक कथा उठाउने खालका पुस्तक प्रकाशन सम्पादन आदि उल्लेख गरेका छन् । (पातो २०,२१)

उनका विषयमा घटराज भट्टराईले 'मधुपर्क' (वर्ष–९, अङ्क १०) मा, रामशरण दर्नालले 'प्रज्ञा' (५२, २०४२) मा र 'पारिजात', 'रचना', 'नेपाली' आदि पत्रिकामा उनका विषयमा फाट्टफुट्ट चर्चा छन् । दार्जिलिङबाट निस्किएको 'दियालो' ले विशेषाङ्क (२४-१०४-१०५ २०४३) निकालेको छ भने 'मधुपर्क' ले २०४२ फागुन (वर्ष १८ अङ्क १०) मा मुखपृष्ठमा ज्ञवालीको चित्रका साथ केही ज्ञवाली सम्बन्धी सामग्री छापेको छ । ती सामग्री मध्ये डा.चूडामणि बन्धुको (स्वर्गीय सूर्यविक्रम ज्ञवाली र नेपाली भाषा) शीर्षक लेख भाषिक दृष्टिले धेरै महत्त्वपूर्ण छ । बन्धुद्वारा प्रकाशित 'नेपाली भाषाको विकासको संक्षिप्त इतिहास' भन्ने पुस्तिकामा नेपाली भाषाको ऐतिहासिक सम्बन्ध नेपाली भाषाको आन्तरिक परिवर्तन, भाषाको प्रयोग विस्तार र रूप जस्ता कतिपय पक्षबारे लेखका दृष्टिकोण देखिएका छन् भन्दै यसको मूल्याङ्कन गरेका छन् । ज्ञवालीले उक्त पुस्तिकामा नेपाली भाषामा अन्य भाषाको प्रभाव छ भनेर भनेको कुरा पनि बन्धुले लेखेका छन् । 'चन्द्रिका' व्याकरण निस्किएपछि ज्ञवाली र अन्य सबैले त्यसको स्वागत गरेको कुरा बन्धुले उल्लेख गरेका छन् । बन्धुले ज्ञवालीले पछि आफ्नो ढङ्गको भांषा प्रयोग गर्न थालेको चर्चा गर्दै ज्ञवाली के कस्तो प्रयोग गर्दथे सो को उल्लेख गरेका छन् । ज्ञवाली शब्दका अन्त्यको इ दीर्घ लेख्दथे भने थालनीका इ, उ चाहिँ ह्रस्व लेख्दथे । 'थियो' को बहु वचन 'थिये' लेख्दथे । तिर्थकको प्रयोग पनि उनको उल्लेख्य थियो । यी कुराको उल्लेखका साथै हिज्जे सम्बन्धी ज्ञवालीका स्थापनहरू 'चन्द्रिका' कालीन भएकाले आफैंमा महत्त्वपूर्ण भएको निर्क्योल दिएका छन् ।

बहुमुखी व्यक्तित्त्वका धनी सूर्यविक्र ज्ञवाली बारे विभिन्न ढङ्गले लेख लेख्नेमा डा. मोहनविक्रम ज्ञवाली, धनबज्र बज्राचार्य, डा. दयाराम श्रेष्ठ, प्यासी, लख्खीदेवी सुन्दास, रविनाथ अर्याल, तोया गुरुङ आदिले आफ्ना हार्दिक भावना व्यक्त गरेका छन् । २०११ मा ज्ञवाली नेपाल आएका नेपालका, विभिन्न पदमा बसी काम गरेका, नेपाली संक्षिप्त शब्दकोश सम्पादन गरेका, २०४२ सालमा ८८ वर्षको उमेरमा निधन भएको र उनीप्रति नेपाली लेखकहरूले अति आदर गरेको चर्चा 'मधुपर्क'को यो अङ्कमा छ ।

'प्रकाश-पिण्ड' (प्रतिभा परिचय विशेषाङ्क २०३१) मा ज्ञवालीको सामान्य रूपमा एक पातामा चर्चा छ । 'प्रकाश-पिण्ड' कै अर्को अङ्क ज्ञवाली विशेषाङ्क २०४१मा माधव घिमिरे, कमल दीक्षित, घटराज भट्टराई, फणिन्द्रराज

खेताला, शिवप्रसाद सत्याल पीठ, पूर्णप्रकाश नेपाल 'यात्री', जगत क्षेत्री, टीकाराम शर्मा, रमा शर्मा आदिले ज्ञवाली चिनाउने विभिन्न सामग्रीहरू यो अङ्कमा बटुलिएका छन् । 'प्रकाश पिण्ड' कै अभिनन्दनको अनुच्छेद यस्तो छ –

'वनारसको बसाइँमा अध्ययन कालदेखि नै नेपाली भाषा र साहित्य, सँस्कृति र शिक्षाको प्रचारमा राष्ट्रिय दृष्टिकोण अँगाली सक्रिय रूपले अगाडि बढ्ने 'गोर्खाली', जन्मभूमि जस्ता प्रकाशन र सम्पादन गरेर लेख-निबन्ध र चिन्तनपूर्ण रचना दिने सूर्यविक्रम ज्ञवाली नेपालका राष्ट्रिय विभूति हुनुहुन्छ ।'

यो अङ्कमा नै प्रश्नका उत्तरका क्रममा ज्ञवालीले औंल्याएका कुराहरू पहिले नै उल्लेख गरिसकेको छ ।

सरल र परिमार्जित तथा परिष्कृत भाषा रुचाउने ज्ञवालीले 'गरिमा' मासिक साहित्यिक पत्रिका (वर्ष २ अङ्क ३ पूर्णाङ्क १५, २०४०, फागुन) का लागि अशेष मल्लले सोधेका प्रश्नको उत्तरमा उनको भाषिक दृष्टिकोण निक्कै छर्लङ्ग हुन्छ । अशेष मल्लले ज्ञवालीको 'संक्षिप्त नेपाली शब्दकोश' मा अङ्ग्रेजी शब्द प्रवेश गराएका बारे प्रश्न सोध्दा नेपाली भाषामा प्रयोग भैसकेका शब्दले प्रवेश पाएको कुरा ज्ञवालीले भनेका छन् । अशेष मल्ल सोध्दछन्– यसरी अङ्ग्रेजी भाषा कै प्राधान्यता भइरह्यो भने कालान्तरमा नेपाली भाषा लोप हुँदै जाँदैन र ? (पातो ९८) ज्ञवाली उत्तर दिन्छन् 'अँहँ लोप हुनै सक्तैन । लेख्ने साहित्य अर्कै हुन्छ, बोल्ने अर्कै हुन्छ, बोल्ने भाषा अर्कै हुन्छ, बोल्ने अनेकौं शब्द अर्कै हुन्छन् । मैले नै बोल्दा उतैको बोली आउँछ । तर लेख्दा मैले सचेष्ट हुनै पर्छ । लोप कहाँ हुन्छ र ! झन् बढ्दै छ । सँस्कृत भण्डारमा प्रशस्तै शब्द छन् । नेपाली भाषामा ती ल्याउनु पर्छ । हाम्रा पुर्खाले फारसी अरबीबाट लिए, अब हामीले सँस्कृतबाट लिनुपर्छ र हाम्रो भाषालाई समृद्ध पार्नुपर्छ ।' (पातो ९८) यसै सन्दर्भमा ज्ञवालीले अहिलेका कविको भाषा नबुझिने, अर्थ लगाउनु पर्ने र भाषा पनि अपरिस्कृत भएको (पातो ९९) कुरा पनि भनेका छन् ।

झर्‌रो नेपाली घर
चन्द्रगढी, झापा

कविता

तुँवालोभित्रको कालीकोट

– मनरूप नेप्च्युन

न तुँवालोले आकाशलाई खुल्न दिएको छ
न तुँवालो आफू आकाश बन्न सकेको छ
न त कालीकोटले आकाश भुल्न सकेको छ
तुँवालोकै कपटले थुप्रै मृत्युहरू कालीकोटले ओढेको छ
गोलीले आस्था मर्छ भन्नेहरूसँग
कालीकोटको अस्वीकृति छ
उसलाई थाह छ आकाशलाई कहिल्यै गोली लागेको छैन
तुँवालोकै घेराभित्रबाट कालिकोटका कोखा-कोखामा
अन्धा-धुन्ध गोली बर्सिएको छ
रक्तिम छाती उसले तिलानदीको चिसो पानीमा सेलाएको छ
न तुँवालो आफू औषधि बन्न सकेको छ
न त उसले औषधिको जङ्गल देख्न दिएको छ
उपचार गर्न काठमाडौं जाउ भन्नेहरूसँग
कालीकोटको विरोध छ
उसलाई थाह छ
गोली हान्ने आदेश काठमाडौंबाट आउँदा
कालिकोटका डाँडाकाँडा र
बन जङ्गल छोपेर बसेको तुँवालोले
रगत बोकेर बगेको तिला नदीलाई छोप्न सकेको छैन
न आफूले हत्या गरेको कुरा तुँवालोले स्वीकार्न सकेको छ
न त उसले कर्णालीमा बगेको रगत सोर्न सकेको छ
रगत सिद्धिन्छ भन्नेहरूसँग कालिकोटको आपत्ति छ
उसलाई थाहा छ
कर्णाली कहिल्यै सकिएको छैन ।

पो.ब.नं. १२६, काठमाडौं

साहित्य सेवा र समाज सेवामा रम्ने कवि बलदेव मजगैयाँका साहित्यलाई नियाल्दा:

अर्जुन विरक्ति

संसारमा १ र शून्यको अध्ययन समाप्त गर्ने मानव इतिहास आजसम्म कहीँ कतै नभेटिए पनि यहाँ सत्य र यथार्थका उपासकहरू असत्यले सीमा नाघेका बखत कविहृदय लिएर पाखण्ड दुनियाँमा हृदयहीन मान्छेका लाममा लेखक छटपटिएर अट्टाहासमा साहित्य सिर्जना गर्छ । संसार सँग एक्लै पैरवी गर्छ । जीवनका लागि, राष्ट्रका लागि, साहित्य अपिहार्य छ भनेर सम्पूर्ण आततायी सीमा भत्काउँदै अनगिन्ती छेकवार तोड्दै भावनाको प्रणय सन्देशमा अघोषित र घोषितपनमा ऊ मार्गदर्शक बनेको हुन्छ । तिनै कवि हुन्– बलदेव मजगैयाँ ।

वि.सं. २००७ सालमा पश्चिम नेपालको भरतपुर दाङ्ग भन्ने ठाउँमा ती व्यक्तित्त्वको जन्म भएको हो । शैशव कालदेखि नै साहित्य लेखनमा विशेष रुचि राख्ने बलदेवले समाजमा देखिएका विकृत, कुण्ठा, घात, पीडा, दुःख, शोषण, अत्याचार र दुराचारबाट बलात्कृत मुलुकको, समाजको स्थितिमा मानसाग्निमाथि आइपरेका समसामयिक व्यथाद्वारा आफू द्रविभूत भएर नै साहित्य सिर्जनामा लागको तथ्य बलदेवका रचना तथा चरित्रद्वारा प्रष्ट हुन्छ ।

साहित्यका उपवनमा आधा दर्जनभन्दा बढी कृतिहरू यो समाजमा श्रद्धासुमन अर्पण गरिसक्नु भएका मजगैयाँका साहित्यमा उल्लेखित–सूक्ष्मबोधमाथि नै केही उल्लेख गरिसकिएता पनि कृतिहरूको नामाङ्कन एवं संक्षिप्त रसपानको परिचय लिऊँ –

'सङ्कल्प' कथासङ्ग्रह: तेह्र कथाको उपज हो । आजको मान्छे, रगत जाँच, मुक्ति, नयाँ जमाना, एउटा प्रेम यस्तो पनि, विच्छीको सिरानी, सीमा, दृष्टिकोण, सपना, सम्बन्ध, छोरी, काकु, जमदार साहब जस्ता कथाहरूको व्यथा हो यो कथा कृति । प्रत्येक कथाले आ-आफ्नो वैशिष्टचताका समसामयिक क्रियाभित्र उत्कण्ठा, सत्य, न्याय, पीडा जस्ता विविध पक्षलाई समेटेर राजनैतिक एवं पारस्परिक दृष्टिकोणलाई मुक्त विशेषताले पैरवी गरेको तथ्य कतै चुकेको छैन । आजको वर्तमान, विषमता एवं दग्ध उत्कण्ठामा जकडिएको सारगर्भित स्थितिमा चुनौतिपूर्ण प्रतिनिधित्व गर्दै प्रखरता अँगालेको अथाह दर्पण भएर पुस्तकाकारको रूपमा सजिएको छ 'सङ्कल्प' कथासङ्ग्रह । प्रजातन्त्र र पारदर्शी अपरा, अपरिहार्यता बोकेर एकपटक पुनः पढ्नै पर्ने । विशेष आकर्षण अँगालेर तयार भएको यो कथासङ्ग्रह सिद्धार्थ बोधित्व र हिंसा विरुद्ध समेतको प्रणय सन्देश हो 'सङ्कल्प' । ०५४ सालमा प्रकाशित यो कृतिको प्रकाशिका सावित्री शर्माको आस्था एवं जिज्ञासालाई पनि धन्यवाद नदिई रहन सकिन्न । यो पुस्तक ५६ पेजले परिवेष्टित छ र आवरण पनि उत्तिकै आकर्षण नै मान्नुपर्छ ।

'नरमणि' लघु उपन्यास – सन्दर्भ मूल प्रवाह वी.पी. जयन्ती ०४८ मा प्रकाशित, प्रकाशक वाणि प्रकाशन पृष्ठ ४४ र आवरण अति नै आकर्षित मान्नुपर्छ । यस उपन्यासमा ऐतिहासिक, प्राचीनता, प्रेम आस्था, विश्वास एवं किंवदन्ती उपकथा जोडिएको भावविभोर प्रेमामयी शिल्पकार भित्र विछिप्त पीडा, विश्वास आस्था कर्म, विरह, विछोड, घमण्ड, इर्ष्या पुरातन नारीहरू र पुरुषत्वको परिहार विखण्डन-खण्डन घात, प्रतिघात जातपात विविध दूराचारको विरुद्धको सारगर्भित राग विशेषताको अनुराग माया-प्रितीको आकुलता आदिलाई समेटेर सृजना गरिएको यो कृति बहुसंक्षिप्त विशेषताको हृदयविदारक पुष्प मान्नुपर्छ – 'नरमणि' सौगात प्रेमपुञ्जको ।

'चारु' उपन्यास – पेज सं. ५४ र प्रकाशन ०५४ प्रकाशिका सावित्री शर्मा । प्रेम सन्देशको उपज – धम्की, वासना, द्वन्द्व, सकुन, अपसकुन, धर्म र नारीहरू, जय, पराजय, आस्था, खोजी र जिज्ञासा, प्रेमको गहिराइका विशेषताभित्र प्रेम विज्ञानको कसी जाँचिएको छ । ममताको जायजा छिनो लिएर सुरम्य वसन्त छाउँदै श्रृङ्गार रसमा सबै पक्ष समेटेर श्रृष्टिको गहिराई नाप्ने सफल पर्यायवाचि विशेषताको उपजलाई उजागर गर्दै उर्जापूर्तिको वर्चस्वलाई समेटेर पराग भर्न सफल यो चारु प्रेममयी र धर्ममयी आवेषणको विजन हो, सृष्टि हो, सिन्धु हो, सुन्दरी हो, आकारको सर्वव्यापी प्रकार हो । नारी र पुरुषको सम्वाद हो

धर्म र अर्थको अपरिहार्य जालो हो । अत:

भ्रमर रसको खोजी किशोरी पुन: चञ्चले !
मिल्यो भने फूलको पान प्रेमैमा सब झुल्दछन् !!

'कुहिरो' उपन्यास–प्रकाशक साझा प्रकाशन २०५१ पृष्ठ ७९ अँध्यारोको सीमावारी उज्यालो पुन: छाउँछ भन्दै अठोट बोकेको दक्षताले परिपूर्ण भई मुखरित यो कृतिले शसक्त क्रान्तिको शंखनाद गरेको छ, प्रजातन्त्रको खोजी र मानवाधिकारको ऐतिहासिक विंडो अँगालेको क्रान्तिको शंखनादी अभिव्यक्ति हो कुहिरो । कर्तव्य, प्रेम, आस्था, श्रद्धा र विवेक हराएकोमा क्रान्तिको विगुल फुक्तै पीडित मानसिकता लाद्ने वैरीहरूको विरुद्ध धावा बोलेको छ, कुहिरोमा । प्रजातन्त्र प्राप्त पश्चात् विसर्जन भएका र सिर्जना हराएका मानसिकतामा संरचनाको धावा बोलेको छ । सुस्केराका मान्छे पाखा नलागुन् भनेर मर्म अभिव्यक्त भएको छ । भावनाका तरङ्गमा यथार्थ खोज्दै क्रान्ति द्रष्टाको प्रतिनिधित्व गर्दै प्रलयंकारी शोषण, अत्याचार आदिका विरुद्ध सिर्जिएको कृति हो– बलदेव मजगैयाँको कुहिरो ।

अत: मजगैयाँ बहुआयामिक पक्षका कवि गीतकार, कथाकार, उपन्यासकार राजनैतिक चिन्तक लेखक जसले प्रजातन्त्र र समाजवादको पक्षमा पनि सक्रिय सहकर्मीको रूपमा प्रस्तुत गर्ने लेखक हुँदै आउनु भएको छ । प्रजातन्त्र र समाजवादको नेपाली धरोहर एवं लेखक साहित्यकार वी.पी. कोइराला जस्ता द्रष्टाको सम्झनामा 'विचार विन्दु' नामक पुस्तक विचार र परिहार विचारका संकलन समेतका सम्पादन कृति प्रकाशन गराइसक्नु भएको छ । तारापन्थ पुरस्कार २०४८, राप्ती साहित्य परिषद् दाङद्वारा प्राप्त गर्नु भएका बलदेवले समस्त पाठक समाजलाई रचनाका विविध कोसेलीहरूका अतिरिक्त रचनाद्वारा अभिनन्दन गर्दै अन्धकारको साम्राज्यमा ज्वाला भएर धावाबोल्ने मजगैयाँले कृत: कृताञ्जली अभिव्यक्तिहरू साहित्यको वाङ्मयमा अनगिन्ती आशाहरू गर्न सकिने कुरामा कहिल्यै दुईमत हुन सक्तैन । संसारले उहाँमाथि बज्रपात गरेपनि उहाँद्वारा साहित्य सिर्जनामा समाजको व्यथा र पीडामा आफ्नो अभियानलाई मध्यस्थताको रूपमा प्रतिबद्धता जाहेर गर्दै भावनाले ओतप्रोत लेखक बलदेवका रचना विविधका यीनै समालोचनात्मक शब्द चित्रबाट विचार विश्राम । इति ।

कविता

माटोका कुरा गरौं

– उत्तमकृष्ण मजगैयाँ

सधैं त होटेलमा विदेशी खानाकै कुरा भो
विभिन्न भोजमा टन्न पिउने बहानाकै कुरा भो
घर सम्झेर आज कस्तो कस्तो भइरहेछ मन
साथी ! आज फाफरको साग र आटोका कुरा गरौं
धेरै टाढा आइएछ, घर-आँगन पुग्ने बाटोका कुरा गरौं
आऊ, हामी अलिकति आफ्नो माटोका कुरा गरौं !

नशाले मात्तिएपछि जीउतोड नाच र पप गाना भो सधैं
तर मन नाचेन ! कस्तो निस्प्रभाव तराना भो सधैं ?
आज किन हो किन भरङ्ग भइरहेछ मेरो मन
बरु मेलामा नाच्ने मङ्गली र गाउँले केटोका कुरा गरौं
आफ्नै बन-पाखा घन्काउने सुन्तली र घर्ती जेठाको कुरा गरौं
आऊ, हामी अलिकति आफ्नो माटोका कुरा गरौं ।

बोली, व्यवहार र पहिरनमा सभ्यता थप्दाथप्दा
आफ्नो पहिचान नै बिर्सिएछ स्वार्थ जप्दाजप्दा
गाउँबाट निर्वासित भएको पनि धेरै समय बितेछ
आज त सान्नानीको गुन्योचोलो र बिर्खे साइँलाको
छड्के टोपी र कछाड भोटोका कुरा गरौं
आऊ, हामी अलिकति आफ्नो माटोका कुरा गरौं ।

भावहीन पराइ सामु मनको भाव बोल्नै सकिएन
पीरले दुखेको छाती उदाङ्गो पारी खोल्नै सकिएन
नहाँसेको पनि धेरै भो कतै खुल्न सक्छ कि ?
साथी ! आज मनको कस्सिएको गाँठोका कुरा गरौं
अलिकति मेल र अलिकति फाटोका कुरा गरौं
आऊ, हामी अलिकति आफ्नो माटोका कुरा गरौं ।

आत्मा त्यही गाउँमा छ शरीरमात्र यहाँ धाएको
लाहुर ! यहाँ त हामी आफ्नै लिलाम बोल्न आएको
कोलाहल छ तर एक्लोपनले नियास्रो भइरहेछ मन
त्यसैले गाउँको शान्त गोरेटो-दोबाटोका कुरा गरौं
गल्छेंडा, चौतारी, भन्ज्याङ् र नेटोका कुरा गरौं
आऊ, हामी अलिकति आफ्नो माटोका कुरा गरौं ।

– दाङ

सेन ओली र ओलीका कुरा

प्रा. दुर्गाप्रसाद अर्याल

सोह्रौं शताब्दीमा यस मुलुकका विजयपुर, मकवानपुर, पाल्पा आदि राज्यहरू सेनवंशीय राजाहरूबाट शासित थिए । तत्कालीन सेन राज्यहरूमा पाल्पा निकै शक्तिशाली राज्य थियो । बहादुर शाहको राज्य विस्तारको अभियानमा विशाल नेपाल राज्यमा समाहित भएका पाल्पा, गुल्मी, मुसीकोट, इस्मा, धुर्कोट, अर्घाखाँची आदि राज्यका राजा र तिनका परिवारहरूले पराजयको अपमानजनक पीडा खेप्नु परेको थियो । यसकारण कतिपय राजा र तिनका परिवारहरूले आफ्नो स्वरूप र थरचोक बदलेर स्थानान्तर हुन बाध्य भए । यसै क्रममा पाल्पाली सेन राजवंशका कैयौं सदस्यहरूले आफ्नो राजसीशान र जातीय थर थोकलाई तीलाञ्जली दिई उत्तरतिर लागेका थिए । यसरी उत्तरतिर लाग्दा ओलक जगाउँदै हिंडेका थिए । ओलक जगाएर हिंडिरहेका यी अपदस्थ राजयात्री इस्मा राज्यमा पर्ने सुन्दर गाउँ पुर्कोटमा पुगे । अन्य जनश्रुति अनुसार आफ्नो शक्ति, शान र राजसी वैभववाट अलप हुँदै साधारण जनताको हैसियतले जीवन यापन गर्न र सुरक्षित रहन पुर्कोटमा पुगेको कुरा अवगत हुन्छ । त्यहाँ बसोबास गरे पछि ती अपदस्थ राजाका सन्ततिलाई त्यहाँका रैथानेहरूले 'ओली' भन्ने गरेका र जनसाधारणको भनाइ अनुसार ती नवागन्तुक व्यक्तिको थर 'ओली' रहन गएको कुरा वास्तविकतादेखि टाढा देखिंदैन । ओलक जगाउने र अलप हुने व्यवहार र स्वभाव अनुसार कामकाज बमोजिम 'ओली' भएको कुरालाई भाषिक प्रणालीबाट पनि तर्क सङ्गत मान्न सकिन्छ । यस प्रकारको वास्तविकता अनुरूप आजभोलि 'ओली' थरका रूपमा उल्लेख गर्ने जाति ठकुरी क्षत्री भएको कुरा स्पष्ट हुन्छ । यसरी आफ्नो पुर्खौली अवस्था बुझेर आफ्नो वंश परम्पराबाट सचेत भएको गुल्मी पुर्कोट 'ओली'हरूले आफ्ना नामका पछाडि 'सेन' लेख्ने गरेका छन् । कतिपयले सेन 'ओली' र कैय्यौंले ओली मात्रै लेख्ने पनि गरेका छन् । स्थानीय बूढापाकाका कथनानुसार पुर्कोट गई अलप भएर 'ओली' बनेर बसेका व्यक्ति वीरवल हुन् । यिनी वडो साहसी न्यायप्रेमी र व्यवहारमा कुशल थिए । त्यसबेला पुर्कोटमा झाँक्री मगरहरूको वसोवास थियो । भट्टराई बाहुनहरू पनि रैथाने नै थिए । त्यस्तै भुसाल बाहुनहरू आफ्नो साँस्कृतिक प्रथा चलाएर रीति रिवाजका प्रवल अनुयायी भई बसेका थिए । थापाहरू र कुँवरहरूको वसोवास पनि पुरानै थियो । पुर्कोट क्षेत्रका मध्यभागमा बसोवास गरेका नवागन्तुक वीरवलले सबै स्थानीय वासिन्दालाई रिझाइ बुझाइ गरी एकप्रकारको अघोषित नेतृत्व लिएका थिए । तिनका शाखा सन्तानहरूले प्रशस्त मात्रामा विस्तारित हुँदै गएर आज गुल्मी पुर्कोट लगायत हाम्रो देशका विभिन्न भागमा आफ्नो क्षमता र शक्ति सामर्थ्यले आजीविका गर्दै जीवन यापन गरेका छन् । यसरी सेन ओली वा ओलीका कुराहरू सुनिन्छन् ।

एक थरी 'ओली'हरू बाहुन छन् । यी 'ओली' थरका बाहुनहरूको पुर्खौली थलो 'ओल' हो । 'ओल' भन्ने गाउँ सेती अञ्चलको अछाम जिल्लामा पर्दछ । अछाम जिल्लाका कोटवाडाबाट देवकोटा, तिम्सेनवाट तिमिसिना वा तिमिल्सिना जस्ता थरहरू प्रचलित भएका हुन् । बसोवास गरेको ठाउँमा नाउँ अनुसार अधिकांश नेपाली बाहुनहरूका थर निर्धारण भएको तथ्य अर्जेबाट अर्ज्याल, सिग्दी, पौंदीबाट सिद्याल, पौडचाल जस्ता अनेकौं थर बाटै स्पष्ट हुन्छ । यसरी 'ओली' बाहुनहरूको थरले अछाम जिल्लाको 'ओल' गाउँ सम्झाए जस्तै, ठकुरी ओलीहरूले आफ्नो राजसत्ताबाट पराजित मानसिकताको ऐतिहासिक परिचय दिन्छन् ।

राजतन्त्रात्मक प्रजातन्त्र संसारको सबभन्दा असल व्यवस्था हो । – **वी.पी. कोइराला**

समीक्षा

'दिशाहीन यात्राका हरफहरू' एक चर्चा

डा. दामोदर ढकाल

नवोदित कवि यादव भट्टराईको 'दिशाहीन यात्राका हरफहरू' कविता सङ्ग्रह २०५५ साल राम नवमीमा प्रकाशित कविताहरूको सँगालो हो । विद्यार्थी जीवनको अहर्निश अध्ययनका क्रममा देश विदेश विभिन्न ठाउँमा रहेर अङ्ग्रेजी, राजनीतिशास्त्र र इन्जिनियरिङमा स्नातक गरी नेपाली साहित्यमा स्नातकोत्तर (एम.ए.) गरी कवि प्राध्यापन पेशामा संलग्न भएको देखिन्छ ।

प्रत्येक व्यक्तिको आफ्नो छुट्टै जीवन दर्शन हुन्छ । त्यसैका आधारमा मानिसले आफ्नो बाटो बनाउँछ, दिशा पक्डिन्छ । कवि भट्टराई पनि अहिले आफ्नो देशको परिवेश, यहाँको सामाजिक पक्ष, मानिसका आस्था र विश्वास आदिलाई आफ्नो कविताको विषयवस्तु बनाएर आफ्नो युगबोध र युगसचेतताको झल्को यस कविता सङ्ग्रहबाट दिन खोजेको आभास हुन्छ । कविको प्रतिभा बाल्यकालदेखि नै झल्किन्छ भन्ने कुराको पुष्टि समेत यस कृतिको अध्ययनबाट थाहा हुन्छ ।

कुनै दिशा समातेर धेरै टाढासम्म यात्रा गर्नु छ भन्ने सङ्केत पुस्तकको शीर्षकले नै प्रष्ट पारिरहेको छ । यात्राको प्रारम्भमै भएको हुनाले र दिशा लिई नसकेको युवावस्थाको शिखरमा पुगेको व्यक्तिलाई नयाँ आकांक्षा र नयाँ अनुभूतिले जुनसुकै बाटोतिर पनि मोड्नसक्ने भएको हुनाले नै यो कृति दिशाहीन यात्राका रूपमा आएको हो तर मलाई विश्वास छ आफ्नो गौरवमय इतिहासको बाटोतिर यसले पनि पाइला चालिसकेको छ ।

गोपालप्रसाद रिमाल, बालकृष्ण सम आदिबाट प्रारम्भ भएको गद्य लयात्मक अभिव्यक्तिका माध्यमबाट झर्रा र ठेट नेपाली शब्दहरूको प्रयोगका साथ शुभकामनाबाट प्रारम्भ गरिएको यस कविता सङ्ग्रहमा ४५ वटा कविताहरू समावेश छन् । १३ वर्षकै कलिलो उमेरदेखि कविता लेख्न थालेका भट्टराईले विभिन्न कवि गोष्ठीहरूमा भाग लिंदा पुरस्कृत भएका कविताहरू र अन्य फुर्सदका क्षणमा लेखिएका कविताहरूको सँगालो हो प्रस्तुत कविता सङ्ग्रह ।

धैर्य, पुरुषार्थ, साहस, आकांक्षा, गर्व, स्वाभिमान जस्ता विशेषताहरू यस कृतिमा पाइन्छन् भने कविको चाहना छ देशवासी नैतिक बनून् । देशको गरिबी मेटाउन सकियोस् र मैले र म जस्ता नवयुवकहरूले पनि देशको लागि केही गर्न सक्छौं र केही गर्नुपर्छ भन्ने भावना यसमा उल्लेख भएका छन् ।

म त आगो हुँ, मेरै देश राम्रो लाग्छ, सूर्य उदाइरहोस्, मेरो चाहनाहरू, माटाको माया, स्वाभिमान, आजको मान्छे, मेरो समाज, सावधान, नेपालबन्द, बाँदर बनिरहेछौं, नभेटिएको मेरो देश, निस्तो आश्वासन पाइरहेछु जस्ता शीर्षकमा आबद्ध भावहरूले नेपालीले नेपाललाई नेपाल बनाउनु पर्छ भन्ने सङ्केत गरेका छन् । स्वाभिमानका साथ हिँड्ने चाहना बोकेका छन् । आफ्ना आस्था र विश्वासलाई प्रस्फुटन गरिएको छ । कवि आशावादी छन् । स्नेहको दीयो जलिरहोस् भन्ने उनको चाहना छ । आफूलाई आगोसँग दाँजेका छन् । उनी लेख्छन् – 'मेरो अस्तित्वलाई विनास नगर ।'

देश विकास गर्ने कविको तीव्र आकांक्षा यसरी झल्किएको छ –

'मेरो देशको गरिबीलाई पसिनाले धुन्छु
शिव मलाई शक्ति देऊ बुद्ध देऊ ज्ञान
देश विकास गर्न पाए त्यसैमा छ शान'

आदिकवि भानुभक्त, कवि शिरोमणि लेखनाथ पौड्याल, महाकवि लक्ष्मीप्रसाद देवकोटा र भीमनिधि तिवारी जस्ता कवि लेखकलाई आदर्शमूर्ति मान्ने कविले मान्ने पेशालाई पनि एउटा दायित्व मान्न पुगेका छन् । जीवनलाई अतीत, वर्तमान र भविष्यका आँखाले हेरेका छन् । "पिटे पनि आमै जाति, पोले पनि घामै जाति' भन्ने नेपाली उखानलाई कवितामा यसरी व्यक्त गरेका छन् –

'सूर्यका किरणले मलाई पोलिरहँदा पनि
न अस्ताइ देहोस्
बरु पोलिरहोस् पोलिरहोस् जस्तो लाग्छ ।'

कविलाई आशाको बोटमा लक्ष्य फलेको हेर्ने धोको

छ । मान्छेको मूर्खताप्रति कविको व्यङ्ग्य छ प्रत्येक वर्षको जन्मोत्सव मनाउनेहरूलाई । समय आफ्नै गतिमा बगेको देख्ने कविले नेपाली जनताहरू विद्रोहको आँसु पिएर पनि तृप्तिको हाँसो हाँसिरहेको देख्छन् । लाहुरेलाई आफ्नै माटोमा फर्केर आफ्नै देशलाई विकास गर्नुपर्छ भन्ने सन्देश दिन चाहन्छन् । कवि स्वयं आफ्ना कविताको आफैं विश्लेषण गरेर लेख्छन् –

'शब्दभावको मिलापमा शान्तिको सास फेर्छन्
मुटुको स्पन्दनमा क्रान्तिको नयाँ अनुभव हुन्छ'

नेपाली अहिलेसम्म पनि बाटो समाएर नहिंडेको बरु जङ्गलमा भड्किरहेको छ र नेपालीलाई गोरेटो देखाउने एउटा नेल्सन मण्डेलाको खाँचो छ । त्यस्ता मण्डेला जन्मियुन् यस देशमा पनि भन्ने चाहना कविको रहेको छ । सत्यको प्रकाशले असत्य रूपि अन्धकार स्वत: ढल्ने कुरा बताउँदै निरन्तर सत्यको पक्षमा उभिन कविले आग्रह गरेका छन् । बाँच्नका लागि नेपालीले आफ्नो स्वाभिमान बेच्न परेकोमा चिन्तित छन् । मान्छे भएर मान्छेका रूपमा बाँच्न नसक्नुको पीडा कवितामा व्यक्त भएको छ ।

आजका नेतालाई स्वार्थ त्यागेर विशाल बन्नुपर्छ भन्ने आग्रह छ । समाज धमिराले खाएर अपाहिज भएको देख्ने कविले ईश्वरको बास आराधनामा रहने तथ्यलाई प्रष्टयाएका छन् । निदाएका नेपालीलाई ब्युँझाएर प्रगतितिर उकालो चढ्न आह्वान गरेका छन् । समय सिद्धिदै जाँदा पनि अझै चेतना न आएको नेपालीलाई बिउँझिन आग्रह गर्छन् । सडकसँग मानिसका जिन्दगीको तुलना गरेर जीवनमा भोग्नु परेका असंख्य पीडालाई उजागर गरेका छन् । सङ्कल्प र आत्मविश्वासका साथ अघि बढ्ने रहर पालेका कविले यस देशको प्राकृतिक मनोरम दृश्यको वर्णन समेत गरेका छन् । सयपत्री, गुराँस र चौतारीले कविलाई मोहित पारेको छ । दिशाहीन भएको आजको समाजलाई एक सूत्रमा उन्न र शान्ति ऐश्वर्य दिलाउन तिमी आउ भनेर आह्वान समेत गरेका छन् र आफ्नो महान् यात्रा जसरी पनि पूरा गर्ने प्रण गरेका छन् । जिन्दगी रहेसम्म विभिन्न आशा र रहरहरू बाँचिरहने कुराको पुष्टि गर्दै आजको मान्छेले आफैंलाई खोजेको छ भन्ने तर्क दिएका छन् । कवि पूर्वीय दर्शनबाट पूर्ण प्रभावित छन् भन्ने कुरा मृत्यु एउटा विश्राम मात्र हो भन्ने वाक्यले सिद्ध गरेको छ ।

'माटो र सावधान' कविताले आजको समाजलाई र नेतृत्व वर्गलाई सचेत हुन आग्रह गरेको छ । समाजका दुष्ट शकुनी र दुर्योधनहरूले गर्दा नै आज देशको अवस्था यसरी जर्जर हुन पुगेको हो भन्ने दृष्टिकोण सावधान कवितामा रहेको छ । कविको चेतना सामाजिक परिवर्तन हुनुपर्छ भन्नेतिर उन्मुख छ । नेपाल बन्द जस्ता कार्यक्रमले कसैको हित नहुने हुँदा यस्ता कार्यक्रम प्रति कविको व्यङ्ग्य प्रहर छ । राष्ट्रियतालाई एकातिर पन्छाएर विरोध र प्रतिरोधमा अल्मलिएका आजका विकसित हौं भन्नेहरू प्रति दरिलो झापड 'बाँदर बनिरहेछौं' कविताले हिर्काएको छ ।

'नभेटिएको मेरो देश, निस्तो आश्वासन पाइरहेछु, बसन्त एक पर्खिरा छु' जस्ता कविताका माध्यमबाट कविले आफ्नै देशको वातावरण नेपालीको जीवन शैली, नेपालप्रतिको माया, परम्परागत मूल्य र मान्यताप्रतिको आस्था र विश्वास जीवनमा भोग्न परेका, देखेका, सुनेका र अनुभव गरेका भावनाहरूलाई र समसामयिक विषय वस्तुलाई यथार्थ रूपमा कवितामा आबद्ध गरेर जन समक्ष ल्याउन यस कृतिले कविका इच्छा र परिश्रमलाई फलिभूत पारेको छ र पारेको छ पाठकवृन्दलाई सोंच्न बाध्य । कविता रोचक छन् आधुनिक समाजप्रति तीखो व्यङ्ग्य पनि कविताहरूमा झल्किन्छ ।

प्रस्तुत कृतिको प्रमुख उद्देश्य हो कविका भावनाहरूलाई पाठक समक्ष पुऱ्याउनु । कवि भट्टराई प्रशंसाका पात्र छन् । आफ्ना श्रीमान्द्वारा सृजना गरिएको कविता सङ्ग्रह प्रकाशित गरिदिएर साहित्यप्रतिको चासो र रुचि देखाउने विद्या भट्टराई पनि साधुवादकी पात्र हुन् ।

कविको कलम अझै तिखारिने लक्षण देखिन्छ । यो कविको जेठो कृति हो । यसका भाइबहिनीहरू पनि जमानानुसार तेजिला र चोटिला निस्केन नै छन् । यो नियोजनको युग हो भनेर कविको कलम बन्द नहोस् । साहित्यिक संसारका डाँडा काँडा ढाकियुन् । विभिन्न रसका कविताहरू भएको हुनाले हर तरहका पाठकवृन्दलाई देशप्रति सोंच्न अवश्य झक्झक्याउने छ भन्ने आशा लिएको छु । कहिं कहिं हिन्दी र अङ्ग्रेजीका शब्दहरू परे पनि कवि स्वयम् नेपाली भाषा साहित्यका शिक्षक भएको हुनाले पनि कृति स्पष्ट सरल र ठेट भाषामा सुन्दर बन्न पुगेको छ । चित्ताकर्षक रङ्गीन आवरणमा आबद्ध यस कृतिको मूल्य भने सय रुपियाँ अलि बढी जस्तो लाग्छ ।

– – –

कथा

संरक्षण

रेवती राजभण्डारी

चैत्यनाथ वैद्य त्यो बेला शहरको नामुद वैद्य थियो । उसलाई देखाउन पाएपछि जस्तोसुकै बिरामीको रोग पनि नीको हुन्थ्यो । तर उसको उपचार गर्न भने अरूको दाँजोमा खर्च अलि बढि नै लाग्दछ । त्यसैले धेरैजसो पैसावालहरू उसैकहाँ उपचारका लागि आउने गर्थे । उसकहाँ देखाउन बिरामी नै ल्याउनु पर्छ भन्ने जरुरी छैन । बरु बिरामीलाई सुरुदेखि के के लक्षण देखा पऱ्यो त्यो भने सब ठिकसँग बताउन सक्नु पर्दछ त्यही अनुसार उसले उपचार गर्दछ । उसको उपचार गर्ने तरिका देखेर सब छक्क पर्थे ।

चैत्यनाथले सब रोगको उपचार गर्दथ्यो तर रित्तो कोख भरिदिने उपचार भने उसले गर्ने गरेको थिएन । जब उसको बिहे भएको दशवर्ष बितिसक्दा पनि सन्तान हुने कुनै लक्षण देखा परेन । उसका दाजुभाइ कोही थिएनन् । उ मरेपछि दागबत्तीको त के कुरा उसको सम्पत्ति भोग चलन गर्ने नै कोही थिएन । उसलाई ठूलो पीर पऱ्यो । त्यसपछि उसले आफैलाई प्रयोग गर्न सन्तान पैदा गराउने औषधी बनाउनेतिर लाग्न थाल्यो । औषधी तयार भयो । त्यो औषधी सबभन्दा पहिले आफ्नै दम्पतिमा प्रयोग गर्न थाल्यो । उसको प्रयास सफल भयो र उसकी स्वास्नीले छोरी जन्माई दिइन् । त्यो वैद्यलाई अर्का घरको नासो छोरी होइन छोरो कै आवश्यकता थियो । उसले प्रयास जारी गऱ्यो । तीन पटकसम्म लहरै छोरी पाएर चौथो पटकको प्रयासमा भने उसकी स्वास्नीले छोरो नै जन्माई दिइन् । उसको खुशीको सीमा थिएन । उसलाई आफ्नो उपचारको सफलतामा भन्दा छोरोको बाबु बन्न पाएकोमा खुशी लागेको थियो । उसलाई एउटा छोरोले पुगेन । सन्तानले डाँडाकाँडा फैलाउने उसको ठूलो इच्छा थियो । उसले प्रयास जारी राख्यो । उसकी स्वास्नीले सन्तान जन्माउँदै गई । उसलाई चार छोराको बाबु बनाइ दिइन् । उसले आफूले बनाएको औषधी अरूलाई पनि प्रयोग गर्दै गयो । चैत्यनाथ त्यसै त नामुद वैद्य झन् छोरो चाहिनेलाई छोरा, छोरी चाहिनेलाई छोरी पाउने औषधी उसले आफ्नै अनुसन्धानद्वारा निर्माण गरी सफलता पाएपछि उसको अद्भूतको शक्ति चर्चाको विषय बनेर देश विदेशसम्म फैलियो ।

चैत्यनाथले आफूले जानेको सारा विद्या छोराहरूलाई सिकाई दियो । उनी चारै जना छोराहरूबाट आफ्नो नाम कीर्ति चारै दिशामा फैलाउन सफल होस् भन्ने हेतुले हरेक क्षेत्रको ज्ञानगुण दिई छोराहरूलाई एकसे एक निपुण बनायो । तर छोरीहरू अर्काको घर जाने, अर्काको नासो सम्झेर उनीहरूलाई केही विद्या सिकाई दिएन । उनीहरू खालि चूलो चौकीमा मात्र निपुण भए । तीन छोरी मध्ये कान्छी छोरी अलि मापाकी भएकीले उनी एकजना लेखपढ गर्न जान्थिन् र यताउति भाइहरूलाई मद्दत गरिदिने भएकीले वैद्य काम पनि अलि अलि जानेकी थिइन् । उनलाई बाबुको विद्या सिक्ने इच्छा थियो तर बाबुले सिकाई दिने वास्तै गरेनन् ।

चैत्यनाथ मरेपछि उसका कुनै पनि सन्तानले उनले सिकाई दिएको आफ्नो वैद्य विद्यालाई वास्तै नगरी अर्कै पेशामा लागे । बाबुको बिपरित छोराहरूले वैद्य पेशालाई नै हाँस्यको पेशा सम्झें । पेशाको संरक्षण गर्ने नभए पनि सम्पत्तिको संरक्षण गर्ने छोराहरू भएकोले चैत्यनाथले कमाएको सारा सम्पत्ति चारै भाइले बाँडेर लिए अनि बाबुको सारा औषधी पुरानो सन्दुकमा थन्काइ कुनातिर राखिछोडे । आफ्नो बाबुको सारा सपना कुनातिर फ्याँकी राखेको देखेर चैत्यनाथकी कान्छी छोरीलाई साह्रै चित्त दुख्यो । उसले भाइहरूसँग बाबुको जिन्दगीभरको प्रयास खेर नफाल भनेर बारबार अनुरोध गरी तर कसैले मानेनन् । उसलाई औषधीको ज्ञान थियो त्यसैले प्रयोगमा ल्याउन भाइहरूसँग अनुरोध गरी तर उनीहरूले आफ्ना बाबुको सम्पत्ति कुहिएर गए पनि दिदीलाई दिन चाहेनन् ।

चैत्यनाथ मरेको धेरै वर्षपछि एकचोटी एकजना

बिदेशी उनको नाम लिएर खोज्दै आइपुग्यो । बिदेशी करोडपति थियो तर सन्तान नभएर चैत्यनाथको शरणमा आएको रहेछ । ठूलो आश बोकेर आएको करोडपति चैत्यनाथ बितिसकेको थाहा पाएर ज्यादै खिन्न भयो । चैत्यनाथ बितिसके पनि उनको कुल संरक्षण गर्ने चारवटा सन्तान जिउँदै छन् भन्ने थाहा पाएर त्यो करोडपतिको तुषारापात भएको मनमा आशाको मुना पलायो । उ वैद्यका छोराहरूलाई भेट्न गयो । एकएक गर्दै चारैजना संरक्षकको दैलो चाहान्यो तर चारैजना दाजुभाइले आफ्नो बाबुको पेशामा नलागेकोले बाबुबाट सिकेका सारा विद्या बिर्सिसकेको हुँदा उपचार गर्न नसक्ने असमर्थता देखाए । उसले प्रशस्त धनको लोभ दियो तर केही काम लागेन । त्यो करोडपति ज्यादै निराश भयो । पुन: आशाको झिल्को बोकेर उ वैद्यका छोरीहरूको घर चाहार्न थाल्यो । जेठी, माइली छोरीको घरमा गयो तर केही काम लागेन । कान्छी छोरीको घरमा गयो । करोडपतिको लागि चाहिने औषधी उपचार गर्न सके पनि आफूसँग केही औषधी नभएकोले यदि बाबुको थन्किरहेको औषधिहरू पाएमा उपचार गरिदिन सक्ने बचन कान्छी छोरीले दिएपछि करोडपतिको मनमा आशाको ज्योति बल्न थाल्यो । त्यस करोडपतिले प्रशस्त पैसा दिएर त्यसै थन्किएर रहेको सारा औषधीहरू किनी वैद्यकी कान्छी छोरीको हातमा सुम्पिदियो । आफूलाई चाहिने सारा औषधी भएपछि त्यो बैद्यकी छोरीले करोडपतिलाई चाहिने औषधी बनाइदिई ।

पहिले त त्यो करोडपति छोरोकै चाहनाले उपचार को खोजीमा आएको थियो । तर चार/चार जना छोरा भएर पनि वैद्यको गोत्रको मात्र संरक्षण भएको देखी कुलको संरक्षणको लागि छोरी नै आवश्यक भएको ठानी त्यसैमा उपचार गर्ने जोड दियो । नभन्दै सफलता पनि पायो । करोडपति ज्यादै खुशी भयो र वैद्यकी कान्छी छोरीलाई प्रशस्त सम्पत्ति दिई निरन्तर उपचारमा लाग्ने प्रेरणा दिएर आफू स्वदेश फर्क्यो ।

वैद्यकी कान्छी छोरीले बाबुको पेशामा निरन्तर लाग्न थालेपछि उसले पनि आफ्नो बाबुले झैं प्रसस्त नाम पनि कमाई । तर उसलाई आफूले नाम र दाम कमाएकोमा केही मतलब थिएन । उ आफू छोरी भएर जन्मी बाबुको गोत्र संरक्षण गर्न नसके पनि बाबुको पेशा संरक्षण गरी पछिसम्म पनि दृढ भएर रहन सकेकोमा बाबुको कुलकै संरक्षण गरेको सम्झी ज्यादै सन्तुष्ट भई । उ आफूले जानेका सारा विद्या परन्तुसम्म मानवकल्याणमा उपयोग भइरहुन् भन्ने हेतुले आफ्ना परिवारको छोरामा मात्र सीमित नराखी इच्छित व्यक्तिहरूलाई समेत सिकाई बाबुको अनुसन्धानलाई चारैतिर फिजाई दिई ।

तहाचल, छाउनी
ग–१/१६० काठमाडौं–४,

श्री ५ महाराजाधिराज सरकारको
५५ औं शुभ-जन्मोत्सवको शुभ अवसरमा
मौसूफको दीर्घायुको लागि हार्दिक मंगलमय
शुभकामना चढाउँछौं ।

नगर विकास कोष
परिवार
नयाँ वानेश्वर, काठमाडौं

श्री ५ महाराजाधिराज सरकारको
५५ औं शुभ-जन्मोत्सवको शुभ अवसरमा
मौसूफको सु-स्वास्थ्य, दीर्घायु एवं दीर्घ
सुशासनको लागि हार्दिक मंगलमय
शुभकामना चढाउँछौं ।

मेरिनोल नेपाल 'आशादीप'
(मानसिक विरामीहरूको पुन:स्थापना केन्द्र)
सिफल, काठमाडौं

कविता

सिपाही

– रामबाबु सुवेदी

अहो ! भक्षक छन् कोही म त रक्षक रक्षक
अहो ! तक्षक छन् कोही म त कम्जोरको हक
म लड्छु देशको निम्ति मातृत्व छ शिरोपर
म मर्छु देशको निम्ति र बन्छु अजरामर ।

१

म हुँ विश्वासको ढोका म खुल्दा खुल्दछे स्थिति
स्वदेशको म हुँ चेत चेतनाको नयाँकृति
नठान्नू म सधैं खस्छु भई गोला र बारुद
कर्तव्यशील मान्छेमा अनुशासनको हद ।

२

मान्छे हिँड्छन् कुबाटोमा सुबाटोतिर मोड्छु म
आस्था रोपेर माटोमा श्रद्धा-सुमन गोड्छु म
सीसाका गोल गोलीले जालझेल फुटाल्दछु
देशलाई उचालेर आफैलाई उचाल्दछु ।

३

सिपाही सबको भाइ भाइलाई अँगाल्दछु
मान्छेका घरदैलोमा न्यायको दीप बाल्दछु
आफैलाई जलाएर ज्योति झिक्न तयार म
हेर ! हेर !! म एक्लै छु तर लाख हजार म ।

४

बिरालो ड्यार्र गर्दैछ जातका दालभातमा
समस्यामय आक्रोश मान्छेका माथमाथमा
बाध्यताले म लड्दैछु छियाछिया छ हिर्दय
मान्छे मान्छे सधैं लड्दा हात लाग्छ पराजय ।

५

सिपाही सीपको टोली टोलीमा लोलिदै छु म
माटोलाई उठाएर माटोमा डोलिदै छु म
उराल्छु एकतालाई समतामय धूनले
पुज्छु मानवतालाई बास्नादार प्रसूनले ।

६

हतियार उचालेर मेटिन्नन् जगका चर
तथापि म उचाल्दैछु हतियार बराबर
नर वानर दोटै छन् हेर ! हेर ! अगाडि हे !
नरलाई नमस्कार नीच वानरलाई के !

७

अन्यायले सिमा नाघ्दा आक्रोसिन्छ बहादुर
बेढङ्गी चालले चल्दा खल्बलिन्छ चराचर
ध्वंस-विध्वंसका नारा मेट्छन् धीर सुधीरले
धर्ती नै काँधमा राखी उचाल्छन् शूरवीरले ।

८

हतियार म पुछ्दैछु यो पुछ्नु देश पुछ्नु हो
प्रत्येकपल उठ्दैछु म उठ्नु देश उठ्नु हो
उठीउठी म चुम्दैछु उच्च नेपालको शिर
ममताको महुँ बिन्दु बिन्दुभित्र चराचर ।

९

म एक्लै पनि बज्रन्छु मान्छेले दुःख पाउँदा
सोझाका शिरमा कालोमैलो बादल छाउँदा
मान्छे नै हो महाज्योति ज्योतिलाई सराउँछु
ज्योतिकै पहरा दिन्छु ज्योतिभित्रै हराउँछु ।

१०

सिपाही किन चाहिन्छ ? स्वयं म प्रश्नचिन्ह हुँ
सिपाही नभई ह[illegible] उत्तर नै म हुँ
स्वयं प्रश्न [illegible] उत्तरभित्र छु
चित्रमा म जमेको छु, भित्रभित्र विचित्र छु ।

११

सरकारको पार्थक

कुनै हतियारले यति निर्ममतापूर्वक काट्दैन जति व्यङ्गचले – **सिड्नी**
वास्तवमा स्वर्ग र नरक सुख र दुःखको मापदण्ड हो – **सतपाल**
शान्तिको विजय पनि युद्धको विजयभन्दा कम हुँदैन – **मिल्टन**

भेटघाट – कृष्ण प्रधानसँग

साहित्यकार कृष्ण प्रधान मुलत: कविता एवं समालोचनापट्टि विशेष चाख राख्नुहुन्छ । उहाँको जन्म २०१२ साल जेठ ४ गते पाँचथर जिल्ला यासोक ३ मा भएको हो । उहाँ नेपाल राष्ट्र बैंक थापाथलीमा कार्यरत हुनुहुन्छ । उहाँको पिता स्व. बमप्रसाद प्रधान र मातादुर्गादेवी प्रधान हो । २०२७ सालदेखि हालसम्म निरन्तर साहित्य साधनामा तल्लीन साहित्यकार प्रधानले अर्थशास्त्र विषयमा एम.ए. र कानून विषयमा बी.एल.गर्नु भएको छ ।

प्रस्तुत छ – अरुणबहादुर खत्रीद्वारा सोधिएको प्रश्नको संक्षिप्त उत्तर ।

१. साहित्य कस्तो हुनु पर्छ ?

– साहित्य मन र भावनालाई चुर्लुम्म डुबाएर आभ्यन्तरिक आनन्द दिनसक्ने हुनुपर्छ । यो मेरो सोचाइ हो, तर 'यस्तै चाहीं' हुनुपर्छ भनेर कसैले पनि नमूना दिएका भने छैनन् ।

२. लेखक के का लागि लेख्ने गर्छन् ?

– मेरो विचारमा 'लेखक' एक उच्च बौद्धिक नागरिक भएकाले उसले लेख्ने कुराहरू उसका लेखनले समाज, राष्ट्र र चेतनालाई नै प्रभाव पार्नुपर्छ भन्ने रहेको छ । सायद लेखन पनि यस्तै हुनुपर्छ कि ?

३. लेख रचनाहरू छापिए वापत पारिश्रमिक पाउँदा कस्तो लाग्छ ?

– मलाई त बढो आनन्द लाग्छ – तलब पाएको भन्दा पनि बढी आनन्द । तर, म पारिश्रमिकका लागि नै भनेर लेख्ने गर्दिनँ ।

४. साहित्यिक पत्रिकाहरूप्रति पाठकको आकर्षण नहुनुको कारण के होला ?

– आम पाठकमा साहित्यिक अभिरुची बढाउने वातावरणको अभाव भएर हो । भने, साहित्यका नाममा भाँडभैलो साहित्यिक पत्रकारिता पनि जिम्मेवार छ यसमा । मैले यसबारे धेरै ठाउँमा भनी पनि सकेको छु ।

५. नेपाली साहित्यमा लागेर भविष्यमा के गर्ने योजना छ ?

– हाल त्यस्तो कुनै योजना त छैन । योजनाहीन साहित्यिक यात्रामा पो छु कि यतिञ्जेल ? तर पनि, भित्री इच्छा भने समालोचनामा केही गर्न पाए हुन्थ्यो भन्ने रहेकै छ ।

६. पुरस्कारका दृष्टिले तपाई आफ्ना समकालीन एवं कनिष्ट भन्दा पछि परेको जस्तो लाग्दैन ?

– 'पछि पर्नु' र 'अघि पर्नु' भनेको पुरस्कारले नाप्दैन । 'पुरस्कार' का लागि भनेर नाक फुलाउँदै हिँड्ने गर्नु राम्रो होइन कि ?

७. तपाईंलाई कस्ता किसिमका लेख रचनाहरू बढी मन पर्छन् ?

– हृदय छुने खालका, भावनामा भिज्ने, हार्दिक र कोमल, ललीतमय ।

८. लेख्नु पर्दा लेखनमा कुन समय छान्नुहुन्छ ?

– मेरो खासै समय हुँदैन । म जुनसुकै समयमा पनि लेख्न सक्छु । तर त्यो भावना/मुड पनि आउनु पर्छ । म बढी Stress मा लेख्न सक्छु ।

९. तपाईंलाई साहित्यिक कार्यक्रमहरूमा जान कत्तिको मन लाग्छ ?

– खासै रुची लाग्दैन । साथीभाइले करै गर्दा वा आफूले नबोली नहुने स्थिति छ भने वा निम्ता पाएका ठाउँमा जान्छु ।

१०. तपाईं साहित्य बाहेक अन्य के केमा रुची राख्नुहुन्छ ?

– साहित्यिक कृति र पत्रपत्रिका पढ्ने, फुटबल हेर्ने, टेबुलटेनिस खेल्ने, पढाउने आदि ।

११. तपाईं कसका लागि र किन लेख्नुहुन्छ ?

– म इमान्दार पाठकको लागि लेख्छु । तर, सधैं पाठक मेरा निजी नहुन सक्छन् । मैले लेखेकाले कसैको मन छुन र भिज्न सक्यो भने त्यो नै मेरो लेखनको उद्देश्य

पुरा हुन्छ कि !

१२. तपाईंका प्रकाशित कृतिहरू के के छन् ?

– मेरा प्रकाशित पुस्तकाकार कृतिहरू हुन्–

१. मौन पहाड (कवितासङ्ग्रह)

२. आत्मवाद (कविता र काव्य)

३. म भग्नावशेष बूढो: भीमसेन थापाको दरवार (कविता र काव्य)

४. सूर्य स्नान (कवितासङ्ग्रह)

५. समकालीन समालोचना (समालोचना)

६. नेपालमा बाणिज्य बैंकिङ्ग: उपलब्धि र चुनौती

७. नेपालमा ग्रामीण बैंकिङ्ग व्यवस्था

प्रकाशनको तयारीमा:

क) पानीका जलक्रीडा (श्रृङ्खलाबद्ध कविता)

ख) समालोचना – एक

ग) अग्नीबीज (कवितासङ्ग्रह–जन अन्दोलन पछिका)

घ) निवन्धसङ्ग्रह–एक

ङ) वैंकिङ्ग विषयक – एक

१३. हालसम्म तपाईंले साहित्यतर्फ कुनै पुरस्कार पाउनु भएको छ ?

– निम्न पुरस्कार पाएको छु: (उल्लेख गर्न योग्य)

१. कविता महोत्सव (२०४९ ने.रा.प्र.प्र. मा स्वर्णपदक)

२. श्रप्टा पुरस्कार (सिक्किम, भारत)

गीत

विदेशिएको नेपाली व्यथा

– चन्द्रबहादुर क्षेत्री

स्वदेशको माया मुटुमा गाँसी बाँचेको नेपाली
कल्पनासँगै मितेरी लगाई हाँसेको नेपाली
बाध्यतारूपी विदेशी बसाइ सहजै टार्दछ
कर्तव्य आफ्नो नभुलीकन अगाडि बढ्दछ ।

पिर र व्यथा लुकाई आफ्नो मुटुको कुनामा
मुसुक्क हाँस्छ वेदना ढाकी नेपाली धुनमा
त्यो नौलो जोश जाँगर बोकी विदेश पसेको
दु:ख र कष्ट वेदना खप्न कम्मर कसेको ॥

त्यो डाँडा पाखा नेपाली भूमि सम्झन्छ झर्लक्क
हुँदो हो उसको त्यो मन उतै फर्कु कि फरक्क
वेदना बोकी हिंडेथ्यो उता फर्कियोस् कसरी
चर्किन्छ उसको नेपाली छाती दुख्दछ बेसरी ॥

दैवको लेखा सम्झेर फेरि त्यो मन मुलाउँछ
सुनौलो दिनको कल्पना गर्दै आशादीप जलाउँछ
कर्तव्य आफ्नो सम्झन्छ फेरि मर्दको नाताले
दुईथोपा आँशु खसाली दिन्छ मुटुको व्यथाले ॥

अभिवादन !

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको ५५ औं शुभजन्मोत्सवको महान् उपलक्ष्यमा मौसुफ सरकारको सुस्वास्थ्य, चिर जीवन एवं सर्वात्रिक माङ्गल्यका लागि श्री परमेश्वरसँग हृदयत: प्रार्थना गर्दै सरकारमा भक्तिपूर्वक अभिवादन चढाउँदछौं ।

जनक शिक्षा सामग्री केन्द्र लिमिटेड परिवार

सानोठिमी, भक्तपुर

गीत

– रमेशजङ्ग सिजापति

जीवन यो सादा कागत हो लेखिन्छ फरक
यौवन यो पाटा वसन्त हो भोगिन्छ फरक ।

किनार छोई बग्नै पर्छ आँसु–हाँसो भई
संसारलाई बुझ्नै पर्छ मुटु–माटो भई ।

इन्द्रेणी रङ्ग क्षितिज छेउ धर्ती गगनमा
वसन्ती हावा हृदय छेउ प्रीति मगनमा ।

तृष्णा हो नदी बग्छ बेगमा फर्कने आशागरी
सम्झना दीप बल्छ दिलमा ननिभ्ने वाचागरी ।

यात्रा पर्छ उकाली ओराली यही हो जीवन
कहाँ पर्छ अँधेरी जूनेली यही हो बुझन ।

– मध्यपुर ठिमी-१७

गजल

– विवश पोखरेल

खुसी मागेको थिएँ आँखामा पानी दियौ
एकान्तमा सम्झी रुने अनौठो बानी दियौ ।

थाहै नपाई ओठहरू अनायास ढुङ्गा भए
उपहारमा हरे ! यो कस्तो जवानी दियौ ।

मुटुमा टाँसेर तिम्रो तस्वीर अचेल रात बित्छ
पीरमा टाउको लुकाउने भ्रमको सिरानी दियौ ।

उज्यालोको मोहमा कुराएर एउटा सिङ्गो रात
प्राप्तिमा खग्रास लागेको रोगी बिहानी दियौ ।

.खुसी मागेको थिएँ आँखामा पानी दियौ
एकान्तमा सम्झी रुने अनौठो बानी दियौ ।

आरोहण
पो.ब.नं. ६० विराटनगर ।

गीत

– रमहरि ढुंगाना

कसलाई आफ्नु भनुँ मैले, कसलाई पराई भनि जानुँ
सुखमा छन् सबै वर, दुःखमा ती सबै प...र

नियतिले जिन्दगीलाई सधैं डोऱ्याउँदो रै'छ
दुःख सुख पालैसँग साथसँगै हुँदो रै'छ
सुदिनमा सुखसँगै, कुदिनमा दुःखसँगै
जिन्दगीनै हाँसो आँसु भोग्ने यौटा कसी रै'छ ।

सुख बाँड्न सरल छ, दुःख बाँड्न कठीन रै'छ
दुःख गन्ध आउनासाथ आफ्नो पराई हुने रै'छ
रगत भन्नु, नाता भन्नु लोकको भन्ने चलन रै'छ
साँच्चै दुःख झेल्नु पर्दा मात्र एक्लो पर्दो रै'छ ।

कसलाई आफ्नु भनुँ मैले .....

कोटेश्वर, काठमाडौं

गीत

– छायादत्त न्यौपाने 'बगर'

कर्मठ जाति नेपाली जोस र जाँगर झिक ल
मुटुमा माया सँगाली ज्ञानको ज्योति छर ल ।

पुर्खाका तिमी सन्तति मेची काली घुम ल
हिमाल, पहाड, तराई उपत्यका नबिर्स ल
डाँफे मुनाल गौंथली हात्ती र गैंडा नचलाऊ ल
शिक्षाको ज्योति छरेर देशको माटो सजाऊ ल ।

बाँसको चोया कपेर डोका र नाङ्ला बुन ल
साग सिस्नो ढिँडो खाई प्रगतिपथमा लाग ल
प्रकृति तिम्रो सम्पत्ति खोलाका बगर सजाऊ ल
छातीले गोली छेकेर देशको माटो जोगाऊ ल

कर्मठ जाति नेपाली जोस .....

हुवास–८ पर्वत

कथा

स्मृतिमा अल्झिएका अन्तरद्वन्द्वहरू

पुष्पलता आचार्य

अदालतमा दस्तखत गर्दै उसले भनेथ्यो – 'बिनु ! यस दुनियाँमा अब तिमी र म बीच बराबर लामो दूरी अरू कोहीसँग रहेन ।' छोरा अलिक ठूलो भएकोले उसले राख्यो, छोरी अलिक सानी भएकीले कानूनको हद र उमेरसम्मको लागि मैले राख्न पाउने भएँ । हामी अदालत्को ढोकाबाट छुट्टिएको धेरै दिन भैसकेको छ ।

सुप्रभात, शुभरात्रि जान्छु बस ल, पर्खिरहन्छु चाँडै आउनोस् है आदि जस्ता शब्दहरू सम्झदा मात्र पनि मुटुमा बादल लागेर आँखामा साउन वर्षन्छ । उसलाई एक पटक पुलुक्क हेर्नको लागि मात्र भए पनि गाग्रीभरी पानी भए पनि त्यो पानी फ्याँकेर ढुङ्गे धारा जाने गर्छु । सुप्रभात शब्दलाई ओठभित्रै कैदी बनाउँछु । छोरी स्कूल पुऱ्याउन बस बिसौनी जान्छु । छोरा पुऱ्याउन ऊ पनि बस बिसौनी आएको हुन्छ । पुलुक्क हेर्छु– तर मुसुक्क हाँस्न सक्तिनँ । केही चिने झैं गर्छु, केही नचिने झैं गर्छु । छोराको साथमा बस चढ्ने बेलामा मेरो मायाले हो वा बस बिसौनीको मायाले हो एक पटक फर्केर पछाडि हेर्ने गर्छु । ऊ चढेको बस हेरिरहन्छु । बस नदेखिने भइसकेपछि गह छिचोल्न लागेको आँसुलाई सारीको आँचलले स्याहार्ने गर्छु ।

बिहान अबेलासम्म मस्त निदाई रहेकी छोरीको अनुहारमा उसको तस्वीर देख्छु । तर उसले छोराको अनुहार नियालेर कहिल्यै हेरेको छ कि छैन ? छोराको अनुहारमा मेरो झझल्को शायद उसले पाउँदैन कि ? कोठामा सजाएर राखेको मेरा प्रमाण-पत्रमा आफ्नो नाम हेर्छु । उसको थरले मेरो नाम सजाएको पाउँछु । भाँचिएको हड्डी जोडिँदो रहेछ, चुँडिएको डोरी गाँसिदो रहेछ । तर टुक्रिएको नाता जोड्न नसकिने रहेछ । तरबार हैन सानै कदले पनि नाता काटिँदो रहेछ । नाता छुटे पनि माया नटुट्ने रै छ । त्यसैले मानवताको नाताले मात्र भए पनि केही बोल्छु भनेको बेला भेटै हुँदैन, जम्का भेट भएको बेला बोली फुट्दैन ।

ऊ जिँउदै छ र पनि आज मेरो सिँउदो रोइरहेछ । लाग्छ– सिन्दूरको बट्टा र पोतेको झुप्पा पोको पारेर बिहानै ढुङ्गे धारामा भेटेर सबैको आँखा छलेर उसको हातमा सुटुक्क राखी दिउँ ... । तर उसले नसमाति त्यतिकै छोडी दियो र फ्यात्त भुँइमा खस्यो भने .....?

जब जब उसले मलाई बोलाई बोलाई देखाउने गरेको खुशी आँसु र रहरहरू मैले देख्ला कि जस्तो लुकाउन थाल्यो, सुत्न अपठेरो भयो भन्ने बहाना गरेर डबल बेडलाई सिङ्गल बेड बनाउन थाल्यो, मैले केही भन्नको लागि आँ..... गर्नासाथ मैले भन्न खोजेको सबै कुरा बुझ्ने मान्छेले चिमोटी चिमोटी बोलाउँदा पनि व्यस्तताको नाममा बोलचालको भ्यासेक्टोमी गऱ्यो अनि मायाको विरूवामा जति मल पानी राखे पनि हरियो फर्केर आउँदैन भन्ने प्रष्ट भयो । त्यसपछि उसलाई पछ्याउँदा पछ्याउँदा थाकेर जीवनको यात्रामा उसलाई कहिल्यै नभेट्ने भए पछिनाता छुटेको प्रमाणित गर्न सम्बन्ध विच्छेदको कागजमा दस्तखत गर्नु सिवाय मेरो लागि अरू विकल्प नै रहेन । नाता टुटेको यो अवस्थामा आफन्तहरूकोमा जान खोज्दा रूँदा रूँदा थाकेका आँखाहरू र कलेटी परेका ओठहरूले प्रश्न चिन्ह बनेर बाटो छेक्छन् । वलजफ्ति नाघेर गइहाले पनि उसको विषयमा सोधनी हुँदा मनमा पहिरो जान्छ, अनि डेरामा फर्कने बाटो बिराउन मन लाग्छ । यस्तै क्रममा मलाई त यस्तो लाग्छ वास्तविकता विछोड हो भने मिलन एउटा दुर्घटना मात्र हो । ऊ सँगको मिलन पछि अहिले मेरो जिन्दगी घोप्टे भीरसँगको मिलनपछि थाइ विमानको डढेर कच्याक कुचुक भएको एउटा टुक्रा जस्तै भएकोछ, जसलाई न विमान भन्न मिल्छ न विमानको अङ्ग ? विवाह अघिको जिन्दगी जिन्दगीको एउटा अङ्ग थियो तर पछिको जिन्दगी .... ।

सपना त देख्छु हिँड्दै बोल्दाबोल्दै दिउँसै पनि । मेरो जिन्दगीको कालरात्रिमा सपना देखेर रमाउनु बाहेक अरू के पो बाँकी रह्यो र ? सपनामा उसले भन्ने गर्छ –

'विनु ! फेरि भेटौला ।' तर भन्नु पर्थ्यो – 'विनु कहिल्यै नभेटौं है ।'

सुत्ने बेलामा मेरा ओठको मायालु छाप उसको गालामा लगाइ दिएपछि मात्र ऊ निदाउँथ्यो । बिहान उठेर आफ्नो गालामा मेरो छाप देखाउँदै सुप्रभात भन्थ्यो ..... । बिहान दुङ्गेधारामा लुकी-लुकी नियाली-नियाली उसको गालामा हेर्छु, मायालु छाप त्यहाँ देखिन्न । शायद विना छाप नै निदाउन थाल्यो क्यारे । अचेल बिहानै सुप्रभात कोसँग भन्छ होला ? उसले ती शब्दहरू बिर्सी पो सक्यो कि ? तर हामी दुईका मिलन, जीवनको वाल्यकाल त्यतिबेलाको तोते बोली मैले भने विर्सन सकिनँ । जिन्दगी उसले राम्ररी बुझ्यो क्यारे, तर मैले सकिनँ । उसको अँगालोमा कसिएर केही क्षण हाँस्ने मौका त पाएँ तर उसैको काख सिरानी लगाएर काख भिज्ने गरी रूने धोको भने अपूरै रह्यो ।

ऊ जीवनको आधा अङ्ग थियो । म उसको वैशाखी थिएँ । म पनि उस्तै आधा थिएँ । ऊ मेरो वैशाखी थियो, दुई जना मिलाउँदा एउटा सिङ्गो जिन्दगी बनेको थियो, छुट्न त पर्ने कठै ! चितामा चढ्ने बेलामा ....तर दुर्भाग्यले अलिक अगाडि नै छुटेका छौ । केही अगाडि जोडिएका थियौं । केही पछाडि छुट्यौं ।

रेल आउने स्टेशन जस्तो रहेछ यो जिन्दगी । कुन बेला रेल छुट्छ, थाहा हुन्न । ऊसँगको बिहे पनि रेलको डब्बामा भेटिएको यात्री झैं भयो । एक दिन भेट भयो । परिचयको आदान प्रदान भयो । माया प्रेम बस्यो । ठेगानाको आदान प्रदान भयो । चिट्ठी पत्र लेख्ने बाचा बन्धन भयो । छुट्टिने बेलामा दुबैका आँखाभरी आँसुका थोपाहरू देखा परे । अनि केही घण्टामा नै सबै कुराकानी सपना जस्तो भयो । कोहीसँग भेटेको कुरा यौटा अर्थहीन झझल्को भयो – बस सिद्धियो ।

बाटोमा कहिलेकाहीँ भेट भइहाल्छ । आखिर हामी यौटै सहरमा छौं । कहिले ऊ अघि हुन्छ, कहिले म पछि । कहिले म अघि हुन्छु, ऊ चाहिँ पछि । चूपचाप बाटोमा हिंड्छौं । अपरिचित व्यक्तिहरू झैं लाग्छ, हाम्रो यस अघि कहिल्यै पनि भेट भएको थिएन । कहिल्यै देखा देख पनि भएको थिएन । एकदमै अनभिज्ञ, अपरिचित हाम्रो संम्बन्ध, हाम्रो नाता ।

'कान्तिपुर' दैनिक पत्र सँधै पढ्ने गर्छु । सबभन्दा पहिले समवेदनाको कलमतर्फ ध्यान जान्छ । एक दिनको समवेदनामा तिम्रो फोटो जस्तो लाग्छ । त्यही घुम्रेको कपाल, त्यही खुल्ला र फराकिलो छाती, तिनै मायालु आँखाहरू सधैं भइरहने कुनै दुर्घटनाको शिकार पो तिमी भयौ कि भन्ने लाग्छ । म नाम पढिरहन सक्तिन । मेरो छाती एकदमै भारी भएर आउँछ । मलाई रक्तचाप धेरै उच्च भएको जस्तो लाग्छ । म चिच्याउँछु – मेरो दिनेश .... मेरो प्यारो दिनेश । तर त्यहाँ नाम भने प्रमेश हुन्छ । म मनलाई बलियो बनाउन खोज्छु – न दिनेश मेरो केही हो, न प्रमेश । न प्रमेश मेरो कोही हो न दिनेश ।

मलाई किन हो – धेरै रातिसम्म निद्रा आउँदैन । प्रसङ्ग प्रसङ्गका धेरै कुराहरूले मानसिक तनावमा हुन्छु । निद्रा नआउनुमा तिमी पनि गाँसिन्छौ । अनि त्यो रात, रातभरि म विल्कुल निदाउन सक्तिनँ । आँखाहरू सबै काँचा हुन्छन् । शरीर धेरै थाकेको हुन्छ । तिम्रो अनुहारले आएर चिमोटी रहन्छ, चिलले झैं मलाई ठुंङ्गि रहन्छ । मलाई आफू वेवारिसे लास भएको अनुभूति हुन्छ । ट्वाल्ल आँखा हेरिरहेको लास ! म झसङ्ग हुन्छु र मुर्छा पर्न खोज्छु ।

भइगयो, मलाई सपनाको किनार चाहिन्न । म कुनै पनि रङ्गहरूमा डुब्न मन पराउँदिनँ । मलाई खालि सेतो रङ्ग मन पर्छ । म कागज जस्तै सेतो छु । मलाई तिमीले बिर्सीदेउ । मानौं म नलेखिएको इतिहास हुँ । म कहिल्यै थिइन, न भोलि म कहिल्यै हुनेछु । भैगो ती सबै बालुवाका घर थिए । नदी किनारमा बनेको यौटा बाढीले उहिल्यै त्यस घरलाई बगाई दिइ सकेको छ ।

म त्यो निर्जन जङ्गल हुँ । म त्यो शून्य किनार हुँ । म त्यो खाली आकाश हुँ जहाँ कुनै तारा छैन । म कुनै हराभरा जङ्गलको खाली भाग हूँ । म पानीको यौटा लहर विहीन भाग हुँ । मलाई कुनै अर्थ नदिनू । मलाई कुनै सम्झने प्रयास नगर्नू ।

आउने दिनहरूलाई विदा । यो जिन्दगीलाई विदा । यो सपनाहीन सपनालाई विदा ! विदा !!

नयाँवानेश्वर–३४

कविता

गजल

– चङ्कि श्रेष्ठ

साँच्चै ठान आगोका यी फूल मलाई प्यारो लाग्यो ।
आज फेरि विद्रोहको हुल मलाई प्यारो लाग्यो ।

काँडाको सामु हरदम झुकेको छ फूल यहाँ
कोमल यी फूलभन्दा त्रिशूल मलाई प्यारो लाग्यो ।

खेल उही, सन्त्रास उही, आभाश पनि उही छ ।
नयाँ नयाँ सपनाको मूल मलाई प्यारो लाग्यो ।

कठिन अति कठिन छ जिन्दगीको यात्रा मेरो,
पारि पुग्ने जिन्दगीको पुल मलाई प्यारो लाग्यो ।

कसले थुन्न सक्छ आखिर हावालाई पिंजरामा
पर्खालभन्दा स्वाधीनताको तूल मलाई प्यारो लाग्यो ।

साँच्चै ठान आगोका यी फूल मलाई प्यारो लाग्यो ।
आज फेरि विद्रोहको हूल मलाई प्यारो लाग्यो ।

गुण्डू, भक्तपुर

गीत

– ध्रुव रहम

कति राम्रो हुन्थ्यो होला जोड्न पाए पुल
दुई किनाराबीच फूलोस् मखमली फूल ॥

तिम्रै तस्वीर जतातते देख्छु जहिँतहिँ
भेट हाम्रो सधै होइन हुन्थ्यो कहिलेकाँहि
तिम्रै तस्वीर यो मनमा राखी गरे भुल
दुई किनारा बीच फुलोस् मखमली फूल

नजाउ अन्त अब यतै फर्किबसे हुन्थ्यो
धेरै होइन थोरै-थोरै पर्खिबसे हुन्थ्यो
कहिले होला फुट्ने हाम्रो मिलनको मूल
दुई किनारा बीच फूलोस् मखमली फूल

काठमाडौं

विलखबन्द

– नारायण 'गोदारे'

काठमाडौं शहरमा, सबै राहत केन्द्रित भो ।
सहयोगमा छाप्रो लाउँदा नौमुरी ऋण थाप्लोमा भो ।

तीर्खा मेट्न धारामा पानी हजुर ! आएन.....
करेसावारीका रहर पनि मरुभूमिमा परिणत भो ।

फूल फुलाउने रहर थियो धुँवाँधार धुलीकण चल्यो
ढलबन्द, सडक भत्की विलखबन्दमा राजधानी पऱ्यो ।

जुन जोगी आए पनि हजुर कनफट्टा झैं लुँड्याएर गयो
रोग निदान गर्न हजुर औषधिमुलो हुनु पर्थ्यो ।

त्रिशूली र मेलम्चीले उपेक्षामा रहनु पऱ्यो ....
काठमाडौंका बासिन्दाले खडेरी यस्तै भोग्नु पऱ्यो ।

गजल

– यदुनाथ बन्जारा 'चिन्तक'

लाखौं दु:ख झेलिरहें मिलनको आशमा
स्वर्ग जस्तै आनन्द छ रुखमुनिको वासमा

कति मित्र पराई भए तिम्रो भरमा बस्दा
मनै मेरो हलुका भो पिडाका आसुँ खस्दा

अर्ति जस्तै लाग्छ मलाई तिमीले गाली गर्दा
सिधै स्वर्ग पुग्छु होला तिम्रो काखमा मर्दा

आँसु पिउँदै प्यास मेटें प्रतीक्षाको तटमा
तिमी विना जिउँदै जलें पीडाघाटको खटमा

चाहिंदैन मीठो भोजन सिस्नु खोले खाउँला
हाँसी खुसी यी नजरमा माया फुलाउँला

सक्दिन म एक्लै बाँच्न छिटै सम्झी आऊ
रोइ रहने यो आत्मामा मृदु मुस्कान ल्याऊ ।

त्रिपुरेश्वर, काठमाडौं

यात्रा-संस्मरण

डोल्पाबासीको आस्थाकेन्द्र त्रिपुरासुन्दरी

कृष्णप्रसाद बस्याल

डोल्पा जिल्ला भ्रमण गर्न खोज्ने जो सुकैले पनि प्रसिद्ध त्रिपुराकोट भगवतीको दर्शन नगरी फर्कदा जिल्ला भ्रमण नै अधुरो हुन्छ भन्ने सुनेका थियौं । आद्य जगत् शंकराचार्यकी आराध्य देवी मानिएकी र समस्त डोल्पाबासीको आस्थाकी केन्द्र भएकी यी भगवतीको पूरा नाम बाला-त्रिपुरा सुन्दरी हो । वि.सं. १९९० साल देखि १९९२ सालसम्म श्रद्धेय खप्तड स्वामी यहीं बसेर तपस्या गर्नु भएको र त्यसपछि मात्र खप्तडतिर लाग्नु भएको भन्ने सुनेका थियौं । आज हामी त्यहीं पुग्ने सिलसिलामा बिहानको ६:३० बजे सदर मुकाम दुनै छोड्छौं । ठूली भेरीको किनारै किनार पश्चिमको मूलबाटो समात्छौं । धुपीचौर, रूपगाड हुँदै काला खोली पुगेपछि दुइटा बाटा फाट्छन् । दक्षिणतर्फ उकालो लाग्दा जुफाल विमानस्थल पुगिन्छ भने पश्चिमतर्फको तेर्छो बाटो त्रिपुराकोट, पहाडा, काईगाउँ, (पुरानो तिब्रीकोट जिल्लाको सदरमुकाम) हुँदै जुम्लातिर लाग्छ । बाटैमाथि करिव ५०/६० घर भएको रमाइलो गाउँ आउँछ जहाँ कार्की, काठायत, साउँद, क्षत्रीहरूको बाहुल्य छ भने केही घर ठकुरी पनि छन् । हामी हिंडेको बाटोमाथि कागुनो, चिनो, कोदो, मकै फापर राम्रै सित फलेका बारीका पाखा देखिन्छन् भने बाटामुनि खेतमा कालो सेतो गरी दुई किसिमका धान पाकेर काट्ने बेला भैसकेको देखिन्छ । खेतका आलीमा मास लगाइएको र राम्रै फलेको देख्दा खेतियोग्य जमीनको अधिकतम उपयोग भएको र कृपकहरूले जमीनको सक्दो प्रयोग गरेको सिद्ध हुन्छ ।

मोतीपुरको फेंद बाटैमा २/३ वटा होटल भएको भर्ती भन्ने गाउँ आउँछ । होटलमा ५ रुपैयाँ कपको चिया पिउँछौं । रुपैयाँ दाना भनेर बेच्न राखिएका स्याउदाना केही मन्दिरमा चढाउने र केही फर्कदा बाटोमा खाने उद्देश्यले किनेर झोलामा हाल्छौं । यो ठाउँ छोडी अगाडि बढ्दा ८/१० घर गोठ भएको सुको गाउँ आउँछ । सुको गाउँ खुर्सानीको निम्ति साह्रै प्रख्यात रहेछ । डाँडाभरि पाखावारीमा खुर्सानी पाकेर जतातते रातामय भएको अचम्मलाग्दो दृश्य देखिन्छ । साना-साना वोटमा पनि यति बाक्लो खुर्सानी फलेको छ कि खुर्सानीको पात, रूख, भुई केही देखिदैन । सुर्खानीको यो उत्पादन यहाँ गाउँ घरमा खपत भएर नसकिने हुँदा डोल्पाको उत्तरी (भोट) क्षेत्रमा अत्यधिक रूपमा निकासी हुन्छ । वास्तवमा यिनै औल क्षेत्रको खाद्यान्न र खुर्सानी डोल्पाको लेकाली भोट क्षेत्र हुँदै वस्तु विनियमको माध्यमले तिब्बतको भूमिसम्म पुग्दछ । अलि अलि कुलाको पानीले भेट्ने ठाउँमा टमाटर फलाइएको छ भने खेतका आलीमा प्रशस्त मास फलेको देख्न पाइन्छ ।

भेरीको किनार तेर्सै-तेर्सो अरू एकघण्टा हिंडेपछि एकदमै पुरानो भैसकेको र हल्लिने खालको भेरी माथिको झोलुङ्गे पुल तरी त्रिपुराकोट गा.वि.स.मा प्रवेश गर्छौं । यहाँ पनि दुइवटा बाटा फाट्छन् । यौटा चाहिँ दक्षिण पश्चिम हुँदै रकुम जाजरकोट तिर लाग्छ हामी भने उत्तर पश्चिमको बाटो लाग्छौं । त्रिपुराकोट गा.वि.स. पस्ना साथ प्रशस्त खेती योग्य जमीन देख्न पाइन्छ जसलाई जिल्लाकै अन्न भण्डार भने पनि अत्युक्ति हुने छैन । हिँउदे र वर्षे गरी दुइवाली सजिलै हुने हुँदा खेतमा धान पाकिसकेको छ भने पाखोमा मकै भाँचेर थन्क्याइसकिएको छ । अव महिना दिन भित्रमै कोदो पनि टिपेर भित्र्याउने बेला हुन्छ ।

अलिकति अगाडि बढेपछि सुन्दरी गङ्गा भन्ने सानो खोलो आउँछ जसमा वर्षैभरि पानी प्रशस्त हुनाले वरिपरिका खेतमा सिँचाइ गर्न सुविधा पुगेको छ । सुन्दरी गङ्गालाई स्थानीय बासिन्दा गल्लीगाड पनि भन्दछन् । यस क्षेत्रमा खोलालाई गाड भन्ने चलन छ । स्थानीय स्रोत साधनको अत्यधिक प्रयोग गरेर कर्णाली स्थानीय विकास आयोजना (KLDP) नामक गैर सरकारी संस्थाले सुन्दरी

गङ्गामा साह्रै राम्रो झोलुङ्गे पुल बनाइदिएको छ ।

नेदरल्याण्ड सरकारको पूर्ण आर्थिक सहयोगमा सञ्चालित KLDP नामक संस्थाले डोल्पा जिल्लाका ठाउँ ठाउँमा झोलुङ्गे पुल प्रशस्त बनाइदिएको छ । हालै निर्माण कार्य पूरा भएको यो पुलमा खोला बगरकै सेता ढुङ्गालाई कुँदेर कलात्मक रूपमा लगाइएको गारोमा सिमेण्ट प्रयोग भएको देखिदैन । झोलुङ्गे पुल तरेपछि बाटो केही उकालो र तेर्पाएँ लाग्छ । खेत बारी रमाइलो पाखा सकिएपछि वरिपरि होंचो जमीन भै बीचमा टापू जस्तो परेको जमीनको ढिस्कोमा प्रवेश गर्छौं । यही ढिस्को (थुम्को) को नाम त्रिपुराकोट हो र थुम्को शिखर (टुप्पो) मा रहेकी भगवतीलाई वाला त्रिपुरासुन्दरी भन्दछन् ।

त्रिपुराकोट गा.वि.स. वडा नं. २ मा पर्ने यो टापू जस्तो ढिस्कोलाई कोठगढी पनि भन्दछन् । अधिकांश चौविसी राज्य मध्ये यो पनि एउटा खस राज्यको राजधानी थियो । एकीकरण अभियानको सिलसिलामा कति प्रयास गर्दा पनि बहादुर शाहका फौजले भेरीमा पुल (साँधु) हाल्न सकेका थिएनन् । भेरी नदीमा पुल नहाली कोटगढी कब्जा गर्न कदापि सम्भव थिएन । त्यसबेलासम्म त्रिपुरा भगवतीको कुनैगुठीको व्यवस्था भैसकेको थिएन । बहादुर शाहका फौजका सेताधिपति प्रबल रानालाई स्वप्नमा मेरो गुठी राख्ने व्यवस्था गरेमा तिम्रो अभियान सफल हुन्छ भनी भगवतीबाट सपना भएपछि २८ मुरी खेतको गुठी स्थापना गरियो, फलस्वरूप भेरीमा साँधु लाग्न सक्यो र फौजलाई अघि बढ्ने शक्ति प्राप्त भएको हो । यी न्यौपाने ब्राह्मण जुम्लाका खल्लाबाडा भन्ने ठाउँबाट आएका हुन् र पछि यहीं बसाइँ सरेका हुन् ।

कोटगढी तिर लाग्नु अगावै खेत फाँटको पूर्वतिर त्रिपुराकोट गाउँ बस्ती छ, जहाँ जुम्ला खल्लालबाडाबाट आएका न्यौपाने थरका बाहुनहरू अघि देखिका रैंथाने विष्ट, कठायत, र फुलारा थरका क्षत्रीहरू र केही घर सार्कीहरू पनि छन् ।

कोटगढी पस्नु र मन्दिर पुग्ने सिंढी चढ्नु अगावै एउटा ठूलो फाटक (प्रवेश द्वार) आउँछ । यसको नजिकै खोला भन्ने ठाउँमा एउटा गादी छ जुन गादी (आसन)मा बसी भाइ भारदार वरिपरि राखेर उस बेलाका राजाहरूले मुद्दा मामिला सुनी न्याय निसापको काम गर्दथे भनिन्छ । गादी पछि थुम्कोको टुप्पोमा जाने सिंढी शुरु हुन्छ । सिंढी चढ्दै जाँदा तत्कालीन राजा विक्रम शाहीले बहादुर शाहको फौजसँग केही समय प्रतिरोध गरेको र नसकेपछि आत्म सर्मपण गर्नुभन्दा आत्महत्या गर्नु निको ठानी फौजको अगाडि आत्महत्या गरेको र उनको अवस्था देखेर उनैको स्वामीभक्त वीरे दमाइले पनि हात्महत्या गरेको ठाउँ आउँछ । राजा विक्रम शाही, उनकी रानी सुनकेशा र युवराज राजकुमारको सालिक भने धर्मशाला र मन्दिरको परिसर भित्रै छ ।

सिंढी चढ्दै जाँदा बीचैमा दक्षिणतर्फ लामो टहरो आउँछ जो त्यसबेला प्रशासकीय भवन थियो भनिन्छ । हाल यसमा हुलाक, स्वास्थ्य चौकी, गा.वि.स. भवन, सुपमा मेमोरियल ट्रष्टको अफिस, त्रिपुरा साँस्कृतिक तथा सामुदायिक विकास समिति २०३५ आदि सरकारी-गैर सरकारी सँस्थाहरू छन् । यही टहरोको उत्तरपट्टि सिंढी ओखल आकारको उउटा ठूलो चेप्टो ढुंगो देखिन्छ । किम्वदन्ती अनुसार यस ओखलमा स्थानीय गाउँलेहरू सबैले घर-घरबाट धान ल्याई कुट्ने गर्दथे । कारण गाउँले ढिकीमा धान कुट्दा आधा मात्रै चामल हुन्थ्यो तर यो ओखलमा कुट्दा धान बरावरै चामल बस्दथ्यो । यसमा कुनै अलौकिक शक्ति छ भन्ने ठानी स्थानीय कुमाई विष्टहरूले ओखलको उत्खनन गर्न थाले । रातो दिन खन्दै जाँदा सिंहवाहिनी भगवतीका ९ वटा मूर्ति प्रादुर्भाव भए । प्रत्येक मूर्तिका शिरमा घृतपूर्ण घडा थिए । घडा झिकी भुँइमा सार्ने बित्तिकै ९ वटै मूर्तिले ९ वटा पुतलीको रूप धारणगरी उडेर जान थाले । उडेर जाने मध्ये तीनवटा पुतली मात्र छोप्न सकियो जसलाई वाला, त्रिपुरा र सुन्दरी नामाकरण गरी यही (थुम्को) शिखरमा प्रतिष्ठापन गरियो । यो वि.सं. १४११ तिरको घटना हो । त्यसैवेला यहीकै कुमाइ विष्ट क्षत्रीहरू पुजारी रहने व्यवस्था भए पनि पछि जुम्ला खल्लालवडाबाट न्यौपाने थरका उपाध्याय बाहुन ल्याई पुजारी राख्ने व्यवस्था गरियो ।

अहिलेसम्म पनि उनै न्यौपाने बाहुनका सन्तानहरू नै पुजारीको रूपमा काम गर्दै आएका छन् । हालका पुजारी देवनारायण उपाध्याय न्यौपाने हुन् ।

सिंढी चढ्दै गएपछि मन्दिरको प्रवेशद्वारको रूपमा काठको कलात्मक ढोका आउँछ । ढोका भित्र प्रवेश गर्ना साथ एउटा निकै ठूलो घण्ट देखा पर्दछ । अक्षर खिइसकेकोले कसले चढाएको हो बुझिदैन तापनि सोध खोज गर्दा तत्कालीन पुजारी हरिप्रसाद उपाध्याय न्यौपानेले वि.सं. १८८२ मा चढाएको भन्ने थाहा हुन्छ ।

यस भेकका ठूला र प्रसिद्ध देवस्थालहरूमा चारैतिर धर्मशाला (पाटी) ले घेरिएर बीचमा मुख्य मन्दिर बनाइएको हुन्छ । यस अघि जुम्लाको चन्दननाथ भैरवनाथ र सिंजाको कनकासुन्दरी मन्दिर पनि यस्तै किसिमले निर्माण गरेको हामीले देखेका हौं । यसो गर्नुको कारण पाटीका कोठा-कोठामा कतै जोगी तथा भक्तजनहरू बस्ने कतै-कतै ब्राह्मणहरू बसेर पाठ पर्ने कतै ठूला-ठूला दमाहा (नगरा) राखेर साँझ बिहान बजाउने र कतै भजन किर्तन गर्ने ठाउँ सजिलै र एकै ठाउँमा उपलब्ध होस् भनेर हुनु पर्दछ । त्यति मात्र नभै यसले गर्दा मन्दिर एउटा कम्पाउण्ड (परिसर) भित्र रहन गइ देवस्थल सुरक्षित र सफा-सुग्घर रहन जाने र चोक जस्तो रमाइलो र मनमोहक वातावरण पैदा हुन्छ । धर्मशाला र मन्दिरको बीचबाट मन्दिर परिक्रमा गर्न पर्याप्त ठाउँ हुन्छ यो मन्दिर पनि ठीक त्यस्तै शैलीको छ ।

यतिखेर हामी मूल मन्दिरको पूर्वतर्फ पृष्ठ भागमा छौं । पश्चिम उत्तराभिमुख मुख्य ढोकामा पुग्न अब बायाँतर्फ लागेर मन्दिरलाई दायाँ पारी घुम्नु पर्ने हुन्छ । यसरी घुम्दा दक्षिणतर्फ धर्मशालाको एउटा ठूलै दलान जस्तो ठाउँमा केही भक्तजन र ब्राह्मणहरू दुर्गाकवच र भगवतीस्तोत्र पाठ गर्दै बसेका र एउटा भागमा खरानी घसेका जोगीहरू धुनीको वरिपरि बसेको देख्न पाइन्छ । यो धुनी अखण्डरूपमा बालिन्छ र धुनी अगाडि हवनकुण्डमा चैताष्टमी र बडादशैं नौरथाको नवैदिन होम गरिन्छ । यही पाटीको एक कोठामा योगी परमहंस सचिदानन्द सरस्वती (खप्तड स्वामी) वि.सं. १९९० देखि १९९२ सम्म तीनवर्ष तपस्यामा लीन भै योगसाधना गरी खप्तडतर्फ लागेका थिए रे । अरू पश्चिमतिर लाग्दा ५२ हात अग्लो ध्वजा पातका सहितको लिंगो देख्न पाइन्छ । जुम्ला जिल्ला सदर मुकाम खलंगा स्थित चन्दननाथ मन्दिरमा जस्तो यहाँ पनि ५२ हातको लिंगो राख्ने चलन र हेछ । यो लिंगो प्रत्येक चैत्राष्टमी र बडादशैंका महाष्टमीको दिन फेर्नु (नयाँ राख्नु) पर्दछ । लिंगोमा टाँगिने ध्वजा पताकालाई यहाँ नैजा भन्दा रहेछन् ।

पश्चिम उत्तर मूल मन्दिरको प्रवेशद्वार अगाडि एउटा मौलो छ जसमा बलिदिने गरिन्छ । बलि अघि पछि पनि दिने गरिन्छ तर बडादशैंमा नौरथाको नवै दिन र चैत्राष्टमीमा असंख्य बलि दिइन्छ । कालरात्रीमा एक राँगा मौलामा र २ बोका अलग्गै दिइन्छ । दशैंको नवमीको दिनमा र चैत्राष्टमीको दिनमा चाँही १४/१४ वटा बोका सरकारी स्तरमा पनि दिने प्रचलन छ । श्रावण संक्रान्तिमा १ बोका एक भेंडा र श्रीपञ्चमी, लक्ष्मी औंसी र श्रावण पूर्णिमाका दिन १/१ बोका गाउँलेबाट नाममात्रको शुल्क लिएर चढाउनु (बलिदिनु) पर्दछ ।

अब हामी मूल मन्दिर (जसको प्रवेशद्वार पश्चिम उत्तरतर्फ अभिमुख छ) प्रवेश गर्छौं । अष्टबाहु भगवतीको दर्शन गर्छौं । साथमा लगेको फूल भेटी र फल (बाटोमा किनेको स्याउ) चढाउँछौं । पुजारीबाट फूल प्रसाद र टीका ग्रहण गर्छौं । उसैबेला स्थापित गरिएका बाला, त्रिपुरासुन्दरी आदिका मूर्ति शिलाका रूपमा रहेका छन् । पछि पछि थपिएका शिवलिंग शालिग्राम, लक्ष्मीनारायणका शिला मूर्ति पनि वरिपरि रहेका छन् । तर मन्दिर स्थापना कालमा प्रतिष्ठापन शिला मूर्ति पनि वरिपरि रहेका छन् तर मन्दिर स्थापना कालमा प्रतिष्ठापन गरिएको चाँदीको ढलौटवाल अष्ट मातृकाको मूर्ति, चण्डिका, चामुण्डा, नृसिंह र वैष्णवका मूर्तिहरू २०२७-२०२८ सालतिरै चोरी भएको, सो चोरीमा जिल्लाकै नव धनाढ्यहरूको हात भएको, मूर्ति विदेश पुगिसकेकाले थाहा भएर पनि कसै माथि कारवाही हुन नसकेको, हालको मूर्ति चाँही पछि गाउँलेहरूले आफ्नो आस्थास्वरूप देवीको नाममा बनाई स्थापना गरेको (चढाएको) कुरा पुजारीको मुखबाट सुन्छौं । यो सुन्दा हामीमा

आउँदा खेरिको जस्तो उत्साह र उमङ्ग हराएर जान्छ । मलाई भने आफ्नै देश सम्झेर कतै एकान्तमा गई घोरिन (टोलाउन) मन लाग्छ तर यहाँ यति बेला त्यसो गर्ने समय र अवस्था थिएन ।

त्यस पछि धर्मशालाको पश्चिमी कुनाको एउटा ढोकावाट वाहिरिन्छौं जसमा केही खाली जमीन र चउर जस्तो खुला ठाउँ आउँछ । अलि परितिर ध्वजै ध्वजा झुण्डाइएको वीरस्थान भन्ने मन्दिर जस्तो सानो-सानो घर आउँछ । यो मन्दिर (स्थान) उही वीरे दमाईको सम्झना स्वरूप वनाइएको हो जो एकीकरण अभियानमा बहादुर शाहका फौज अगाडि स्वाभिमान पूर्वक आत्महत्या गर्ने विक्रम शाहीको शासनकालमा मन्दिरको बिगुल बजाउने काम गर्दथ्यो । राजा विक्रमशाहीको त्यो अवस्था देखेर स्वामीभक्त वीरे दमाईको स्वाभिमानमा ठूलो धक्का पर्न जांदा आफैले आफैलाई छुरी धसी आत्महत्या गरेको थियो । उसैको प्रेतात्माको शान्तिको लागि भनेर बनाइएको यो मन्दिर (स्थान)मा गाउँलेहरू आई आज पनि श्रद्धा प्रकट गर्ने गरेको कुरा यहाँ चढाइएका असंख्य बाजाहरूबाट ज्ञात हुन्छ । वरिपरि गाउँका दमाई जातिका मान्छे वरपर यहाँ आई हाँस, कुखुराको बलि दिने गर्दा रहेछन् ।

यो चहुर जस्तो ढिस्को साह्रै रमणीय स्थल छ । करिव ७००० फिट उँचाइमा रहेको यो ठाउँबाट चारैतर्फ नजर लगाउँछौं । उत्तरतर्फबाट छलगाड भनिने ताम्रवर्णी नदी ठाडै हानिदै आएर पूर्वबाट पश्चिमतर्फ बग्दै आएको भेरी नदीको विशाल जल राशिमा आत्मसात गरेको दृश्य (सङ्गम स्थल) ज्यादै सुन्दर देखिन्छ । यही छलगाडको सिरानतिर मुकुटेश्वरी भन्ने धार्मिक स्थल छ जहाँ छल देवताको प्रसिद्ध मन्दिर छ । स्थानीय बासिन्दा छल देवतालाई निक्कै मान्दछन् । त्यतैतिर प्राचीन राज्यहरूको दरवार थियो रे त्यहाँ पुग्न यस ठाउँबाट कसिएर तीन घण्टा उकालो हिंड्नु पर्दछ । विक्रम शाहीको दरवार पनि त्यहीं थियो रे । अत्यन्त धार्मिक प्रकृतिका त्रिपुरा सुन्दरीका अनन्य भक्त विक्रम शाही प्रत्येक दिन बिहान ३ वजे नै उठी भेरी नदी (जसलाई भैरवी गङ्गा पनि भन्दछन् र यति खेर हामी उभिएको कोटबाट आधा घण्टा दक्षिण ओराली हिंडेर मात्र पुगिन्छ) मा स्नान गरी बाला-त्रिपुरासुन्दरीको दर्शन र पूजा-आजा गरी कोट गढीको प्रवेश द्वारनेर रहेको गादी (खोला) मा आई दुनियाँको क्रय, विक्रय र मुद्दा मामिला सुनी, न्याय निसाफको काम सकी, भात खान दरवार फर्कन्थे रे । विक्रम शाही भन्दा अघिदेखि चलिआएको यो परम्परा उनी र उनी पछि पनि कायम थियो भन्ने भनाइ छ । १९९०-९२ सालतिर यहाँ तपस्या गर्ने खप्तड बावाले यो कुरा प्रत्यक्ष आफैले देखेको भनी बताएको सुन्ने मान्छे पनि गाउँमा अझै छन् ।

दक्षिणतर्फ आँखा लगाउँदा मुकुट हिमालबाट निस्केर सम्पूर्ण डोल्पा जिल्लालाई चिरेर पूर्वबाट पश्चिमतर्फ शान्त रूपमा बग्दै गरेको भेरी नदी देखिन्छ । जसलाई ठूली भेरी पनि भन्दछन् । हिउँ पग्लेर होला यति खेर भेरीको पानी उति कञ्चन छैन । पूर्वतिर हेर्दा कोटा गा.वि.स. का बाक्ला घर, गाउँ, खेत, फाँट र उत्तरबाट दक्षिणतर्फ बग्दै भेरीमा मिसिन आउने सुन्दरी गङ्गा (गल्ली गाड) र त्यसमाथि भर्खरै नवनिर्मित झोलुङ्गे पुल टड्कारै देखिन्छ । पश्चिमतर्फ भने लिकु, पहाडी, काईगाउँ जस्ता यस भेगकै उब्जाउ खेत-फाँट मिलेको गाउँ बस्ती र त्यसको शिरमा स्वेत, शुभ्र विशाल कान्जिरोवा हिमाल हाँसिरहेको छर्लङ्ग देखिन्छ ।

मन्दिर तथा धर्मशालाको रेखदेख सम्भार, मन्दिरमा हुने दैनिक नित्य पूजा र पर्व आदिमा हुने विशेष पूजा आजाको निमित्त बेला बेलामा दाता र धार्मिक व्यक्तिहरू गरी जनस्तरवाटै प्रशस्त खेतहरू गुठी स्वरूप राखिएको छ र त्यसको आयस्ताबाट बेलाबेला जीर्णोद्धार समेत हुने गरेको पनि हो र आजकाल भने गुठीको आयस्ता कतै जग्गा कमाउने मोहीको पेटमा परेको, कतै पुजारीबाटै लुकाइने गरेको आदि कुरा सुन्नमा आउँछ र यसबाट पूजा आजाको काम धान्न धौ/धौ परेको भन्ने पनि गुनासो सुनिन्छ । सरकारीस्तरमा भने सर्वप्रथम स्व. श्री ५ महेन्द्रबाट २०२० सालमा जुम्ला सवारीको क्रममा वार्षिक रू. ३६०/- निकासा हुने व्यवस्था भएको र हाल यो रकम बढेर वार्षिक रु. २७००/- डोल्पा माल कार्यालय मार्फत प्राप्त हुने

गरेको पनि ज्ञात हुन्छ । समस्त डोल्पा बासीको आस्थाकेन्द्र वनेर रहेकी त्रिपुरासुन्दरीको देवस्थलको संरक्षण र सम्बर्द्धनको निमित्त गुठी संस्थानले विशेष ध्यान दिनुपर्ने कुराको आग्रह सबैतिरबाट गरिएको पाइन्छ ।

गतवर्ष २०५३ सालमा श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकार को गद्दी आरोहण रजत महोत्सव देश भर मनाइयो । सोही अवसर र सरकारको ५३ औं शुभ जन्मोत्सवको पुनीत अवसरमा २०५३ साल पौष १४ गतेका दिन 'बालात्रिपुरासुन्दरी विकास अक्षयकोष २०५३' स्थापना एवं दर्ता गरी सो को विधान समेत तर्जुमा गरिएको छ । कम्तीमा एकलाख रुपैयाँको अक्षय कोष स्थापना गरी त्यसैको व्याजबाट देवस्थल, धर्मशाला आदिको संरक्षण र विकास गर्ने पावन उद्देश्य राखी खडा गरिएको यस कोषले कत्तिको काम गरेर देखाउँछ वा पदाधिकारीको नामावली प्रकाशन र प्रचारबाजीमै समय खेर जाने हो यो कुरा भविष्यको गर्भमै छ ।

अव हामी कोट-मन्दिर क्षेत्रबाट सिंढी ओर्लेर तेर्सै-तेर्सो गाउँतिर लाग्ने तयारीमा जुट्छौं । गाउँ प्रवेश गर्नु अघि एउटा सानो मन्दिर बाटै छेउ देखा पर्दछ । सोद्धा-बुझ्दा यो बटुक भैरवको मन्दिर हो र यसको शिला मूर्ति अघि १८४८ सालतिर न्यौपाने ब्राह्मणहरूले जुम्लाबाटै ल्याई अनुष्ठान गरी स्थापना गरेको भन्ने बुझिन्छ । खेतको बीचमा भएपनि बाटो नजिकै हुँदा यो मन्दिर पनि दर्शन गरी हामी कोट गाउँको न्यौपाने वडामा प्रवेश गर्छौं । बाडा भनेको कुनै खास ठाउँ वा टोल जस्तै हो । यो गाउँमा प्रत्येक घरका ढोका र झ्याल कलात्मक रूपमा बनाइएको देखेर छक्क पर्छौं । यस्तो दुर्गम स्थलमा पनि कलाका साधक र पारखी गाउँ गाउँमा छरिएर लुकेर बसेका रहेछन् भन्ने कुरा प्रमाणित हुन्छ । २०४५ साल देखि नै गल्लीगाडवाट ४ कि.वा. विजुली निजी प्रयासमा निकाली गाउँमा बाँडिएको छ । गाउँका शिक्षित र प्रतिष्ठित मानिएका लक्ष्मी नारायण न्यौपानेको घरमा पसी सामान्य चियापान गर्छौं । दिनको १२ बजिसकेकोले खाना पनि खाने आग्रह हुन्छ तर हामी सुन्दरी गङ्गानिरको होटलमा खानाको अर्डर पहिले नै दिएर आएकाले हामी उतै लाग्छौं । त्यस होटलमा पुगी खाना खाइवरी भेरीको पुल तरी जुफाल विमानस्थल तिरको उकालो लाग्छौं । ६००० फिटको भेरीको किनारबाट ८१०० फिट उँचाइमा रहेको विमानस्थल पुग्दा केही जाडोको अनुभव हुन्छ । डोल्पाका सहायक प्र.जि.अ. प्रकाश पौडेलको सौजन्यवाट खाद्य संस्थानको अतिथि गृहको कोठा उपलब्ध भएकोले होटलको शरण लिनु परेन । सहयात्रीहरू मध्ये नरजीत बुढा पैदलै जुम्ला जाने गरी दिउँसै छुट्टिएका र अरू भने डोल्पाकै कर्मचारी हुँदा सबैसँग विदा भै भोलिपल्ट बिहान सातै बजे आइपुगेको शाही नेपाल वायु सेवा निगमको टुइन अटर विमान चढ्छु । विमानमा पनि संयोगवश दाहिनेतर्फको सीट परेछ । त्रिपुराकोटको मन्दिर झ्यालबाटै नजिकै तलतिर छर्लङ्ग देखिन्छ । देवी भगवती मातासँग पुन:एक पटक दुबै हात जोडेर नमस्कार गर्दै बिदा लिन्छु ।

- जुम्ला २०५४ असोज

श्री ५ महाराजाधिराज सरकारको दीर्घायू होस्

छनाल.... .

क्सीलाई ....नजिस्किई ...तलाइ त

छ, देख्यो कि कपाल मुसार्छे– गाली गरौं झन् मार्ली

र, नगरूँ .... ।'

र एकछिन भित्रकै माटे खाटमा एकखड्ड

आइमाईहरूलाई पनि कालू शङ्काको दृ

दिउँसो आकाश सफा भएर

उज्यालाम

कविता

जब आफ्नो आँखाले आफ्नै तस्वीर चिन्न सक्तैन

– राजेश्वर रेग्मी

म बाटोमा
या बीच दोबाटोमा
जुनसुकै समयमा
जम्काभेट हुनसक्छ– तिम्रो मसँग
या सडकको पेटीमा ।
आँखालाई पर्खालले छेकेर
देख्न सक्तैनौ मलाई त्यो बेला तिमीले
र मेरा आँखामा प्रतिबिम्बित
तिम्रो तस्वीरलाई चिन्न सक्तैनौ ।
समयको केही अन्तरालले
अलग्याएको त्यो मोडलाई
न जोड्न सक्छौ/न सम्झनामा
दिनरात भक्कानो पर्न सक्छौ !

यतिखेर म तिमीलाई
उही भावुक कवि कल्पिरहेछु !
सिरानी लगाएर मेरो काखलाई
सपनाको तान बुन्दै
अलिकति हराएको पाउनमा
अलिकति पाएको गुमाउनमा
व्यस्त, अति व्यस्त–सधैं ।
आवेगमा आफ्नो होश गुमाएर
बीच सडकमा/बीच चोकमा
सम्बन्धको नारा गुञ्जा[illegible]थिया । त्यसको छेउबाट त्यो
[illegible] लिस्नो थियो, जहाँ बूढी रहस्यमय
उही क्रान्तिकारी योद्धा देखिरहेछु ।

कविता तिम्रो जीवन थियो कुनै समयमा
'कवितासँग मेरो हाड/नाता सम्बन्ध छ' भन्थ्यौ
प्रेरणा–जीवन प्रेरणा थिएँ म कुनै मोडमा
भोक नलाग्दा पनि मलाई
तिमी कविता कोच्याएर खुवाउने गर्थ्यौ
तिर्खा बिर्सदा पनि कतिपटक
तिम्रा शब्दहरू पिउन विवश बनाउने गर्थ्यौ

ऐले कवितासँग कुनै सम्बन्ध रहेनछ तिम्रो
न भावनाहरूसँग नै कुनै सरकोकार रहेछ ।
हाडनाता सम्बन्ध त तोडिदैन भन्थे – मान्छेहरू
आफ्ना शब्दलाई
निर्बस्त्र नङ्ग्याएर करणी गर्दा पनि तिमीलाई
हाडनाता करणीको अपराध क्षम्य भएको रहेछ
बाँच्नुको क्रममा
खै, कस्ता–कस्ता अपराध पनि सुन्नु पर्दो रहेछ
यी कानहरूले ।
लिलाम गर्दै आफ्नो अस्तित्व
आफैले भोगचलन गरेको
यिनै आँखाहरूले हेर्नुपर्ने रहेछ !
भोगिरहेछु !

समयले खिया लागेका तस्वीरहरू
चाहे आफ्नै किन नहुन्
चिन्न सकिन्न, चित्त बुझाउँदैछु !
सधैं हिँड्ने गरेका बाटाहरू
भुल्न सकिन्छ – मन सुम्सुम्याउँदै[illegible]
[illegible]मा कालू उठेर आफ्नै छ[illegible]लीपथ
तर्सिरहेको थियो । आमालाई एक्कासि देख्ता ऊ
झझल्कियो र चिच्यायो ।
'बोक्सी ...!' [illegible]ारत

आफुलाई जुन कु[illegible] छौंडालाई सबैकरा सिकाउँछे
चार दिवारी, त्यसभित्र एउटा आलमारी, त्यसमा रहेका चार सारी – नारी ? त्यही हो
तिम्रो जीवन फूलवारी – **भूपी शेरचन**

कथा

बोक्सी

दीनबन्धु शर्मा

शरद् ऋतु शुरु भएको थियो र आकाश विशेष गरी बालकहरूका निम्ति रमाइलो किसिमले सफा देखिन्थ्यो ।

कालूले बिहानको घाममा त्यो बिरालोलाई आफ्नो घरको धुरीमा देख्यो । आफ्नो गर्दन टाउकोभन्दा तल गजक्क पारेर आँखा घुमाउँदै त्यो जिब्रोले जुँगा मुसारेर करायो ।

'म्याउँ .....।'

कालूलाई त्यो बिरालाको 'म्याउँ' त्यही बाटाघरे विधवाको कुनै सन्देश जस्तो लाग्थ्यो र एउटा रहस्यमय भयले सिरिङ्ग पार्थ्यो । त्यस बिरालाका आँखाहरू हेर्‍याहेरै उसलाई कुनै दैत्यका आँखा जस्ता लाग्थे । त्यो बोक्सीले आफ्नो चूल्होमा अँध्यारो नीलो बत्तीका अगाडि आफ्नो छौंडासँग के के कुरा गर्दी हो ?

दिनभरि दुनियाँको घरमा जासूसी गरेको, गाउँलेहरूका खानामा आँखा लगाइदिएको, बालबच्चालाई बिरामी पारिदिएको खबर त्यो बिरालाको रूपमा डुल्ने छौंडाले मालिकनीलाई कसरी सुनाउँदो हो ? कालूलाई आँखा चिम्लन डर लाग्ने कल्पनाहरू आउँथे– सुत्ने वेलामा कहिलेकाहीं । रात गही ...रो हुन्थ्यो, झ्याल छस्राक्क गर्थ्यो र कालू झस्केर आमासँग टाँसिन्थ्यो ।

कालू भित्र पस्यो । आमाचाहिं चूल्होमा आगो फुक्तै थिई ।

'आमा छौंडो त हाम्रै धुरीमा छ ।'

'तँलाई फक्लक्क हुने, न त्यो मर्छे, न त्यसको छौंडो..... भैगो भित्रै बस् .... के के कुरा बुझ्न पठाएकी होली अलच्छिनीले.... हैन अर्काको घरको मात्रै कति चासो त्यो बोक्सीलाई ....नजिस्किई ...तँलाई त झन् अचाक्ली गरेकी छ, देख्यो कि कपाल मुसार्छे– गाली गरौं झन् मार्ली भन्ने डर, नगरूँ .... ।'

कालू एकछिन भित्रकै माटे खाटमा एकखुट्टे खोलिरह्यो तर उसलाई नियास्रो लाग्यो ।

'अब त गयो कि !' ऊ बाहिर निक्ल्यो, घाम छेक्न हातको पाली हाल्यो र धुरीमा हेर्‍यो .... त्यहाँ बिरालो थिएन । ऊ ढुक्क भएर खेल्न हिंड्यो ।

+ + +

त्यो बूढी बैंसमै विधवा भएकी थिई । त्यसको एउटा कालू जस्तै भकुल्ले छोरो थियो । त्यतिवेला कोही पनि उसलाई बोक्सी भन्दैनथे । दुई दिनको ज्वरोले नै उसको छोरो खसेपछि ऊ पूर्ण असहाय भई र गाउँलेहरूले भने– 'आफ्नै छोरो खाने बोक्सीले अब अरू के राख्छे ?'

विधवा नारीको एक्लो छोरो मर्नु सायद जीवनको भयानक त्रासदी हो ।

'त्यो चाहिं विधवाले आफ्नो छोराको लास अँगालेर रातिसम्म घाटमा लैजान पनि दिइन रे ! मूर्छाबाट उठेपछि मधुरो बत्तीमा अनेक पाठ बर्बराएर के के गरी, सायद छोरो फिर्ता माग्न यमराजसँग झगडा गरी रे, तर यमराजले मानेनछन्' कालूले आफ्नी आमाबाट सबै कुरा सुनेको थियो ।

'यमराजको अगाडि यस्ता फासेफुसे बोक्सीको केही लाग्दो रहेनछ' कालूले सोचेको थियो ।

यति हुँदाहुँदै पनि कालूले देखेको थियो– त्यो गाउँका केही स्वास्नी मानिसहरू त्यो बोक्सीकहाँ आउँथे, चिया खान्थे र गफ गर्थे । अथवा कैलेकाहीं कसैको खेत-मेलामा त्यो बूढी पनि काम गरिरहेकी देखिन्थी तर उनीहरू बिरामी नभएको देख्ता कालू छक्क पर्थ्यो ।

'किन होला आमा ?'

'ती सबै त्यही बोक्सीका साथीहरू हुन् ।'

'बोक्सीको साथी हुनु राम्रो कुरा अवश्य होइन', ती आइमाईहरूलाई पनि कालू शङ्काको दृष्टिले टाढैबाट हेर्थ्यो ।

दिउँसो आकाश सफा भएर टड्कारो घाम लागेको उज्यालामा कसैलाई पनि त्यति बिघ्न डर लाग्दैनथ्यो, तर साँझतिर भने गाउँका केटाकेहीहरू त्यो बूढीको घर अगाडिबाट हिंड्नुपर्दा गुरुर्र दगुर्थे ।

+ + +

आज कालूको जीवनमा सोच्तै नसोचेको घटना घट्यो ।

पसलेको छोरासँग खेलेर त्यो बूढीको घरको बाटो फर्कंदा बूढीले कालूको हातमा च्याप्पै समाती । कालूलाई कुनै दैत्यले नछोड्ने गरी पक्डेजस्तो लाग्यो । साँझ पर्नै लागको थियो, उसको ओठ-मुख सुक्यो । यति मात्र त केही थिएन, उसले कालूलाई समातेर तानेर अँध्यारो भैसकेको घरभित्र लगी, म्वाइँ खाई, कपाल, गाला मुसारी, अँगेनाको डिलछेउ राखी र तीनवटा मोटा-मोटा सेलरोटी खान दिई ।

'नखाऊँ बोक्सी रिसाउली र झन् छिटो अनर्थ होला, खाऊँ त कसरी खाऊँ' कालू एकछिन भयले कम्पित हुँदै घोरियो । अहँ ..... अब ऊ नखाइकन फुत्किने सम्भावना थिएन । कालो बिरालो छेवैमा आएर खुट्टो चाट्न थोपछि कालू अतासियो ।

'खाऊ कालू खाऊ, किन, लाज लाग्यो ? तिमीलाई कति माया गर्छु, आफू भने फुत्त फुत्त कता हो कता ।'

कालूले रोटीको टुक्रा भाँचेर मुखमा राख्यो, तर स्वाद थाहा पाएन । उसले भाग्न पो सकिन्थ्यो कि भन्ने विचार गरेको थियो ।

बूढी कालूको छेउमा ऊसँगै टाँसिएर बसी र कालूको कपाल मुसारिरही । कालूले मुन्टो घुमाउने निहुँमा देख्यो– बूढीका आँखामा आँशु टल्पलाइरहेका थिए र तल्लो ओंठ सुस्तरी कामिरहेको थियो ।

'मेरो पनि तिमी जस्तै छोरा थियो कालू ।'

'बोक्सीका आँशुमा बिख हुन्छ', कालूले आमाले भनेको सम्झ्यो । बोक्सीका ती सामान्य क्रिया कलापहरूले पनि कालूलाई भयातुर पारिरहे । भाग्नचाहिं सकेन । बाहिरवाट अँध्यारो बढ्दै गयो । बूढीले सानो मटितेलको डिबिया बाली । बत्ती पहिले पहेंलो केही ठूलो र पछि सानो नीलो भयो– बोक्सीको नीलो बत्ती । मधुरो उज्यालो छरियो । चुलोभन्दा भित्रपट्टि कालो अँध्यारोमा एउटा गाढा कालो वाकसको आकृति थियो । त्यसको छेउबाट त्यो रहस्यमय तलामा जाने लिस्नो थियो, जहाँ बूढी रहस्यमय साधना गर्दै आफ्नो छौंडालाई सबैकुरा सिकाउँछे भनिन्थ्यो ।

'यसको छोरो बाँचेको भए योसँग सधैं कसरी वस्ने सुत्ने थियो होला' कालू थरर्र काँम्यो । उसलाई ज्वरो आए जस्तो भयो । बालुवा वा खरानीको जस्तो स्वाद भएका रोटीहरू उसले सकेको रहेछ । ऊ उठ्यो ।

'अरू खान्छौं बा ?'

'अहँ ।'

कालू कालको मुखबाट फुत्के झैं फुत्केर घर त आयो, तर रोटी खाइसकेकोले उत्पन्न डरले ऊ आक्रान्त भयो ।

'बोक्सीले दिएका रोटी उसकै घरमा बसेर खायो कालूले' कालू छटपटियो ।

+ + +

'हैन तँलाई के भयो, किन सुन्दैनस्.... ए कालू !'

'हँ, ...हजुर', ऊ झझल्कियो । शून्य आँखा पारेर बूढी औंला टोकिरह्यो । उसले बूढीकहाँ रोटी खानुपरेको कुरा आमालाई सुनाउने आँट गर्न सकेन । ऊ भित्र भित्रै पाकिरह्यो ।

अहिले दुई घण्टा पनि बित्ता-नबित्तै कालूका पाक्क पुक्क परेका गाला पहेंलिइसकेका थिए, काम छुटेको थियो र ज्वरो आएको थियो ।

थोरै मात्र भात खाएर ओछ्यानमा पल्टेको कालू जूठो-भाँडो गर्न लागेकी आमालाई पर्खिरहेको थियो । कालूले आमाले भने झैं आँखा चिम्लेर निदाउँने बल गऱ्यो । आँखा चिम्लँदाखेरि उसका आँखामा चक्र झैं गरेर घुमिरह्यो केही बेर । त्यो कालो चक्रबाट त्यही बोक्सी बूढीको खोपिल्टे गहिरा आँखा, लामो नाक र एउटा बाहिर निक्लेको दाँत भएको अनुहार देखा पऱ्यो ।

'आमा.....' कालू चिच्च्यायो ।

जुठेल्नोमा भाँडा माझिरहेकी आमाको होश उड्यो, मुटु चोइटियो, खाली ठाउँमा ढ्याँग्रो ठोक्यो र ऊ दौडँदै भित्र पसी । भित्र मधुरो बत्तीमा कालू उठेर आफ्नै छायासँग तर्सिरहेको थियो । आमालाई एक्कासि देख्ता ऊ फेरि झझल्कियो र चिच्यायो ।

'बोक्सी ...।'

'के भयो बाबु, छोरा, तिमीलाई के भयो ? ..... म

.... म तिम्री आमा ... हेर ... हेर त ... बिहान त्यो बिरालोसँग नजिस्किई भनें, हेर त ज्वरोले आगाको भुँग्रो जस्तो छ ..... ।

कालू होशमा आयो र रुन थाल्यो ।

'आमा मलाई बोक्सी लाग्यो, अब म मर्छु है आमा ?' कालूले थाम्न सकेन, भनिदियो ।

'हरे ! के बोलेको' आमाले छोराको मुखमा हात राखी र भनी– 'कसरी हुन्छ ? त्यस्तो पनि भन्ने हो ? ज्वरोले हो ज्वरोले ।'

'होइन आमा दिउँसो यस्तो भयो.....' कालूले सबैकुरा भन्यो ।

निरीह कालूले ओठ कमाउँदै यो खबर यसरी भनेको थियो जसमा 'आमा नरिसाउनोस्, बरु मलाई सक्नुहुन्छ भने बचाउनोस्' भन्ने भाव प्रष्ट झल्किन्थ्यो ।

'हो आमा मलाई बाँच्न मन छ ।' उसले भन्यो ।

'हे प्रभु, हे दैव ....मारिस् ..... बित्यासै पारिस् ।'

आमा र कालू गहिरिएको रातभित्रको त्यो मधुरो उल्यालामा आँखा फैलाएर एकार्काका भयाक्रान्त अनुहार हेरिरहेका थिए ।

'हे भगवान्, मेरो सहारालाई बचाऊ', उसले कालूलाई हेरी ।

'बोक्सी लागे पनि कोही कोही न बाँच्छन् है आमा ? कालूले आमालाई हेरेर सोध्यो । आमाको मुटु हल्लियो र आँखा छली ।

'क्यै हुँदैन बा ....निदाऊ ...ज्वरोले हो... भन्न त भनी, तर थामिन सकिन र छटपटिइरही ।

अब के गर्ने ? जब्बरे सार्की पनि यही बेलामा कता अन्मरिए होला ? अरू फुक्न जान्ने कोही छैन गाउँमा । ऊ उठी र जब्बरे सार्कीले जस्तै धूप तयार पारी । सालको हरियो पातमा एउटा रातो खुर्सानी राखी । अलिकति मास र तोरीको तेल पनि सँगै लिएर बाहिर निक्ली र बोक्सीको घरतिर जाने दोवाटोमा राखिदिई ।

कालूले देख्यो– नीलो बत्ती आफ्नो हातमा लिएर मधुरो उज्यालोमा त्यो बोक्सीको लामो दाह्रो र खोपिल्टे आँखा भएको अनुहार देखा पऱ्यो । बोक्सीले आफ्नो काखीमा त्यही कालो बिरालो च्यापेकी थिई र त्यसका आँखाहरू भयानक किसिमले टल्किरहेका थिए ।

कालू डराएर चिच्याउन खोज्यो, बोली आएन, दौड्न खोज्दा खुट्टा नै चलेन । बोक्सी नजीकै आई र भयानक किसिमले हाँसी । कालू बल गरिरह्यो, शब्द र गति आउन सकेन । मुटु बन्द भए जस्तो लाग्यो, सास बन्द भए जस्तो लाग्यो र उसले मूर्छाको अनुभव गऱ्यो ।

आमाले यी कुनै कुरा देखिन । उसले त सुतेर निदाइरहेको निरीह कालूलाई देखी । मट्टितेलको सानो डिबियाको मधुरो प्रकाश भएको बत्तीको शिखावाट बटारिदै दलिनतिर लागेको धूम लहर देखी, अनि कोठामा व्याप्त भएको मशानको शून्यता देखी ।

आमालाई कालूको ज्वरो किञ्चित घटेजस्तो लागेछ र ऊ पनि कतिखेर हो निदाइछ । बिहान कुखुराको डाकोमा ब्युँझँदा उसले छोराको चीसो मृतशरीर आफ्नो अँगालोमा पाई ।

\+ + +

दिउँसो बोक्सीमाथि गाउँलेहरूले बदलाको ज्वालामुखी उठाएर उसलाई घरैसहित जलाएपछि गाउँमा कुनै बोक्सी बाँकी रहेन ।

\+ + +

अर्को वर्ष गाउँलेहरूले भने– 'छोरो मरेपछि कालूकी आमा बोक्सी भई ।'

- - -

नव-प्रतिभा

गीत

– सगुन बस्नेत

आज भोलि निदरीमा भिजिदिन्छ सिरानी,
तिमी साथै भइदिए हाँस्ने थिएँ म पनि
हाँसो मेरो चुँडी लग्यौ आफ्नै साथ तिमीले,
आँसुमा नै डुबिरह्यो एक्लो मेरो जीवनी ॥

सम्झनाको पलपलमा सजाउँछु तिमीलाई
आफै भित्र छायाँ देख्छु टाढै तिमी भए नि ।
सयपत्रीको माला गाँसी रिकापीमा राख्नेछु
सजाउँनेछु त्यै मालाले भेट्ने दिन आँगनी ॥

नयाँ वानेश्वर, काठमाडौं

नव-प्रतिभा

लोभ

– सविनकृष्ण उप्रेती

लोभ गर्छौ किन तिमी कसको लागि साँच्छौ ?
मरिजाने जिन्दगी यो के को लागि बाँच्छौ ?

बनाऊ चाहे महल तिमी बनाऊ देवल
मर्दाखेरि छोड्छौ तिमी डढ्छौ केवल ।

सुनकै बनाऊ खाट चाहे चाँदीमय भित्ता
प्राण गएपछि बन्छ तिम्रो लागि चिता ।

लालची हे मानवहरू ! लोभ गर्छौ सित्तै
बाँचुञ्जेल दुःखैदुःख मरेपछि रित्तै ।

गीत

– केदारप्रसाद सुवेदी
'सहभागी'

दुःख सुख बाँडी चुँडी हामी दुईजना
सँगै बाँच्ने सँगै मर्ने मीठो दिन्थ्यौ सपना

दुई/चार दिन भेट नहुँदा लाग्दैन भोक तिर्खा
भन्थ्यौ तिमी जहिले सुकै एकान्तमा भेट्दा
तिम्रा सबै आनि बानी लाग्छन् मलाई मीठा
भन्ने गर्थ्यौ संसारमा तिमी नै छौ राम्रा ।

एकार्कामा आँखा जुधाई मुस्कुराई दिंदा
तिमी भन्थ्यौ राम्रो लाग्यो मलाई स्वर्गभन्दा
मलाई जस्तै अरूसँग बाँड्दै छयौ कि सपना
सँगै बाँच्ने सँगै मर्ने तिम्रा मीठा जपना ।

सिफल, काठमाडौं

गजल

– अमर त्यागी

तिम्रो मायी छातीभर साँची रहन सकूँ सधैं
तिम्रै साथ जुनीभरि बाँची रहन सकूँ सधैं

शीतताप हुरी वर्षाबीच फुल्ने फूल जस्तै
प्रफुल्ल भै आयुभरि हाँसी रहन सकूँ सधैं

वसन्तको रङ्ग जस्तो जिन्दगीको मौसममा
हार्दिकता मुटुभरि गाँसी रहन सकूँ सधैं

मिलनको अम्लानमा मुस्कानको शालीनता
आँखाका यी नानीभरि टाँसी रहन सकूँ सधैं

मौन अमन्त्रण भरि सौम्य समर्पणभरि
झपक्कै म तिमीभरि झाँगी रहन सकूँ सधैं ।

'विनीड' कलैया, बारा

सन्दर्भः जीवनका सन्दर्भहरू भित्रकै .....

पशुपति नेउपाने 'निराश'

"साहित्य जीवन निरपेक्ष हुन सक्तैन । हरेक वस्तुलाई जीवनकै सापेक्षतामा हेर्नुपर्छ । आर्तहरू बीच मधुर गीत र निद्रालुहरू बीचको रागात्मक अभिव्यक्ति हुन्छ । जीवन वास्तविकतासँग परिचित हुन्छ, त्यसैले साहित्यले विकृतिप्रति आक्रमण गर्नुपर्छ । सबै विकृतिप्रति आँखा चिम्लेर– अहो राम्रो जीवन ! सुन्दर जीवन ! भन्न सकिन्न ।"

यी विचारहरू हुन् – कवि घनश्याम कँडेलका । उनी जीवनका यथार्थप्रति सचेत भएर जीवनलाई असाध्यै माया गर्ने जीवनवादी कवि हुन् । उनमा समाज-सचेतता छ, युगबोध छ । उनी साहित्यलाई समाज र जीवनको ऐना ठान्छन् । यसले व्यक्ति र समाजका विकृति एवं विसङ्गतिमाथि आक्रमण गरेर सुन्दर समाज र जीवनको निर्माणका लागि मार्गदर्शन गर्नुपर्छ भन्ने उनको विचार छ । छन्दका उत्कृष्ट कविताहरूको सिर्जनामा कवि कँडेलको छुट्टै विशिष्ट पहिचान छ । छन्दका विशिष्ट कविहरूका श्रेणीमा कवि कँडेलको स्थान लेखनाथ पौड्याल र माधवप्रसाद घिमिरेपछि आउँछ । आधुनिक, समसामयिक गद्य कविहरू बोक्रामा आफ्नो सर्वस्व देख्छन् र काव्यजगत् आफ्नै वर्चश्व सम्झन्छन् तर कवि कँडेल परम्परावादी भएर पनि आधुनिकताको गुदी लेख्छन् । भाव, भाषा र लयको त्रिवेणीमा काव्य-गङ्गाको सिर्जना गर्छन् । उनी वर्तमानको शब्द विचलन र अमूर्त शैलीप्रति अपेक्षाकृत सहमत देखिदैनन् । हुनत कवि कँडेलका गद्य कविताहरू पनि प्रशस्त छन् तर उनको लेखनी पद्य कवितामा जति गद्य कवितामा रमाउन सकेको छैन । पद्य कविताले नै कवि कँडेलको व्यक्तित्वलाई माथि उचालेको छ । कवि कँडेल विशिष्ट समालोचक पनि हुन् तर यस अध्ययनमा उनको कवि व्यक्तित्व काव्यसिर्जनालाई मात्रै विषय वनाइएको छ ।

कविको जन्म ५ जुन १९४५ ई.मा धादिङको रिचोक्टारमा भएको हो । उनले सानैदेखि सँस्कृत भाषा र साहित्यको निकै गहिरो अध्ययन गरे । पछि गएर उनले पहिले अंग्रेजीमा र त्यसपछि नेपालीमा स्नातकोत्तरसम्मको अध्ययन पूरा गरे । कानुनमा पनि उनले स्नातकसम्मको अध्ययन पूरा गरेका छन् । बहुप्रतिभा सम्पन्न व्यक्तित्वका धनी कँडेल हाल त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय शिक्षण विभागमा प्राध्यापक छन् ।

'देवयानी' (खण्डकाव्य, २०३९), 'केही अन्वेषण: केही विश्लेषण' (समालोचना, २०४०), 'पाश्चात्य यथार्थवादी नाटक' (समालोचना, २०४६), 'जीवनका सन्दर्भहरू' (फुटकर कविताको सँगालो, २०५१) र 'उज्यालोतिर' (खण्डकाव्य २०५५) आदि उनका हालसम्म प्रकाशित कृतिहरू हुन् । यसका अतिरिक्त विभिन्न पत्र-पत्रिकामा उनका समालोचनात्मक लेख, निबन्ध तथा कविताहरू पनि प्रशस्त प्रकाशित भएका छन् । उनी 'रश्मि' साहित्यिक वाङ्मयका सम्पादक पनि हुन् । 'देवयानी' खण्डकाव्यका लागि उनलाई २०४१ सालको व्यथित काव्य-पुरस्कार पनि प्रदान गरिएको थियो । यसमा सुर र असुरबीचको प्रेम प्रसङ्ग अर्थात् महाभारत कालको एउटा घटना टिपेर कविले प्रेमको शाश्वत पक्ष प्रस्तुत गर्ने प्रयास गरेका छन् । 'उज्यालोतिर' उनको अर्को खण्डकाव्य हो । यो मुनामदनको जस्तै झ्याउरे लयमा लेखिएको छ । यसमा पनि ब्राह्मण पुरेत-पुत्र र कामी-पुत्री दुई अतिउच्च र अति निम्न जातका चरित्रहरूको प्रेम प्रसङ्ग झिकेर प्रेम जातिगत बन्धनभन्दा माथि हुन्छ, शाश्वत हुन्छ भन्ने तर्क उभ्याइएको छ ।

'जीवनका सन्दर्भहरू' चाहिँ उनका फुटकर कविताहरूको सँगालो हो । यो जम्मा ८८ पृष्ठको सानो र छरितो छ । यसमा जम्मा २५ वटा पद्य र ५ वटा गद्य गरी जम्मा ३० वटा कविताहरू छन् । त्यसमा पनि २१ वटा कविता अनुष्टुप छन्दका छन् । हरेक कवितामा कवि-हृदयका आवेग र संवेगहरू कवित्वको सङ्लो छाँगो भएर छड्छड्गाएका हुँदा प्रत्येक कविताले पाठक हृदयलाई सजिलै समात्न सक्छन् । भावको गहिराइ समात्ने एवं साङ्गीतिक स्वर सुसेल्ने शब्दहरूको चयनमा पपिन कविको प्रतिभा

विशिष्ट देखिन्छ । हरेक वस्तु र परिस्थितिलाई जीवनकै कोणवाट हेर्ने एउटा नवीन पद्धतिको विकास यस कविता सङ्ग्रहले गरेको छ । जीवनका आँखावाट वस्तु संसारलाई चियाउनु यस सङ्ग्रहको विशेषता हो । जीवनका अनुभव र अनुभूतिलाई काव्यका साङ्गीतिक कोमल ध्वनिमा लुकाएर भावसौन्दर्यको सम्प्रेषण गर्न अत्यन्त सिपालु कवि कँडेल धेरै पाठकहरूका अत्यन्त मायालु कवि हुन् ।

जीवनका परिभाषाहरू मान्छेपिच्छे फरक छन् । मानिसले वाँच्नका लागि जे जस्तो सङ्घर्ष गर्छ, उसले जीवनलाई त्यसै अनुरूप हेर्छ । तर कवि, दार्शनिकहरू कहिलेकाहीं कल्पनाको वेग्लै संसारमा पुग्छन् र जीवनलाई पृथक् ढङ्गले पनि हेर्दछन् । मान्छे के हो ? जीवन के हो ? प्रेम के हो ? संसार के हो ? उनीहरूका लागि खोजको विषय वन्छ ।

एकपटक कवि कँडेलले बेग्ला-बेग्लै घरमा डेरा गरेर वस्ने एक जोडी युवा-युवतीले झ्यालबाट आँखाले कुरा गरिरहेको देखेछन् । एकले अर्काप्रति लुकिछिपी गरेको प्रेमले कविमा निकै मीठो शङ्का, छट्पटी र ईर्ष्या पैदा भएछ । त्यसपछि कविलाई आफूबाट समयले जवानी खोसेकोमा निकै रिस उठेछ । आहा ! जीवनलाई युवावस्थामा फर्काउन पाए ..... ! धत्, पापी समय तैंले उमेरको बोझ थपिदिएर .... ! कविका छटपटीहरू काव्यपङ्क्तिमा परिणत भएछन् –

के गरूँ किचिएको छु, अनन्त वोझभित्र म
प्रत्येक क्षण शङ्काले, थालेको छ चियाउन
यी रात, दिनले मेरा, जिन्दगी नै चुसीसके
मीठा मुस्कान खोसेर, ओठवाटै लगिसके

वास्तवमा समय बगिरहन्छ । हामी यसैको किनारमा वसेर यसको प्रवाहलाई हेर्छौं, तर उसँगै आफू पनि वगिरहेको कुरालाई वास्ता गर्दैनौं । जब नवपुस्ताको आगमन देख्छौं, हामी झल्याँस्स हुन्छौं । जीवनले समय र परिस्थितिसँग पैंठेजोरी त खेल्छ तर पछार्न सक्तैन । वास्तवमा पात हावाको नियन्त्रणमा हुन्छ । समय हावा हो, हाम्रो जीवन यसको वहावमा हल्लने पात । अनि मृत्यु हाम्रो जीवनको अन्तिम पूर्ति हो, तैपनि हामीमा यसको त्रास छ । ज्ञात जीवनका क्षणमा हामी मृत्युको अज्ञात त्रास बोकेर बाँचिरहेका छौं । यस्तै-यस्तै दार्शनिक अनुभूतिहरूले पिरोल्दा पिरोल्दै कवि पुनः दयामा पग्लन्छन् –

हल्लन्छु पात हल्लेझैं, मेरो छैन कुनै गति
हावाका तालमा नाच्छु, यही रहेछ जिन्दगी
डालीवाट अनिच्छामै, चुडिनु र वतासिनु
यही नियति हो मेरो, यही हो जिन्दगी हुनु

कवि साह्रै मीठो लयमा मानवहृदयका व्यथा बोल्छन् । दुःख जसरी दुख्छ, कविहरू त्यसरी नै प्रस्तुत भैदिन्छन् र पाठकहरूका हृदयमा बाँच्छन् । व्यथा र पीडा स्वयं आफ्नै हुन्छ, इच्छा र चाहनाका सासले हृदयमा घाउ बनाइदिएपछि त्यो केवल दुख्छ, सधैं दुख्छ । अनि मान्छे आफ्नै भुङ्ग्रामा आफै पिल्सन्छ र विवश जिन्दगी वाँच्न थाल्छ । जीवनका यथार्थहरूसँग कविहरू परिचित हुन्छन् र तिनै देखे, भोगेका तीतामीठा अनुभूतिहरूलाई उनी लयमा पोख्छन् । यहाँ अन्तर्व्यथाले कवि कति व्यथित छन् –

ल्याउँ शान्ति कहाँबाट, भुङ्ग्रामा पिल्सिदै छु म
कसरी हर्षले हाँसु, आँसु नै नसुकीकन ।

कवि काव्यपङ्ख फटफटाएर जीवनको सेरोफेरोमा उड्न चाहन्छन् । उनी मानव जीवनका आशा, निराशा, प्राप्ति, अप्राप्ति एवं विकृति र विसङ्गति जस्ता विविध पक्षमा घोत्लिएर भावुक बनी मानवीय सम्वेदनाको सागर उराल्न खोज्छन् । उनी भावुक जीवनप्रेमी मात्र नभएर प्रकृतिप्रेमी कवि पनि हुन् । उनी प्रकृतिलाई जीवनकै कोणवाट निरीक्षण गर्छन् । मान्छेको स्वार्थी र आडम्बरी प्रवृत्तिले प्रकृति वातावरणको विनाश र प्राचीनताको ह्रास हुँदै गएकोमा कवि निकै संवेदनशील देखिन्छन् । यस अवस्थामा सिर्जित कवितामा कविले वर्तमान जगत्का स्वार्थी मानवहरूलाई निकै कडा व्यङ्ग्य गरेका छन् । प्रकृतिको स्वच्छता, सुन्दरता र सुरम्यतालाई मानवले जोगाइराख्नु पर्ने आफ्नो आह्वानका साथ उनी वागमतीको बढ्दो प्रदूषण देखेर बडो संवेदनशील वनेका छन् । परापूर्व कालको यसको शुद्धता, स्वच्छता र पवित्रता अनि वर्तमानको प्रदूषणलाई तुलना गरेर कवि मानवजाति नै यसको दोषी भएको निष्कर्ष निकाल्छन्–

थियो सलिलको तिम्रो, शरीर स्वच्छ सुन्दर
मेट्थ्यो आई तिमीमा नै, आफ्नो तीर्खा प्रभाकर

+++

तिम्रा वरिपरीको यो, हावा ह्वास्स गनाउँछ
तिम्रा किनारमा मान्छे, सासै फेर्न डराउँछ

कँडेल रहस्यवादी कवि पनि हुन् । उनले मान्छेलाई रहस्यै रहस्यको गुजुल्टो देखेका छन् । उनका विचारमा सम्पूर्ण जीवनजगत् नै रहस्यमय छ, त्यसमा पनि सबैभन्दा ठूलो रहस्यचाहिँ मान्छे नै हो । यो मानवजीवन बुझ्न नसकिने छ । वास्तवमा मान्छे जस्तो छ, जस्तो देखिन्छ र जस्तो छु भन्छ, यथार्थमा मान्छे त्यस्तै हुन्छ त ? पक्कै हुँदैन । हामी ऋषि भन्ने वित्तिकै तपस्यारत, आशक्तिहीन, एकाग्र महापुरुषलाई बुझ्छौं, तर विश्वामित्र ? कविले विश्वामित्र तपस्या गर्दागर्दै कामपिपासु बनेर मेनकातिर लिप्सिएको प्रसङ्ग टिपेर मानव रहस्यलाई प्रस्तुत गर्ने प्रयास गरेका छन् । पाश्चात्य साहित्य चिन्तनमा देखापरेको उत्तर संरचनावादी विचारसँग यहाँ कविको विचारले मेल खाएको छ । जसरी पाठलाई बुझ्न पाठको विपठन हुनु अनिवार्य छ, त्यसैगरी मान्छेलाई बुझ्न मान्छेको विनिर्माण नै गर्नुपर्छ कि ? उसलाई भत्काएर भताभुङ्ग नपारी र टुक्राटुक्रा नकेलाई पक्कै चिन्न र बुझ्न सकिन्न । मान्छे सृष्टि, विनास, श्रृङ्गार, विद्रुप, दयालु, स्वार्थी, अगस्ती, नरकङ्काल सब हो । ऊ बुद्धिको धनी पनि हो र सर्पको मणि पनि । बाहिर हेर्दा एउटा मान्छे हुन्छ, तर भित्रचाहिँ पत्रे चट्टानझैं उसका अनन्त पत्रहरू हुन्छन् । ऊ आतङ्कको आगो झोस्छ र शान्तिको भाषण छाट्छ । कवि स्वयंमा पनि मान्छेप्रति श्रद्धा र घृणाको द्वन्द्व छ–

जब देख्तछु मान्छेको, शान्त सुन्दर रूप म
गरुँ झैं लाग्छ श्रद्धाले, मान्छेकै अभिनन्दन

+++

मृत्युले निल्न आँटेझैं, देख्ता सन्त्रस्त आकृति
धिक्कार्छु म स्वयंलाई, घृणा जाग्छ स्वयंप्रति

कविका विचारमा मान्छे सृष्टिकै विचित्र रहस्य हो, उसलाई बुझ्न सकिन्न । प्याजका पत्रहरूझैं मान्छेका पत्रहरू अनन्त हुन्छन्, खोलेर खोलिनसकिने, जानेर जानिनसकिने । कवि थप्छन् –

जति हेऱ्यो सधैं नौलो, छ सधैं बुझ्न मुस्किल
मान्छे झैं सृष्टिमा अर्को, के पो होला रहस्य र !

यति भएर पनि कवि मान्छेको गीत गाउनचाहिँ छोड्दैनन् । हरेक युगमा मानव जीवनको उद्देश्य क्रान्ति अथवा परिवर्तन हो । यदि मानिसमा परिवर्तनको विचार हुँदैन भने ऊ पशुतुल्य हुन्छ । तर परिवर्तनपछि पनि परिवर्तनको स्वरूप हेर्न पाइएन र स्वाद चाख्न पाइएन भने त्यहाँ असन्तोष जन्मन्छ । परिवर्तन मानव उत्थान, विकास र स्वतन्त्रताका लागि हुन्छ । परिवर्तनपछि पनि ती वस्तुहरू प्राप्त नहुनु हाम्रो दुर्भाग्य नै हो । २०४६ सालको परिवर्तन पछि पनि मानव आशाका छिटफुट किरणहरू यत्रतत्र फैलन नसक्नुले कवि हृदयमा असन्तोष पैदा गरेको देखिन्छ । यथार्थमा प्रजातन्त्र सीमित मान्छेहरूको मागिखाने भाँडो, दलीय स्वार्थको पगरी भैसकेको छ । सम्पूर्ण राष्ट्रले उन्नतिको भऱ्याङ चढ्न सकिरहेको छैन । सम्पूर्ण जनता एउटै बाटोमा सूत्रबद्ध भई एक एकाइमा सङ्गठित हुन सकिरहेका छैनन् । यस स्थितिमा कवि कलाकारहरूमा असन्तुष्टिहरू देखिनु स्वभाविक पनि छ –

सकेको छैन उन्मुक्त हावा डुल्न अझै यहाँ
अझै हिँड्दैछ बोकेर, त्यो दुर्गन्ध अतीतकै

+++

वजेको छैन सारङ्गी, हाम्रा हृदयमा अझै
छिनेका मनका तार, जोडिएनन् यहाँ अझै

२०४६ सालको परिवर्तन अँध्यारामा चम्केको बिजुली जस्तो मात्र भएको छ, जुन एकपटक झिलिक्क गऱ्यो र हरायो । जनहृदयमा झलमल्ल घाम लाग्ने उज्यालो आएन । प्रजातन्त्र प्राप्तिपछि पनि मान हृदयमा आशाका दीपहरू बल्न सकेनन् । राष्ट्रले कवि कलाकारहरूलाई दिनुपर्ने संरक्षण अझै दिन सकिरहेको छैन । हरेक समयमा क्रान्तिको कारण मानव असन्तुष्टि नै हुन्छ । यदि राष्ट्रले केही दिन्छ भने जनताले राष्ट्रलाई ज्यान दिन्छन्, तर यदि राष्ट्रले कवि कलाकारहरूलाई सम्मानसम्म दिदैन, सोझा, निमुखा जनतालाई संरक्षणसम्म दिदैन, जन असन्तुष्टिको उकुसमुकुस हृदयरूपी भाँडामा अट्न सक्तैन भने विस्फोट हुन्छ । आफू बाँचेको समय र परिस्थितिसँग कवि निकै असन्तुष्ट छन् । उनको प्रगतिवादी, विद्रोही एवं क्रान्तिकारी स्वरलाई सजिलै बुझ्न सकिन्छ । कवि कँडेल यहाँ कवि भूपि शेरचन र गोपालप्रसाद रिमाल जस्तै विद्रोही एवं क्रान्तिकारी कविका रूपमा देखा परेका छन् –

हुन्छ यौटा कुनै सीमा, सहने शक्तिको पनि

रोकिन्न बाँधले बाढी, बेगले उर्लिएर्पाछि
वन्न सक्तछ विद्रोह, यही चित्कारको स्वर
फुट्न सक्छ यहाँ यौटा, ज्वालामुखी भयङ्कर

वास्तवमा कवि कँडेल समग्र नेपालीको हृदय बोल्छन् । उनी विद्रोह र क्रान्तिका मात्र होइन विश्वशान्ति, विश्वबन्धुत्व र मानवताका कुराहरू पनि त्यत्तिकै सशक्त रूपमा उठाउँछन् । युद्ध र अशान्तिलाई पन्छाएर सबैको साझा घर यस पृथ्वीलाई सबैले समान उपयोग गरून् र सबै मानवमा आफन्तको नाता होस् भन्ने कविको प्रभावकारी विचार छ । उनी मानवताको सुसेली हाल्छन्, बुद्धका विचारहरूको विशेष कदर गर्छन् र विश्वशान्तिको आह्वान गर्छन् । उनका कवितामा मानवतावादी विचारको उच्च नमुना भेटिन्छ –

आगो जहाँसुकै लागोस्, मभित्रै थाल्छ दन्कन
त्यो घाउ जोसुकैको होस्, दुख्न थाल्दछ यो मन

दुखाइ स्वयं आफ्नै हुन्छ तर यहाँ अरूको दुःख कविका मनमा दुखेको छ । अरूको घाउ कविलाई दुख्छ, अन्त लागेको आगो कविहृदयमा दन्कन्छ । वास्तवमा उनी विश्वका सबै मानव जातिलाई एउटै धर्ती माताका सन्तान ठान्छन् ।

पद्यमा मात्र होइन गद्यमा पनि कविको कलम निकै शक्तिशाली देखिन्छ । आफ्ना गद्य कवितामा पनि कविले मूल्यहीन बन्दै गएको मानव जीवनको कुरा गरेका छन् । वर्तमान स्वार्थी संसारले जन्माएका विकृति र विसङ्गतिमाथि आक्रमण गर्नु नै उनका गद्य कविताहरूको पनि मर्म हो । व्यक्ति, समाज र राष्ट्रकै सन्दर्भमा देखिएका नमिल्दा पक्षहरूले गर्दा उकुसमुकसुमा परेको मानव जीवनको चित्रण गर्न उनी विशेषतः गद्य कविताको सिर्जना गर्छन् । उनका गद्य कवितामा उनको विद्रोही विचारले विशेष महत्त्व पाएको देखिन्छ :

सुरसाको मुख बाएर,
निलिन्छ यहाँ
पराक्रमी हनुमानहरूलाई
चक्रव्यूहको धराप थापेर
मारिन्छ यहाँ
अवोध अभिमन्युहरूलाई ।

निश्चिय नै कवि कँडेलका कविताहरू अनुभूति तरलित, ओजश्वी र हृदयस्पर्शी छन् । हरेक कवितामा उनको स्वर, उनको विचार बेग्लाबेग्लै पाइन्छ । कतै उनी माधवप्रसाद घिमिरेको जस्तै गहन राष्ट्रवाद बोल्छन्, कतै भूपि र रिमालको जस्तै क्रान्ति र विद्रोह सुसेल्छन्, कतै देवकोटा जस्तै स्वच्छन्द विचरण गर्छन् त कतै लेखनाथ जस्तै दार्शनिक भई टोपल्छन् । उनका सबै कविताहरू परम्परागत शैलीमा लेखिएका छन् । परम्परालाई भाँच्ने ढाँचा, लय र शैलीको नवीनता अपेक्षाकृत उनका कवितामा पाइँदैन । उनले यस सङ्ग्रहका कवितामार्फत् जीवनका आँखाबाट समसामयिक वस्तुस्थिति र परिस्थितिलाई चियाएका छन् र चिरफार पनि गरेका छन् । भाव र चिन्तनका दृष्टिले 'मान्छे', 'विश्वामित्र' र 'अन्तर्व्यथा' यस सङ्ग्रहका विशिष्ट कविता हुन् । 'अन्तर्व्यथा'मा उनी लेखनाथ जस्तै दार्शनिक बनेका छन् भने 'मान्छे' र 'विश्वामित्र'मा रवीन्द्रनाथ ठाकुर जस्तै रहस्यवादी देखिन्छन् । ठाकुरको रहस्यवाद ईश्वरीय सत्तामा केन्द्रित छ भने कँडेलको रहस्यवाद मान्छेमा आधारित छ । काव्यगत विविध विशेषताका कारण उनलाई कुनै एउटा वाद अथवा कुनै एउटा धारामा बाँधेर हेर्न सकिन्न । जीवनका परिस्थितिजन्य विवशताहरूको प्रस्तुतिमा कविको शक्ति उच्च किसिमको देखिन्छ । उनको व्यङ्ग्यात्मक भावशैली पनि त्यत्तिकै सशक्त छ । उनको भाषा सरल एवं शिष्ट भएर पनि विशिष्ट छ । उनी शब्दहरूको प्रयोगमा अत्यन्तै सचेत छन् । परिष्कृत सीप र शैली, सौन्दर्यप्रेम, प्रतीकात्मकता, व्यङ्ग्यात्मकता र विद्रोह उनका विशेषता नै हुन् । पुरानै काव्य परम्परालाई बोकेर जन्मिएको भए पनि कार्व्याशिल्प र नवीन दृष्टिकोणका कारण यसलाई नेपाली काव्यजगत्को विशिष्ट उपलब्धि नै मान्नुपर्छ ।

– – –

सत्य बाहिर देखिन्न सत्य देखिन्छ भित्रको,
भित्रको तहमा आफ्नो दिलको केन्द्रमा त्यसै । – **महाकवि देवकोटा**

लघुकथा

'मुग्लान'

– टीकाराम खतिवडा

बाबू जी ! बाबूजी !! मुझे खाना दो, ३ दिन से केही खाया नहीं 'मुझे खाना दो !

१६-१७ वर्षको गहुँवर्णको अल्लारे, भर्खरै मात्र हिमाली भेगवाट इण्डिया पसे जस्तो ! हिन्दी बोल्दा पनि आधा नेपाली मिसाएर कनि कनि अकमकाएर बोल्छ ।

घर छोडी मुग्लान पसेको छ । बिचराको सहारा कोही छैन । बिरानो मुलुक, अपरिचित व्यक्तिका बीचमा ऊ एक्लै रुमलिन बाध्य छ । घरको आर्थिक चपेटा र बेरोजगारको पिडाले आज ऊ आफ्नो गाउँ, घर, इष्ट-मित्र, आमाबुबाको न्यानो माया मात्रै नभएर गए महिना विवाह गरेकी सुन्तलीको प्राणभरिको मायालाई चटक्कै बिर्सेर विदेशीहरूको रमझमको बीचमा निरासिलो अनुहारमा कसैसँग विन्ति गर्छ– बाबूजी मुझे खाना दो !

बिचराको पेटमा ३ दिनदेखि केही परेको छैन । खानाकै लागि यो चोक, उ चोक र पल्लो चोकसम्म भौंतारिरहेको छ– कहिले कसैको पाउ छुँदै त कहिले उसका ती पौरखी हातहरू जोडी । ती गल्ली, सडक तथा चोकका ती सम्पूर्ण मानव सेवी होस् या समाज सेवी होस् कसैलाई पनि ऊ बाँकी राख्दैन, केवल खानाको अनुरोधका खातीर ।

अफसोच ! उसको कुरा कसले सुन्ने –विशाल त्यो स्वार्थी मान्छेको भीडमा । त्यही भीडको माझमा ऊ बसी अवरुद्ध कण्ठ घोटी घोटी चिच्याउँछ –एक लोग मुझे खाना दो, ३ दिन से केही खाया नहीं । तर उसको रोदन, उसको चित्कार केवल ठूला ठूला भीडमा, ठूलो ठूलो महलहरूको भित्तामा प्रतिध्वनित हुँदै हावामा मिसिन पुग्छ । यसैगरी हावाले पनि एक कुना पछि अर्को कुना गर्दै शून्यतामा विलाइ दिन्छ । ऊ त्यही सडकको पेटीमा बसी/ आफ्नो भाग्यलाई खोट लगाउँदै पल्टन्छ । ***शनिश्चरे–३, झापा***

कविता

कलियुगकी अहिल्या

– इन्द्रकुमार श्रेष्ठ 'सरित्'

मेरो मनले भजिरहेको प्रिय !
मेरो प्रत्येक श्वासहरूमा तिम्रै सुगन्ध छ
ढुकढुकीहरूमा पनि तिम्रै नाम छ
तिम्रो अस्तित्वको सत्तालाई
कहाँ कहाँ सकारौं म ?
मेरो प्रत्येक अङ्ग अङ्गमा
तिम्रै नाम कुँदिएको छ ।

मनले खोजेर हातहरूले भेटेको प्रिय !
कहिले तिमीसँग आलिङ्गनबद्ध हुँदाका
क्षणहरूले सताउँछ
कहिले तिम्रा प्रहारका
मीठा अनुभूतिहरूले तडपाउँछ,
यस्तो लाग्छ प्रिय !
तिम्रो यादभन्दा पर
मेरो छुट्टै अस्तित्व नै छैन
तिम्रो शरीरको घेराभन्दा अर्को
मेरो कुनै संसार नै छैन
तिम्रो सङ्गतका क्षणहरू भन्दा
कल्पनाको मेरो अर्को आकाश नै छैन ।

तिमी बिना निँद छैन प्रिय !
भोक छैन
यस्तो लाग्छ– तिमीले नअँगाल्दा मलाई
मेरो भौतिक शरीरको पनि
कुनै अर्थ र महत्त्व छैन ।
त्यसैले रिसानी र मनमुटावका
पर्खालहरू नाघेर आऊ प्रिय !
मेरो युगीन् प्रतीक्षाको अन्त्य गर
मलाई आफ्नो सुन्दर युनानी
कायाको बलिष्ठ अँगालोमा बाँधेर
तिमीलाई नै पर्खेर
रुँदै/कल्पिँदै बाँचेकी
यो कलियुगी अहिल्याको तपस्या सफलीभूत गर ।

तलहरा, सुनसरी

लघुकथा

मौनता

– कृष्णप्रसाद ढकाल

दिउँसोको त्यही चार-साढे चार बजेको थियो । म स्वाँस्वाँ र फ्वाँफ्वाँ गर्दै नाकमा ठेस लाग्ने उकालो चढिरहेथें । भदौरे घाम आगाका रापिला लप्कांहरू उकेलिरहेथ्यो पाखैभरि, बाटैभरि ।

हतारमा मैले त ख्यालै गरेनछु माथिबाट घाइते कछुवा जसरी झरिरहेका सुकुम्बासीका जस्ता दुइटा भान्टे भुन्टे बच्चालाई । 'दाइ ! दाइ ! कति बज्यो ?' रोइरोइ थाकेजस्तो पिलपिलाउँदो अनुहार लगाउँदै रुन्चे स्वरमा बर्षपाँचेकको बच्चाको आवाजले थामिन्छ र उनीहरूमाथि केन्द्रित हुन्छु । मलाई आश्चर्य लाग्यो त्यति साना बच्चाले समय सोधेकोमा । मेरो जीवनको पहिलो घटना थियो यो । कौतुकवस सोधें – 'किन र बाबू ?'

उसले अझै रुन्चे स्वरमा काखको मुखभरि सिंगान कटकटिएको परालत्यान्द्रे बच्चालाई इङ्गित गर्दै भन्यो – 'होइ, ममीले क्या भाइलाई दूध ख्वाउन डेरामा २ बजे आउँछु भन्नुभ'को थियो । यस बेलासम्म आउनु भएन । भाइ ममी ! ममी ! भनेर रोयो र यसो फुल्याउन तलतिर लिएर जान लाग्या ।'

'आमा कहाँ जानुभएको छ ?'

'रत्ने साहूकहाँ, इँटा बोक्न ।' ऊ घुँक्कघुँक्क रुन नै थाल्यो । म चुपै लागेर उँभो लागें । समय चार बजिसकेको थियो र यो भन्नु उनीहरूलाई अझ निराश पार्नु थियो ।

+ + +

अलि माथि पुगेपछि एउटी अधवैंसे स्वास्नीमान्छे फाल हाल्दै झर्न लागेकी भेटिइन् । उनले मेरो पाखुराको घडी नियाल्दै सोधिन् – 'कति बज्यो दाइ ?'

मैले उसको लवाइ, हिंडाइ, स्थिति देख्दा यो अनुमान गर्न चुकिनँ कि यी पक्कै पनि तिनै तल भेटिएका दुई बच्चाकी आमा हुन् । तसर्थ केही चाख देखाउँदै सोधें 'निकै हतारिएर सोध्नु भयो नि !' होइन दाइ ! मैले दूधे बालक डेरामा छाडेर आएकी थिएँ बिहानैदेखि । एउटी भोकै छे । दुई बजे आउँछु भनेथें, बियाँलो भयो । घाम निकै माथि पुगिसके, कति बज्यो होला भनेर ।'

'कहाँ जानुभएथ्यो ?' उसको प्रश्नलाई पिछ्याउँदै सोधें ।

'रत्ने साहूकहाँ ।'

'इँटा बोक्न हो ?'

'इँटा बोक्न त अघिल्लो एक महिना मात्र गएकी हुँ । अहिले एक महिनायता त ज्याला लिन मात्र धाएकी हुँ । करजोरी पाउ पर्दा पनि ज्याला आजतक दिएन । घरमा समाल छैन । विदेशबाट आएर डेरा गरेर बसेकी छु । चुलो नतातेको धेरै भयो । उनी फरियाको आँचलले आँखा पुछ्न थालिन् ।

उनी यति अधैर्य र हतास देखिन्थिन् कि मैले वास्तविक समय बताउनु उचित ठानिनँ र उनलाई पनि छकाएर मौन भइदिएँ । उनले फाल हालिन् ।

मैले आकाशतर्फ हेरेर सूर्यलाई थुनिदिएँ ।

रानीवन - ३ काभ्रे

श्री ५ महाराजाधिराज सरकारको ५५ औं शुभ-जन्मोत्सवको सुखद् उपलक्ष्यमा मौसूफको गाथमा सुस्वास्थ्य, समृद्धि तथा दीर्घायूको लागि श्रीपरमेश्वरसँग प्रार्थना गर्दछौं ।

कमलराज पन्त

(अध्यक्ष)

अत्तरिया नगरविकास र

रो

लघुकथा

मान्छे र बाँदर

– प्रयास सौरभ श्रेष्ठ

मान्छेको पुर्खा बाँदरनै हो भन्ने कुरामा वैज्ञानिकहरूले ठोकुवा गरेर भन्न सकिरहेका थिएनन् । कोही भन्थे – 'अनुहार मिल्दैमा मान्छेको पुर्खा बाँदर भन्नु गलत हो, व्यवहार पनि हेर्नुपर्छ । बाँदर बनमा बस्छ, मान्छे शहरमा । कसरी सम्भव हुनसक्छ कि मान्छेको पुर्खा बाँदर नै हो भन्ने कुरा ?' 'कोही भन्थे – 'मान्छेको पुर्खा बाँदर नै हो, दुबैको अनुहार ठ्याक्कै मिल्छ ।'

मान्छेको पुर्खा बाँदर नै हो भन्ने कुरामा वैज्ञानिकहरू बीच पनि पक्ष विपक्ष भो । अन्ततः दुबै पक्षकालाई एकै ठाउँमा समाहित गरियो र एउटा अनुसन्धान कमिटी बनाइयो ।

अनुसन्धान कमिटीले मान्छेको पुर्खा बाँदर नै हो वा होइन भन्ने तथ्यहरू जुटाउन मान्छे र बाँदरमा छुट्टाछुट्टै अनुसन्धान गर्‍यो । कमिटीले बाँदरमा गरेको अनुसन्धानको एउटा घटना यस्तो थियो ।

'एक समय पानी परिरहेको थियो । एक हुल बाँदरहरू पानीमा रुझिरहेका थिए । तिनीहरू भोकै थिए । ओत लाग्न नजिकै रुख वा ओडार केही पनि थिएन । त्यहाँ केही केराका बोटहरू मात्र थिए । जसमा एउटा धोबीचरो गुँड लगाएर बास बस्दथ्यो । पानीमा रुझिरहेका बाँदरहरू देखेर धोबीचरोलाई टिठ लाग्यो र भन्यो –'ए बाँदर दाइहरू हो ! आउनोस्, यस्तो झरीमा रुझेर हिंड्नु हुँदैन, रुघाखोकी, ज्वरो आउँछ । केहीबेर भएपनि यहाँ केराको पात ओडेर झरीबाट बच्नोस् ।'

'हो र !' भन्दै बाँदरहरू आएर केराको पात ओडेर झरी छेक्दै बसे ।

केहीबेर बस्दा पनि पानी नरोकिएपछि भोका बाँदरहरू यता उता छरिन थाले । एउटा उच्छृंखल बाँदरले केराको घरी नै पाकेको देख्यो । उ त्यहाँ चढ्यो । त्यसपछि सबै बाँदरहरू चढे, केराको घरीले बाँदरहरू थाम्न नसकेर केराको बोट भुइँमा ढल्यो । जसले गर्दा धोबीचराको गुँड पनि भत्कियो, फुल पनि फुट्यो – 'लौन बाँदरदाइ यो के गरेको ?' रुँदै धोबीचरो गुँड मिलाउन लाग्दै थियो, अर्को उच्छृंखल बाँदर आएर – 'ए हामीलाई श्राप दिने ?' भन्दै धोबीचरोलाई च्याप्प समायो र आहारा बनायो ।'

वैज्ञानिकहरूले मान्छेमा स्वार्थी, कपटी, बैगुनी, छलछाम, जालझेल, विश्वासघात, उद्दण्डता ..... आदि स्वभावहरू पहिलेको अनुसन्धानमा फेला पारीसकेका थिए । जुन बाँदरको व्यवहारसँग ठ्याक्कै मिल्थ्यो । अनुसन्धानकै क्रममा मान्छे र बाँदरका सामान्य भन्दा सामान्य व्यवहारहरू समरूप भएको पाइयो ।

अन्ततः वैज्ञानिकहरूले निष्कर्ष सहित प्रतिवेदन सार्वजनिक गरे । जसमा मान्छेको पुर्खा बाँदर नै हो भन्ने कुरा अनुहारले मात्र होइन व्यवहारले पनि हो भनेर माथिको जस्तै गरी सयौं उदाहरणहरू सहित पेश गरेका थिए ।

बेनीघाट बजार–८ धादिङ

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको ५५ औं शुभ-जन्मोत्सवको सुखद् उपलक्ष्यमा मौसूफको सुस्वास्थ्य, समृद्धि तथा सुकीर्तिका लागि श्रीपरमेश्वरसँग प्रार्थना गर्दछौं ।

मथुराप्रसाद मास्के

(अध्यक्ष)

श्री डिष्टिलरी (प्रा.) लि.

अरुणखोला, नवलपरासी

छुटेका कविता भित्र कवि मातृदास

गोपी सापकोटा

रामेश्वर राउत 'मातृदास' नेपाली साहित्यको आकाशमा चम्किने ताराहरू मध्ये एक हुन् । वि.सं. २०२३ साल वैशाख १ गते, थकनी–१ सिन्धुपाल्चोकमा जन्मेका मातृदास समकालीन नेपाली साहित्यिक जमातमा आफ्नो छुट्टै परिचय सहित स्थापित भइसकेका छन् । वि.एल.को अध्ययन पश्चात् राजनीति शास्त्रमा एम.ए. गरेका रामेश्वर राउत 'मातृदास' का हालसम्म ६ वटा पुस्तकाकार कृतिहरू प्रकाशित भइसकेका छन् । उनका प्रकाशित कृतिहरू 'जगमा पसेका मुसाहरू' (कविता सङ्ग्रह २०४९), 'उडेको पन्छी झरेको प्वाँख' (कविता सङ्ग्रह २०५०), 'आफै बोल्छन् फूलहरू' (बालकविता सङ्ग्रह २०५१ र २०५३), 'मनका कथा' (बालकथा सङ्ग्रह २०५३), 'छुटेका कविता पाएँ' (कविता सङ्ग्रह २०५४) र 'मन बुझाउने गीत' (गीत सङ्ग्रह २०५५) हुन् । यसरी हेर्दा रामेश्वर राउट 'मातृदास'मा दुई विशेष प्रतिभा रहेको पाइन्छ । एकातर्फ मातृदास एक सफल कवि र गीतकार हुन् भने अर्कोतर्फ उनी एक सफल बाल साहित्यका लेखक हुन् ।

मातृदासको वि.सं. २०५४ सालमा प्रकाशित कविता सङ्ग्रह 'छुटेका कविता पाएँ' ले उनलाई एक सफल कविको रूपमा प्रस्तुत गऱ्यो भने उनको वि.सं. २०५५ सालमा प्रकाशित गीत सङ्ग्रह 'मन बुझाउने गीत' ले उनलाई एक गीतकारको रूपमा पनि परिचित बनायो । बास्तवमा उनका यी दुई कृतिले उनको लेखकीय यात्रामा महत्त्वपूर्ण योगदान दिएका छन् ।

कवि मातृदासको 'छुटेका कविता पाएँ' कविता सङ्ग्रहमा जम्मा ५४ वटा कविताहरू रहेका छन् । समकालीन जीवनले दिएका अनुभूतिहरू नै कवि मातृदासका रोजाइहरू हुन् । कतै कतै उनी विद्रोही बनेर पनि देखा पर्दछन् । उनले आफ्नो कवितामा प्रयोग गर्ने व्यङ्ग्य पनि रोचक छ । उनको 'आदेशलाई पालना गर्नु' कविताको एक अंश–

आदेशलाई अक्षरशः पालना गर्नु
उठ्नु लाठीमुङ्रे हो जाग्नु
छाती खोलेर लाग्नु
सोझा, सज्जन, विद्वान्
नागरिकहरूको टाउकामा
सकेसम्म खुँडा, खुकुरी लट्ठी
भाला, छुरी, लात्ती, मुक्का
जे जे छ आफूसँग
त्यही त्यही बर्साउनु, हान्नू ।

'नदी र माझी' कवितामा कविले आफूलाई नदीको रूपमा प्रस्तुत गरेका छन् । नदी निरन्तरताको प्रतीक हो । नदीले जीवन प्रतिबिम्बित गरिरहेको हुन्छ । कवि भन्छन्–

मेरो कर्म,
निरन्तर प्रवाहित जलधारा यो
नथाक्नु । नरुक्नु
मेरो जीवन-गीत हो ।

कवि रामेश्वर राउतका यस सङ्ग्रहमा सङ्ग्रहित कविताहरू मध्ये २६ वटा कविताहरू पूर्व प्रकाशित हुन् । उनका ती कविताहरू गोरखापत्र, युवामञ्च रुपरेखा, गोलार्द्ध, मिमिरे, गोधुलि, कान्तिपुर, छानबिन, दायित्व, कविता, सुगन्ध, लोकपत्र, रत्नश्री, गतिविधि, बगर, सिन्धुमिलन, जनमत जस्ता पत्रिकाहरूमा प्रकाशित छन् ।

कविले आफ्नो 'छाता' शीर्षकको कवितामा छातालाई एक सन्दर्भमा हिउँ फूलसँग तुलना गरेका छन् । हामी समकालीन छाताहरू अर्थात् हिउँफूलहरू अरूकै लागि उपयोगमा आइरहेछौं । हामी छाताहरू अरूहरूकै लागि ओत बनिरहेछौं – आफू रुझेर । प्रचण्ड गर्मीहरू पनि हामी नै सहिदिन्छौं र अरूहरूलाई छायाँ बाँड्दै हिंडिरहन्छौं– हामी छाताहरू । आँखामा चिन्ता हराएका ती हिउँ फूलहरूको जिन्दगी हेरौं कविको एक दृष्टि –

अहो हिउँ फूल
क्या घतिलो जीवन तेरो
आफ्नै अङ्ग/प्रत्यङ्ग

हिउँलाई बुई बोकेर
निश्चल/निर्भीक
न आँखामा चिन्ता
कतै गुनासो पोख्ने बानी छैन तेरो ।

कवि मातृदास आफ्नो राष्ट्रप्रति समर्पित छन् । उनका कवितामा राष्ट्रप्रेमको भावना पनि उर्लेको पाइन्छ । देश हामी सबैको आत्मा हो, देशको माटो हामी सबैको मुटु हो भन्ने विचार राख्दछन्–कवि मातृदास ।

देशको माटो
मेरो मुटु
तिम्रो मुटु
उसको मुटु
हामी सबैको मुटु हो ।

इतिहासले सबैलाई समेट्छ भन्ने जरुरी छैन । कवि 'मातृदास' ले इतिहासमा अटाउन नसकेकी एउटी केटी 'सडककी साहिँली' को मनको विमोचन गरेका छन् । कवि भन्छन् –

खुम्चिएको मनले
मेरो यौवनले अग्लिएको सगरमाथा देख्दैन
मसी सुकेको कलमले
मेरो इतिहास लेख्दैन
नदेख् तैंले,
मेरो इतिहास नलेख् ।

वि.सं. २०४६ चैत्र २४ गतेको ऐतिहासिक जन-आन्दोलनको सिलसिलामा सक्रिय रूपमा सहभागी हुँदा कवि रामेश्वर राउत 'मातृदास' को दायाँ हातमा गोली लागेको थियो । त्यसको प्रभाव अझै बाँकी छ । राउत आफ्नो बायाँ हातले लेख्न बाध्य छन् । उनका कविताहरू सायद तिनै पीडाहरूका अभिव्यक्ति हुन् । उनले राष्ट्रका लागि आफ्नो दायाँ हात दिए । राष्ट्रले शहीद र जिउँदा शहीदहरूका सपना पूरा गर्नु पर्थ्यो । खोई ! यहाँ के-के भयो ? के के भएन ? जे भए पनि, जे नभएपनि कम्तीमा कविताहरू लेखिए । रामेश्वर राउतले छुटेका कविताहरू पाए ।

डा. तारानाथ शर्मा भन्नुहुन्छ – 'यी कवितामा देशभित्रको सीप, देशवासीको जाँगर र देशवासीको दक्षतालाई उनले सरल र सरस अभिव्यक्ति मार्फत प्रकट गरेका छन् । 'मैले बारुद निलें' कविताको एक अंश –

एक रात यसकी आमा र म
एउटै गुन्द्रीमा सुत्दा
अचानक मैले बारुद निलेंछु
यो टाइम बम भएर जन्मेकी छे
कुनै दिन यो सप्तसदी
विष्फोट हुन सक्छे ।

समग्रमा हेर्दा कवि रामेश्वर राउत 'मातृदास' का यो सङ्ग्रहका धेरै कविताहरू उत्कृष्ट छन् । समसामयिक विषय वस्तुहरू रोज्ने कवि मातृदासबाट नेपाली साहित्यले भविष्यमा धेरै आशा राखेको कुरा अनुभूत गर्न सकिन्छ ।

- - -

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको ५५ औं शुभ-जन्मोत्सवको सुखद् उपलक्ष्यमा मौसूफप्रति हार्दिक शुभ-कामना चढाउँदै मौसूफको सुस्वास्थ्य, समृद्धि तथा सुकीर्तिका लागि श्रीपरमेश्वरसँग प्रार्थना गर्दछौं ।

नेपाल राष्ट्र बैंक
परिवार

लघुकथा

कथनी र करनी

– ऋषिराम डाँगी

त्यस दिन उसले मलाई आश्वस्त पार्दै भन्यो, – 'तपाईं जस्तो छिमेकी पाउनु मेरो भाग्य नै हो । बाउसँग छुट्टिभिन्न भएदेखि घर बनाउने निकासको जग्गा नहुँदा मेरो परिवारको बिचल्ली भएरहेको थियो । मलाई घरबास बनाउने जग्गा दिनु भएर ममाथि ठूलो गुन लगाउनु भएको छ । यसबाट म मात्रै हैन मेरा छोरा-नातीसमेत तपाईंको ऋणी भएका छन् । मैले पनि तपाईंलाई परेका बखत जस्तोसुकै सहयोग र मद्दत गर्ने नै छु । 'ढुङ्गाको भर माटोलाई माटोको भर ढुङ्गालाई' गरी छिमेकमा बस्नुपर्छ, भन्ने मेरो मान्यता छ ।'

एकदिन मैले उसलाई घरमा बोलाएँ र भनें – 'मलाई पैसा र तपाईंलाई घर बनाउने जग्गा चाहिएको हुनाले लेनदेन त गरियो तर बिक्री गरेको जग्गाको साँध– अहिलेसम्म नलगाइएकोले अमिनी बोलाउनु पर्‍यो र सीमा निर्धारण गर्नुपर्‍यो ।

नभन्दै अमिनी आएर जग्गा छुट्यायो । मैले बिक्री गरेको जग्गाको उपल्लो साँध मेरो घरको दख्खिनतिर पूर्व पश्चिम फैलिएको आधा आगनसम्म आइपुग्यो । मेरो सामान्य अनुरोध पछि उसले आँगनमा परेको जति जग्गा पैसा लिएर मलाई नै फिर्ता गर्ने भयो । मैले मनमनै सोचें– जग्गा दिएर छिमेकी बनाएको यो मानिस साँच्चिकै असल रहेछ । कथनी र करनी एउटै भएको मानिस रहेछ । यस्तो मानिस पाउनु आजको दुनियाँमा कठिनै हुन्छ । उसले त्यस दिन भनेका कुरा मैले झल्झल्ती सम्झिए र मनैमन ऊप्रति निक्कै आभारी भएँ ।

+ + +

समय बित्दै थियो – एकदिन अदालतको एउटा कागज मेरो हातमा पर्‍यो व्यहोरा यस्तो थियो–

'मेरो हक भोगको जग्गामा विपक्षी फलानाले जबरजस्ती ४ जना मजदुर लगाई गाईको गोठ बनाएको, आँठो खनेर आँगन बनाएको देखेपछि छिमेकका जान्ने बुझ्नेहरूलाई बोलाएर सम्झाइ बुझाइ गर्न लगाउँदा पनि निजले नमानेको र उल्टो मसँग 'मैले बनाएँ त बनाएँ के गर्छस् गर' भनी झगडा र हातपात समेत गरेको हुनाले कानून बमोजिम न्याय दिलाइ पाऊँ । मेरो दावी झुठो ठहरे ऐन बमोजिम कारवाही सहुँला बुझाउँला ।'

यसप्रकार त्यस छिमेकीले ममाथि लगाएको झुट्ठा आरोप पढेर म तीन छक परें । उसले म उपर एक्कासी किन नालिस दियो ! मनमा अनेक शङ्का उपशङ्का खेलाउँदै म उसको घरमा गएँ । मलाई देख्नासाथ भन्यो– 'तपाई मकहाँ आउनु भएको कुरा मैले बुझें । अब विकल्प एउटा मात्रै छ, खुरुक्क आफ्नो गोठ भत्काउनुस् र मेरो जमीन खाली गर्नुस् अनि मात्र म मुद्दा फिर्ता लिन्छु । कुरा बुझ्नु भो हैन ? तपाईंजस्तो बुद्धिजिवीलाई मैले के सम्झाउनु पर्छ र !

'तर तपाईंले त मलाई.....' मेरो वाक्य पूरा नहुँदै उसले बीचैमा बोल्यो– ती उहिले मैले भनेका कुरा अहिले खुइले, मबाट अब थप आशा नगर्नुस् । मलाई बाखोलाई बोको लगाउन पल्लो गाउँ जानु छ म अहिले गएँ । नभन्दै बाखो डोऱ्याएर ऊ गल्लीतिर निस्कियो । म अवाक किंकर्तव्यमुढ भएर त्यही उभिइरहें, उभिइ नै रहें ।

दाङ्ग, हाल-नेपालगञ्ज

श्री ५ महाराजाधिराज सरकारको ५५ औं शुभ-जन्मोत्सवको सुखद् उपलक्ष्यमा मौसूफको गाथमा सुस्वास्थ्य, समृद्धि तथा दीर्घायूको लागि श्रीपरमेश्वरसँग प्रार्थना गर्दछौं ।

रेशमबहादुर खड्का

(अध्यक्ष)

लमही नगरविकास समिति परिवार

कथा

पतीता सती

कृष्णबहादुर कुँवर

'तिम्रो नाम ?'

'बेश्या'

वेश्या त म देखी रहेछु, तिम्रो नाम सोधेको मैले', मैले फेरि दोहोऱ्याएर सोधें । उसले आफ्नो नाम फेरि पनि वेश्या नै भनी र भन्दै गई-तपाई पैसा तिरेर आउनु भएको छ, आफ्नो पैसाको मूल्य उठाउनु होस् र गइहाल्नु होस् । बेकारमा तपाईंको समय, मेरो समय खेर जान नदिनोस् । तपाईलाई मेरो नाम थर ठेगाना इत्यादि हुलिया बुझेर के फाइदा ? वरू मेरो अर्को ग्राहक लाइनमा बसी राखेको हुनसक्छ, मलाई घाटा लाग्छ । अँ ! बरु उ त्यहाँ पर वास बेसीनमा ढालको बट्टा छ लगाएर आउनु होस् । त्यो नलगाई तपाई मसँग आउनु पनि हुन्न र म तपाईसँग जानु पनि हुन्न । के थाहा कहिं तपाईलाई एड्स भएको हुन सक्छ ? सायद मसंग पनि त्यो रोग हुनसक्छ ।'

उ ज्यादै राम्री पनि थिइन । सेतो सुकिलो तन्ना माथी त्यो पनि सुकिलै देखिन्थी । मसँग कुनै मोज-मज्जा गर्न पुगेको थिइनँ, न त त्यस कुरामा मेरो कुनै सोख नै थियो । म एक पत्रकार उसँग मोज-मज्जा गर्ने बहानामा त्यस केटीको बूढी कुटनीलाई तिर्नु पर्ने मूल्य तिरी केही कुराको जानकारी लिन पुगेको थिएँ । कुटनीले मलाई थरी-थरीका वेश्याहरूको फोटो देखाएकी थिई । त्यसको विषयमा मैले अगाडि नै केही कुराको जानकारी लिई सकेको थिएँ र त्यस पटक भने त्यस्ती पनि यस्तो काममा कसरी लाग्न सक्छे, मलाई चुडान्तमा पुग्नु थियो । मैले उसँग खुलस्तै भनी दिएँ – 'म कुनै नैतिक पतन भएको कामुक बदमास तिमी कहाँ मोज-मज्जा लिन आएको होइन, मलाई तिमीले कुनै ढालसाल देखाउनु पर्दैन, म तिमीसँग केही सवालहरू गर्न आएको हुँ, खाली मैले सोधेका २/४ प्रश्नहरूको जवाफ देउ, मेरो भागको ढाल पनि तिम्रा अरू ग्राहकललाई नै देउ' – मैले भनें ।

तिनले भन्न लागिन् – 'मेरो १५ मिनेटको समयको लागि मात्र तपाईले रु. १००/- तिरेर आउनु भएको छ, यदि मेरो इति बृतान्त सुन्ने तपाईलाई इच्छा नै छ भने बाँकि समयको रु. ५००/तिरेर आउनुहोस् एक डेढ घण्टा कुराकानी गर्नको लागि ।

मैले प्रश्न गर्न थालें – 'तिमीलाई बेश्याको नामले चिनिनु भन्दा पतीता सतीको नामले चिनिने रहिछौ यस्तो किन भएको ?' मेरो पहिलो प्रश्नको उत्तरमा नै ऊ गम्भीर भई, लामो सुस्केरा हाली र भन्न लागी–'हो, मलाई यसै नामले बोलाउँछन्– यस कोठी भित्र, तर मेरो नाम यो होइन, मेरो नाम हो 'पवित्रा विश्वकर्मा ।' मैले भनें– 'तिम्रो नाम पवित्र छ तर यहाँ भने तिमीलाई पतीता सती भन्नाको कारण के रहेछ, तिम्रा दुबै नामहरू तिम्रो कामसँग ठ्याम्मै मेल खाँदैनन् किन ?' उत्तरमा उसले भनी – 'मेरो पहिलो नाम त मेरा बाबुआमाले अनजान मै जुराइ दिए, दोस्रो नाम पनि यस्तै यस्तै किन रहन गयो, नाम राख्नेहरूलाई नै थाहा होला ।'

साँच्चै नै महाकवि कालीदासले शकुन्तलाको बर्णन गरेजस्तै सलक्क परेको सुडौल शरीर, गोरो वर्ण, लामा लामा केश परेका आँखा, सुलुक्क परेको नाक, घना कालो दुई चुल्ठे कपाल, बारुली कम्मर, पुष्ट वक्षस्थल तथा नितम्बहरू यस्तै यस्तै उसको शरीर थियो । कुनै सिपालु कारीगरले मेहनत साथ बनाएको कलाकृति जस्तो बदन ढाक्ने पोशाकको हकमा लज्जाका दुई थुङ्गाहरू मात्र छोपिएका थिए । सायद यो तिनको प्रचार होला । सिउँदोमा रातो सिन्दुर, गलामा रातो पोते र तिलहरीले तिनी सदुवा हुन् भन्ने प्रष्ट्याउँथ्यो ।

मेरो दोस्रो प्रश्न थियो – 'तिम्रो घर माइती कहाँ हो नि ?' उसले भनी – 'हुन त यो विश्व नै मेरो घर माइती हो, जन्म कै ठाउँ, कर्म कै ठाउँ सोध्नु हुन्छ भने हिमालयको काखमा पर्छ ।' यस उत्तरबाट मैले बुझिहालें– उ कुनै शिक्षित नारी हो । मलाई सही कुराको जवाफ चाहिएको थियो, मैले भने – 'म तिम्रो साहित्यिक पाराको भापा अलि बुझ्दिनँ कृपया मलाई सोझो जवाफ देऊ ।' जवाफमा उसले भनी – 'मेरो जन्म र कर्म भूमि दुबै विराटनगर रंगेली रोडमा हो ।' मैले उसको बाबुआमाको नाम र पेशा सोधें – सबै उसले बताई ।

मैले भन्दै गएँ – 'तिमी कुनै विधवा पनि होइनौ र तिम्रो बोलीचालीले त शिक्षित महिला पनि हौ भन्ने बुझाउँछ ? उसले भनी – 'सही अडकल गर्नु भयो, म शिक्षित र सदुवा दुबै हुँ, मैले विश्व विद्यालय पनि देखेकी छु ।'

'अब म तिमीसँग गाँठी प्रश्नको उत्तर माग्दैछु, कृपया साँचो साँचो स्पष्टसँग जवाफ दिने प्रयत्न गर', 'तिमीले यो पेशा लिनमा के कुराले वाध्य गरायो ?' उ ज्यादै गम्भीर देखिई, एकछिन मौन रही, उसका दुबै आँखा एकैछिनमा टलपल भए ।

उसले आँसु पुछ्दै उत्तरको ठूलो पेटारो खोल्दै मेरो छेउ एक एक गरी राख्न लागी– 'मेरा बाबु विराटनगरमा फलामको सानोतिनो उद्योग गर्नुहुन्थ्यो, मेरा पति र म बीच व्याचलरको विद्यार्थी छँदै प्रेम भएको थियो, २१ वर्षको उमेरमा विवाह भयो, हाल मेरो उमेर २६ वर्ष चलिरहेको छ । अब करीव बाँकी उमेर ४/५ वर्ष म मेरो प्रणय सूत्रलाई बचाई राख्न किन नसकुँला त ? जब हामी दुबैले प्रेम विवाहमा सँगैबाँच्ने सँगैमर्ने सङ्कल्प गरेका थियौं ।

४/५ वर्ष बाँच्ने र बचाई राख्ने कुराले मलाई अर्को जिज्ञासा उब्जाइ दियो, मैले उत्सुकतासाथ प्रश्न गरें ।

मेरो यस प्रश्नको उत्तर उसले अझै गम्भीरतापूर्ण भावमा दिन लागी , उसको आँखा फेरी टलपल भयो । गलत फैसला सुनाउने घुस्याहा न्यायाधीशको मुखमा हरूवा प्रतिवादीले जसरी हेर्छ त्यसैगरी उसले मेरो मुखमा हेरी र भनी– 'मैले यो पेशा थालेको केही पछि मलाई एड्स रोग लागेछ, यसबाट छुटकारा पाउने कुरा मृत्युपछि मात्र सम्भव छ तर म मेरो श्रीमान्को ब्लड क्यान्सरको उपचार गर्न पैसा नभएर यो पेशामा लागेकी हुँ, मेरो त मर्नु छँदैछ, २/४ वर्षको कुरा हो अब मलाई मेरो ज्यानको माया छैन । कम से कम मैले आफ्नो शरीर बेचेर श्रीमान्लाई बचाउन सकें भने यही नै जीवनको सफलता ठान्ने छु ।

यस पेशाको अतिरिक्त अरू उपाय थिएन ?

उसले पुनः भन्न लागी – 'वज्रघात, चारैतिर वज्रघात बाहेक केही भएन । लोग्नेलाई ब्लड क्यान्सरको सिफारिस डाक्टरबाट भयो, माइतीमा म छोरी बाहेक अरू दाजु-भाइ दिदी-बहिनी कोही थिएनन् । आमा सानैगा बित्नु भएको थियो, मेरो विवाह भैसकेपछि अर्को उत्तराधिकार नभएको कारण बुवाले आफ्नो सबै घरखेत बेची खाईपिई सकेर मरी पनि सके । घरतर्फको हकमा मेरो श्रीमान् टुहुरो रहेछन्– मावलीको सहारामा हुर्के बढेका । ती मामा माइजु पनि अब यस सन्सारमा छैनन् । बाँकी रह्यो मेरो सर्टिफिकेट । भनेको बेला कहाँ के जागीर पाइहालिन्छ र ! जागीर खोज्दा खोज्दै २/४ महिना २/४ वर्षै पनि बित्न सक्छ, यस परिस्थितिमा मैले मेरो यो बचेको सुन्दर कायाको व्यापार गर्नु बाहेक अर्को विकल्पै देखिनँ, यस कमाईबाट विगत तीन महिनादेखि मेरो लोग्नेलाई बचाइ राख्नुको अतिरिक्त म पनि खाईपिई बाँची रहेकी छु । कहिले ३/४ सय कहिले हजार बाह्रसय पनि कमाइ हुन्छ । यस परिस्थितिमा म आफूसँग जे बाँकी छ त्यसको व्यापार किन नगरुँ ? म आफूलाई जिउँदो लास बाहेक केही सम्झिन्नँ, लास उपर जति नाच, जति उफ्र, लासका अङ्ग–प्रत्यङ्गमा जति हात फिराउ उसलाई के फरक पर्छ ? म लास भै सकेकी छु ।

मेरा प्रश्नहरू त सकिइसकेका थिए, तैपनि पैसा तिरे अनुसार समय बाँकी नै रहेकोले एक प्रश्न अर्को पनि गरें– यस्तो पेशाले महिलाहरूमा दोहोरो मज्जा हुन्छ

भन्छन् , एउटा मज्जा यौनेच्छा पूर्ति हुन्छ भने अर्को मज्जा पैसा लिनमा । यो भनाइमा तिमी कत्तिको सहमती राख्छ्यौ ? उसले भनी – 'यो कुरा सत्य हो, तर मेरो उद्देश्य चाहिं मज्जा लिनु नभई पैसा मात्र कमाउनु हो । सायद त्यसैले होला मेरो रूप यौवनको कारणले मात्र होला पुराना मेरा ग्राकहहरू १/२ पटक झुक्किएर आइ हाल्छन्, दोहऱ्याई तेहऱ्याई म कहाँ आउने इच्छा राख्दैनन् । किनभने म उनीहरूलाई यौन सन्तुष्टि कहिल्यै दिन्नँ– मेरो श्रीमान्लाई बाहेक । यौन सन्तुष्टि लिनलाई स्त्री-पुरुष दुवैको बराबर सहभागिता रहनुपर्छ । स्त्रीले सन्तुष्टि दिएमा मात्र पुरुषले सन्तुष्टिको अनुभव गर्छ, अन्यथा हुँदैन ।

मेरो अर्को एउटा प्रश्नको उत्तर दिन्छ्यौ ?

उसले घडीतिर हेर्दै भनी–छिटो सोधिहाल्नुस् ।

बलात्कार र ऐच्छिक यौन सम्पर्कमा तिम्रो के धारणा वा अनुभव छ ?

उसले भनी – 'बलात्कार भनेको कुनै स्त्रीले नचाहँदा नचाहँदै पनि पर पुरुषले स्त्रीसँग यौन सम्पर्क गर्नु, जसबाट गर्भ धारणा बिरलै हुन जान्छ । साँच्चै भनूँ भने म पनि यस कोठीमा बलात्कार कै रूपमा पैसा कमाई रहेकी छु । किनभने म कसैको वीर्य ग्रहण गर्दिनँ, कुनै पुरुष म कहाँ आएर मेरो शरीरको कुनै भागमा आफ्नो शरीरको कुनै अङ्ग घर्षण गरेर एकलौटी मज्जाको अनुभव लिन्छ भने त्यसमा मेरो के दोष ? जब कि मैले अहिलेसम्म ऐच्छिक यौन सम्पर्कको मज्जा श्रीमान्बाट बाहेक अरू कसैबाट लिएकै छैन, तसर्थ मलाई समाजले अनजानमै वेश्याको संज्ञा दिए पनि जानी बुझिकन अवश्यै भन्दैनन् । मैले मेरो ऐच्छिक यौन सम्पर्कको प्रमाण स्वरूप मेरो श्रीमान्को वीर्यबाट एक छोरा एक छोरीको जन्म दिएकी थिएँ । दुर्भाग्यवश ती बच्चाहरू मेरा हुन सकेनन् । भगवान्को प्यारो भै सके । एउटा सजीव चीजले अर्को निर्जीव चीजमा आफ्नो शरीरको घर्षण गराएर एकोहोरो मज्जा लिदैमा कुनै निर्जीव वस्तु गर्भिणी हुँदैन । यति उदाहरणहरू प्रस्तुत गर्दागर्दै पनि मलाई तपाई वेश्या नै ठहऱ्याउनु हुन्छ भने मेरो केही भन्नु छैन ।

सामाखुसी

लघुकथा

मिलापत्र

– रामविक्रम थापा

जातले बाहुन र किराँती भनिने हरि र कृष्ण सँगै बढेका र सँगै पढेका समकालीन अन्तरङ्ग मित्र हुन् । एकै पटक पासपोर्ट बनाएर सँगै भिसा प्राप्त गरेका हरि र कृष्ण सँगै विदेश जाने योजनामा थिए । समुद्रपार गएर यथेष्ट अर्थोपार्जन गरी राजधानीमा घर किनेर बस्ने सुखद् भविष्यको रोमाञ्चकारी कल्पनामा जेलिएर भलाकुसारी गर्दै दुबै भाइ फूलकुमारीको घरतिर ओरालो झरे । हरि र कृष्णले पालै पालो खोयाबिर्के किनेर भक्कू पिए र रङ्गीन आँखामा खुबै गफिए । झमझमे मध्यान्हमा उकालो लागेका ती दुई मित्रहरूको बाटोमा वाद-विवाद शुरु भएर चौतारीमा पुग्दा चरमोत्कर्षमा पुग्यो । हात मिसामिस र ढुङ्गा हानाहान भएर हरिको देब्रे हात भाँच्चियो भने कृष्णको दाहिने आँखा फुट्यो ।

भोलिपल्ट बिहानै त्यही घटनास्थलको चौतारीमा मेलाकै रूपको समाज भेला गरियो र छलफल शुरु भयो । उक्त समाज भेलामा हरि र कृष्ण दुबैजना अदालतको ढोका ढक्ढक्याउन जाने अडानमा कस्सिए । कुरा नमिल्ने स्थिति देखिएपछि एकजनाले एउटा उपाय (अक्कल) झिक्यो र हरि र कृष्ण दुबैलाई दश-दश बोतल रक्सी मगाउन लगायो । फूलकुमारीकै घरबाट बीस बोतल रक्सी उक्त चौतारीमा ल्याइयो ।

कुरा मिल्यो र मिलापत्र लेखियो । उपस्थित सबैले एक-एक गिलास अनि झगडियाले दुई-दुई गिलास रक्सी घुट्क्याए । दुबैले कुम जोडेर मित लगाए र मिलापत्रमा सहिछाप गरी सबै आ-आफ्ना घरतिर लागे ।

हिमालकुञ्ज, सगरमाथा

एउटा मानिस मर्न सक्छ, राष्ट्रहरूको उत्थान पनि हुनसक्छ तर एउटा बिचार सधैं जीवित रहन्छ ।

– जोन अफ केनेडी

कृति परिक्रमा

प्रगतिशील कविको रूपमा सुपरिचित केवलपुरे किसान (देवीप्रसाद पौडेल)को 'शंकै शंका' (कवितासङ्ग्रह) हेर्ने मौका मिल्यो । हुन त वहाँका यस अघि ७/८ वटा अरू कृतिहरू पनि प्रकाशित भइसकेका छन् । तर म ती सबैको र सास्वादन गर्न पाएको छैन ।

कवि किसानको यस सङ्ग्रहमा प्रकाशित ४१ वटा कवितालाई हेर्दा प्रायःजसो सबै कविता सरल, सरस र मार्मिकढङ्गमा प्रस्तुत भएको मलाई अनुभव भयो । आह्वान, जागरणप्रति, होसगर, नेपाली हौ भने, राणा वाद धोका हो, आगो बलेन, मलाई मन्त्री दिनोस्, बोको खस्यो, शंकै शंका, ढुस्स गनाउँछ जस्ता शीर्षकहरूले नै कविद्वारा सामाजिक चेत, क्रान्तिको आभास, राष्ट्रिय भावना, देशभक्ति, शोषण दमन अत्याचारको विरोध गरिएको छ भन्ने प्रष्टयाउँछ । यस्तै कविताहरूको सँगाले हो– शंकै शंका ।

वास्तवमा लोक गीतनै आधुनिक नेपाली गीतको जननी हो र आधुनिक कविताहरू पनि यसै लोक लयमा आधारित छन् । जहाँ लोकलयमा आधारित कविताहरू हुन्छन् ती बढी सजीव हुन्छन् र चीरस्थायी । नत्र भानुभक्तको रामायण र देवकोटाको मुनामदन यति लोकप्रिय हुने थिएनन् । कवि किसानका कविताहरू पनि प्रायः यस्तै लोकछन्द र केही सँस्कृत छन्दमा आधारित छन् । त्यसैले कवि किसान जनताका कवि हुन् भन्ने प्रष्ट हुन्छ ।

समालोचक कुसुम शर्माद्वारा लेखिएका यी पंक्तीहरूले नै यस सङ्ग्रहको परिचय गराउँछन् – 'यस सङ्ग्रहमा राणा शाहीको अत्याचार, सात साले क्रान्तिको उखरमाउलो, पञ्चायतले ल्याएको विकृति र जालझेल तथा वर्तमान समयका खरावीहरूलाई औंल्याएर जनक्रान्तिको खाचोलाई देखाएको छ ।'

कृतिः शंकै शंका (कविता सङ्ग्रह)
कवि/प्रकाशकः केवलपुरे किसान
संस्करणः २०५४ जेठ (प्रथम)
प्रतिः २०००/ पेजः ९२+६
मूल्यः २०/-

जीवनमा भोगिने पीडाहरूको अनुभूतिनै सृजनाको जननी हो" यस अर्थको पुष्टि पुष्पलता आचार्यको यो पुस्तक पढेपछि अझ स्पष्ट हुन्छ । वास्तवमा समाजमा भोगिएका दुखानुभूतिहरूलाई आत्मसात् गरेर जब कलमको माध्यमद्वारा ती यथार्थहरूलाई कागजमा कोरिन्छ त्यही नै सच्चा र सत्य साहित्यको रूपमा प्रस्तुत् हुन्छ । लेखिकाका कुल ८९ गीतहरूको सँगालोमा देखिने पूर्ण सत्य यही हो । हामीले जति गीत पढ्दै गएपनि मनको घाउमा चर्केको पीडाभन्दा बाहिर जानु पर्दैन । त्यसैले यसलाई शोककाव्य भन्दा पनि हुन्छ । किनकि यस कितावमा समेटिएका गीतहरू करुणरस भन्दा बाहिर गएका छैनन् । यस्ता अरू थुप्रै विशेषताहरू छन् यस कितावमा – जुन अन्यत्र सितिमिति यस्तो एकरूपता देख्न पाइन्न ।

१. ८९ पेजमा ८९ वटानै गीतहरू छन्, २. प्रत्येक गीतमा दश लाइन छन्, ३. प्रत्येक गीतको थालनी नै गीतको शीर्षक बनेको छ, ४. प्रत्येक गीतको माथिपट्टि रेखात्मक चित्र कोरिएको छ – जसले दुःख, पीडा र उत्पीडनलाई सङ्केत गरेको छ ।

लेखिका भन्छिन् – आँशु बग्छ अक्षर भएर कागजहरूमा
बह पोखिन्छ शब्द भएर वाक्यहरूमा
मन खोज्छ राहत भएर गीतहरूमा
त्यसैले
म र मेरो 'मनको घाउ' पोखिएकाछन्
संग्रहहरूमा

भूमिकामा कवि गणेश रसिक मन्तव्य पेश गर्नुहुन्छ –

गीतहरू पढिसक्दा गीतकार पुष्पलता आचार्यको नमा वग्ने वेदनाका मर्स्याङ्दी र गण्डकी नदीहरू जस्तै रो मन भरि अरुण र तमोर नदी उर्लिन्छन् । शायद आफ्नो नभित्रका यिनै पीडाहरूलाई थाम्न नसकेर गीतकार हुन ुग्नु भएको छ – पुष्पलता आचार्य ।

कृति: मनको घाउ (गीती सँगालो)

लेखिका/प्रकाशिका: पुष्पलता आचार्य

संस्करण: प्रथम (२०५५)

प्रति: १००१/पेज: ८९+६

कला/कभर डिजाइन: इमेज डिजाइनर्स

मूल्य: ३०/-

अब नेपाली साहित्याकाशमा पनि गजलको स्थान सांगुरो छ भन्ने स्थिति छैन । समयको गतिसँगै गजलकारहरूको संख्या पनि थपिंदो क्रममा छ । कुनैबेला अरबी बादशाहहरूको श्रृंगारिक मनोरन्जनमा सीमित गजल भारतीय भूमि हुँदै मोतीरामको पालामा नेपाल भित्रिएको हो । पहिले गजल श्रृंगारिक मात्र हुन्छ भन्ने सोचाई अहिले आएर विभिन्न रसहरूमा विभाजित हुन पुगेको छ । यस सङ्ग्रहमा सङ्कलित श्री रेग्मीका गजलहरू हेर्ने हो भने क्रान्तिकारी आक्रोशपूर्ण र व्यङ्ग्यात्मक रूपमा प्रस्तुत हुन पुगेका छन् । र, ती सबै अत्यन्त सरल, सरस र सुमधुर छन् ।

आधुनिक गजलकारको रूपमा परिचित ज्ञानुवाकर, मनु ब्राजाकी, ललिजन, मुन पौडेल, बुँद राना, घनश्याम न्यौपाने प्रभृत्तिले स्थापित गर्दै आएको नेपाली गजलको स्वरूपमा पनि अत्याधुनिक गजलकारहरूले आफ्नो कौशल र क्षमता प्रदर्शन गर्दै अझै नयाँ नयाँ रूप दिंदै आएका छन् । यसै कक्षबाट गजल क्षेत्रमा आफ्नो स्थान मजबुत बनाउँदै यसै समकक्षमा पुग्न बाटो तयार पार्दै छन् – राजेश्वर रेग्मी ।

उनको भनाइ अनुसार २०५१ साल यताका गजलहरू यस सङ्ग्रहमा परेका छैनन् । हामी सहजै अनुमान गर्न सक्छौं कि ती अझै परिष्कृत र प्रभावशाली होलान् । प्रथम कृतिको रूपमा प्रकाशित यस सङ्ग्रहलाई हेर्दा उनी आगामी दिनमा एक सफल गजलकारका रूपमा देखापर्ने छन् भन्ने अनुमान गर्न सकिन्छ । समालोचक दधिराम सुवेदी भन्नुहुन्छ – एक शताब्दीभन्दा केही समय बढी ओगटेको नेपाली गजल फाँटका कान्छा कवि राजेश्वर रेग्मी क्रमागत रूपले कान्छा भए पनि उनमा देखापरेको सृजनशीलता र काव्यात्मक दृष्टिले धेरै पछि छन् जस्तो लाग्दैन ।

कृति: परिभाषा हराउँदा (गजलसङ्ग्रह)

लेखक: राजेश्वर रेग्मी

संस्करण: प्रथम (२०५५)

प्रकाशक: उन्नयन प्रकाशन

पेज: ६०+१०/ मूल्य: २५/-

राप्रप

उन्नत खेती र उद्योग व्यवसाय: सबैको संलग्नता

कृषि विकास र गरिबी निवारण: हाम्रो प्रतिवद्धता

कृषि विकास बैंकले किसान, व्यापारी, उद्यमीलाई ग्रामीण कृषि कर्जा, व्यापार कर्जा र बैंङ्किग सुविधाहरू प्रदान गर्दछ ।

हाम्रा प्रमुख प्राथमिकताका क्षेत्र विशेष गरी कृषि विकाससँग सम्बन्धित छन् । यसको लागि हामी सुलभ व्याजदरमा संस्थागत ऋणहरू उपलब्ध गराउँछौं । सरकारका कतिपय कार्यक्रमहरू कार्यान्वयन गर्ने जिम्मेवारी पनि बैंकलाई छ । देशको समष्टिगत विकास कार्यलाई अघि बढाउन कृषि विकास बैंकको कार्यहरूमा रचनात्मक ढङ्गले सहभागी होऔं ।

कृषि विकास बैंक

मुख्य कार्यालय: रामशाहपथ, काठमाडौं

फोन नं. : २६२८८५/२६२५९६

समीक्षा

'मन रोइरहेछ' माथि एक दृष्टि

गोकुलप्रसाद ढकाल

नेपाली साहित्यिक विधामध्येको सबैभन्दा पुरानो र ओजिलो विधा काव्यविधा हो, जसमा शब्दको प्रयोग विहेमा वेहुलीले पहिरेको बस्त्र झैं चिरिच्याट्ट मिलेको, भाव टेथिस सागर झैं गहिरो अनि विचार सगरमाथा झैं उच्च हुनुपर्छ । काव्य लेकमा फलेको पुष्ट सुन्तलाको दाना झैं रसले परिपूर्ण भएको हुनुपर्छ । रस विनाको काव्य उसिनेको गहुँजस्तै खल्लो अनुभव हुन्छ । नेपाली काव्य क्षितिजमा अनेकौं धुवतारा उदाए र उदाउँदै पनि छन् । काव्यलाई गोडमेल र मलजल गरी उर्वर पार्नु आजभोलिका नवप्रतिभाको कर्तव्य हो । त्यस्तै यहाँ काव्यलाई मलजल र गोडमेल गरी उर्वर पार्न तरखराएका नवप्रतिभा कवि हुन् काशीराम विरश (२०३३ चैत्र) । उहाँका लोकपत्र, लालीगुराँस, रसरंग, प्रगति, नवयुवा, प्रवाह हवाई त्रैमासिक, रविवार साप्ताहिक, नवकविता, फू-मन्तर जस्ता पत्रपत्रिकामा प्रकाशित कविता समेत सङ्गृहित 'मन रोइरहेछ' कविता सङ्ग्रह पहिलो काव्यकृति हो ।

उहाँको यस 'मन रोइरहेछ' कविता सङ्ग्रहका कवितामा देशभक्ति भावना गुञ्जिएको, गाउँ-गाउँ र कुना-कन्दरामा विद्यमान नेपाली सभ्यता दिनानुदिन खस्किएको देख्दा चिन्ताले मुछिएको, जहानिया राणा शासनको मुट्ठीबाट अनेकौं संघर्ष गरेर जन्म लिएको प्रजातन्त्र प्रति आजभोलिका नेता र जनताले खासै चासो नदेखाएको देख्दा मुर्छित भएको, देशको भलाइ र विकासको मूल फुटाउने आवाज बुलन्द गर्न ओठहरू तयार भएको, शहरी क्षेत्रमा भएको फोहोर मैला, सांसदले जनताप्रति देखाएको नकारात्मक भावना, सरकारको सही दिशा तय हुन नसकेको अवस्थाप्रति व्यङ्ग्य पस्किएको, देशको माटो नचिनेका आलाकाँचा ठेट्ना नेपालीलाई आफ्नो औकात र जेथा अनुसार योजना निर्धारण गर्न सुझाब दिएको, अनीति विरुद्ध साहसी पाइलाहरू अघि सार्ने जोसिलो भावना प्रदान गरेको, जागिर पाउनको लागि हाकिम र जी.एम.हरूको पाउ मल्नुपर्ने दुरावस्थाप्रति झटारो हानेको अनि सत्य पथ औंल्याएर हिंड्ने व्यक्तिलाई बाटोमा जति नै बार तेर्सिए पनि पन्छाएर लक्ष्यमा पुग्न सफल हुन्छ भन्ने साहस उहाँका कवितामा पाइन्छ । उहाँ भन्नुहुन्छ :-

कति मात्र सहने हो परजीविका मारहरू ?
उठ, व्यूँझ अब सबै, भाले झिसमिसेमै बासिसक्यो ! (पृ. ३७)

त्यस्तै नेपाली सभ्यता र पोशाक अब गाउँको कुना-कुनाबाट पनि मरेको बाखालाई उपियाँले छोडेझैं दिनानुदिन खस्किदै छ भनेर उहाँ पिरोलिनु भएको छ । गाउँमा सामान्य चोली फरिया, ढाका, टोपी, दौरा, सुरुवाल लगाएर बाआमा भन्ने नेपाली दाजुभाइ, दिदी बहिनीहरू विदेशी सभ्यता र पोशाकको ढोंगी व्यवहार गर्न थालीसके भनेर कवि भन्नुहुन्छ:

'साधारण गुन्यूँचोलीको पहिरनमा सुसज्जित हुने
मेरी सुन्तली पनि
आजको परिवेशमा आएर, शान्ता बनेर
म्याक्सी र जिन्स पाइन्ट सित पो !
मितेरी गाँस्न पुगेकी छे ।' (पृ. २४)

उहाँका कवितासङ्ग्रह अध्यन गर्दा उहाँका कविता युग सुहाउँदो, समयसापेक्ष, जन आह्वान गर्ने प्रकारको, तथ्यपूर्ण र ओजिलो भाव पाइन्छ । उहाँका 'मनभित्रका र हरहरू', 'कलमहरू', 'शहीद पुनः शहीद बन्न रुचाइरहेछन्', 'आजका युवाहरू', 'आह्वान', 'प्रबल इच्छाहरू', 'उठ व्यूँझ सबै', 'आस्थाका हातहरू' आदि कविताहरू जनआह्वान गर्दै देशप्रेमी भावना बोकेका छन् । उहाँका कवितामा कायरता होइन साहस, निराशा होइन आशा, हटेर होइन डटेर, राष्ट्रघाती होइन राष्ट्रवादी निरुत्साहित होइन उत्साहित र लत्रेर होइन उत्रेर देशको विकास, परिवर्तन, रक्षा अनि सुदृढ पार्नुपर्ने देशभक्ति भाव गुञ्जिएका छन् ।

'मन रोइरहेछ' कविता विरशको पहिलो काव्यकृति हो । यस सङ्ग्रहको अध्ययन र अनुशीलनबाट के स्पष्ट हुन्छ भने कविले सुन्दर आर्कषक शीर्षक चयन गरे पनि शीर्षक सार्थक भाव पोख्न नसकेको र शब्दको प्रयोग अलि होडे परे पनि शैली भने नवीनतम प्रदान गरेका छन् । कवि विरशको यस कविता सङ्ग्रहले नेपाली काव्य क्षेत्रमा अर्को एउटा थप उपलब्धी प्राप्त गरेको छ ।

कृति - मन रोइरहेछ (कवितासङ्ग्रह)
कवि - काशीराम विरश
संस्करण - प्रथम भाद्र २०५५
प्रकाशन - आकाश परिवार
मूल्य रु. - २५ / पृष्ठ - ६२

लघुकथा

फेरि एउटा अर्को मृगतृष्णा

– प्रमोद स्नेही

दिलबहादुर दशैं/तिहार सिद्धाएर फेरि काम गर्न लाहुर जाने तयारीमा लाग्यो । लाहुर पसेदेखि नै दिलबहादुरको घर व्यवहार राम्रोसँग चलेको थियो । छोराछोरीले स्कूल देख्न पाएका थिए । गाउँमा केही जग्गा जमीन जोडेर वर्षदिन हात मुख जोर्ने बन्दोबस्त पुगेको थियो । घर परिवारको सुखद् भविष्यको लागि नै आफ्नो गाउँघर छोडेर दिलबहादुर मुग्लान पसेको थियो । दिलबहादुर मुग्लान हिंड्ने बेलामा फूलमतीले लाडेपल्टिदै भनेकी थिई– हजुर सुन्नुस् है ! अब मुग्लानबाट घर आउँदा जसरी भए पनि सुनको तिलहरीमा हरियो पोते हालेर ल्याई दिनुहोला । कति भयो ल्याई दिन्छु, ल्याई दिन्छु भनेर ढाँटेको भन्नोस् त ? अब आउँदा त पक्कै ल्याइदिनु पर्छ । नत्र म रिसाउँछु बोल्दै बोल्दिनँ । फूलमतीको चाहनालाई अवश्य पूरा गर्ने वचन दिदै दिलबहादुर साथीहरूसँग मुग्लान हिंड्यो ।

समय बर्षौं बित्यो ।

गाउँका अन्य दिलबहादुरसँग लाहुर गएका रामबहादुर, हर्के, नरे एक्कासी आफ्नो आँगनमा देख्दा फूलमती आफ्नो पतिलाई खोज्दै रामबहादुरलाई सोधी– हैन रामबहादुर दाइ ! खै त उहाँ ? रामबहादुर ढुङ्गा झैं चूपचाप थियो । हर्के, नरे कसैले बोल्ने आँट गर्न सकेका थिएनन् । फूलमतीको प्रश्न प्रतिप्रश्नहरूले बल्ल बल्ल नरेको आबाज फुट्यो । उतै मुग्लानमा नै दिलबहादुरको मृत्यु भइसकेको कुरा एकै सासमा नरेले रुँदै फूलमतीलाई बतायो । फूलमती नरेको कुराले एकक्षण त स्तब्ध भई, टोलाई र खूब रोई कराई .....

रामबहादुरले आफूहरू आउँदा दिलबहादुरको कोठाको सामानहरू सबै एक-एक गरेर फूलमतीलाई बुझायो ।

नरेले टिनको बाकस खोल्यो र एउटा पोको फूलमतीको हातमा दियो ।

फूलमतीले पोको फुकाएर हेरी र डाको छोडेर झनै रुन थाली । यतिबेलासम्ममा आँगनमा थुप्रै मानिसहरू जम्मा भइसकेका थिए । फूलमतीलाई सबैले सम्झाए । आफूले फुकाएको पोको हेर्दै फूलमती झन् झन् चिच्याउँदै दिलबहादुरलाई सम्झँदै रुँदै थिई । पोकोमा हरियो पोतेमा तिलहरी झुण्डिएको थियो ।

शायद दिलबहादुरले फूलमतीलाई फकाउन अर्थात् फूलमतीको वर्षौंको इच्छा पूरा गर्न त्यो हरियो पोतेमा सजिएको तिलहरी किनेको थियो ।

के अब फूलमतीले दिलबहादुरको कोसेली स्वीकार गर्न सक्छे ? फूलमतीका इच्छाहरू दिलबहादुरलाई जलाएको धुँवासँगै उडे । यतिखेर फूलमती मृगतृष्णा बोकेर उभिइरहेकी छ । हातमा हरियो पोतेमा झुण्डिएको तिलहरी लिंदै, टोलाउँदै ।

-पुतली सडक

श्री ५ महाराजाधिराज सरकारको ५५ औं शुभ-जन्मोत्सवको सुखद् उपलक्ष्यमा मौसूफको गाथमा सुस्वास्थ्य, समृद्धि तथा दीर्घायूको लागि श्रीपरमेश्वरसँग प्रार्थना गर्दछौं ।

ग्रामीण खानेपानी तथा सरसफाई कोष विकास समिति

प्रधान कार्यालय: पानीपोखरी, लाजिम्पाट काठमाडौं

टेलिफोन: ४१०७६१, ४१४५२९

फ्याक्स: ४१०७६१

E-mail : Pani@Khaskoshmos.m.np.